# मोदनाथ मरहट्टाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र
सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत
एम.ए. दोस्रो वर्षको दसौं पत्रको
प्रयोजनको लागि
प्रस्तुत

## शोधपत्र


शोधार्थी
नरनाथ खनाल
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर काठमाडौं

२०६६


मोदनाथ मरहट्टाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन
नरनाथ खनाल

# मन्तव्य

'मोदनाथ मरहट्टाको जीवनी, व्यक्तित्व  र कृतित्वको अध्ययन' शीषर्कको प्रस्तुत शोधपत्र श्री नरनाथ खनालले मेरा निर्देशनमा निकै परिश्रमपूर्वक तयार पार्नुभएको हो । प्रस्तुत शोधकार्य प्रति म पूर्णतः सन्तुष्ट छु र यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

कृष्णप्रसाद आचार्य
शोध निर्देशक
प्रोक्टर, त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं

मितिः २०६६.............

# कृतज्ञताज्ञापन

प्रस्तुत ' मोदनाथ मरहट्टाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकको शोधपत्र नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसैाा पत्रको प्रयोजनको लागि मैले तयार पारेको हुा । शोधपत्रको विषय स्वीकृत गरी शोधकार्य गर्ने अवसर दिने त्रि.वि. नेपाली केन्द्रीय विभाग तथा लेखन समयमा आइपरेका विभिन्न समस्याहरू समाधान गर्न आफ्ना विविध कार्यव्यस्ततालाई पन्छाएर समुचित निर्देशन गर्नुहुने श्रद्धेय शोध निर्देशक गुरू कृष्णप्रसाद आचार्यज्यूप्रति सर्वप्रथम हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोधशीर्षक छनौटमा सहयोग गर्नुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख तथा श्रद्धेय गुरू प्रा. राजेन्द्र सुवेदीज्यू प्रति कृतज्ञता प्रकट गर्न चाहन्छु । शोध कार्यकै सन्दर्भमा यथासम्भव आवश्यक सामाग्री र महत्वपूर्ण जानकारी उपलब्ध गराउने शोधनायक मोदनाथ मरहट्टा, परिवारजन तथा अन्य सहयोगीहरूप्रति म पूर्णतः आभारी छु । आफ्नो अमूल्य श्रम पसिना खर्चिएर मलाई आर्शीवाद प्रदान गरी हौसला बढाइदिनुहुने आदरणीय आमा बोधकुमारी खनाल, दाजु डण्डपाणी खनाल र शोधपत्रलेखनमा सहयोग गर्ने भाइ ठाकुर खनालप्रति आभार प्रकट गर्नु मैले आफ्नो कर्तव्य ठानेको छु ।

शोध अध्ययनका क्रममा ठोस सुझाव र प्रेरणा दिनुहुने नरनाथ मरहट्टा, शोधकार्यका लागि सान्दर्भिक पुस्तक तथा पत्र पत्रिका उपलब्ध गराउने त्रि.वि. केन्द्रीय पुस्तकालय तथा शोधपत्र लेखनको वातावरण तयार पार्ने जानुका खनालको गुणलाई म बिर्सन सक्दिन । सावधानीपूर्वक शोधपत्रको क्म्प्युटर गरिदने नारायण कुवर प्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस शोधपत्रको आवश्यक मूल्याङ्कनको लागि त्रि.वि.वि केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्दछु ।


.........................................


शोधार्थी

नरनाथ खनाल

त्रिभुवन विश्वविद्यालय कीर्तिपुर

# विषयसूची

**शीर्षक** **पृष्ठ**

## पहिलो परिच्छेद

## शोध-परिचय


१-४

१.१ शोध शीर्षक १

१.२ शोध कार्यको प्रयोजन १

१.३ विषय परिचय १

१.४ समस्या कथन १

१.५ शोधका उद्देश्यहरू २

१.६ पूर्वकार्यको समीक्षा २

१.७ शोधको औचित्य ३

१.८ प्राक्कल्पना ३

१.९सीमाङ्कन ३

१.१० शोधविधि ४

१.११ शोधपत्रको रूपरेखा ४


## दोस्रो परिच्छेद

## मोदनाथ मरहट्टाको जीवनीको अध्ययन


२.१ जन्म र जन्मस्थान ५

२.२ पारिवारिक पृष्ठभूमि ५

२.३ बाल्यकाल र उपनयन संस्कार ६

 २.३.१ पहिलो घटना ७

 २.३.२ दोस्रो घटना ७

 २.३.३ तेस्रो घटना ७

 २.३.४ उपनयन संस्कार ८

२.४ शिक्षा-दीक्षा ८
२.५ विवाह र सन्तान ९
२.५.१ विवाह ९
२.५.२ सन्तान १०
२.६ व्यक्तिगत रूची तथा स्वभाव ११
२.७ आर्थिक अवस्था १२
२.८ कार्यक्षेत्र १३
२.८.१ शिक्षण कार्य १३
२.८.२ प्रशासकीय कार्य १४
२.८.३ सामाजिक कार्य १५
२.८.४ सम्पादन र प्रकाासन कार्य १६
२.९ राजनैतिक क्षेत्रमा संलग्नता १७
२.१० साहित्य लेखन १७
२.१०.१ लेखन आरम्भ र प्रथम प्रकाशित कृति १९
२.१०.२ प्रकाशित कृतिहरू २०
अ) पुस्तकाकार प्रकाशित कृतिहरू २०
आ) अन्य पुस्तक तथा पत्रपत्रिकामा प्रकाशित रचनाहरू २०
२.१०.३ अप्रकाशित तथा प्रकाशोन्मुख कृतिहरू २१
२.११ सम्मान तथा पुरस्कार २१
**तेस्रो परिच्छेद**
**मोदनाथ मरहट्टाको व्यक्तित्वको अध्ययन** **२३-३७**
३.१ व्यक्तित्व निर्माणका प्रमुख सन्दर्भहरू २३
३.२ व्यक्तित्वका प्रमुख विशेषताहरू २३

३.३ निजी व्यक्तित्व २४
३.३.१ बाह्य व्यक्तित्वः शारीरिक आकार, प्रकारका सन्दर्भमा २४
३.३.२ आन्तरिक व्यक्तित्वः शील-स्वभाव, आचरण र प्रवृत्तिका सन्दर्भमा २५
३.४ सार्वजनिक व्यक्तित्वः २७
३.४.१ साहित्येतर व्यक्तित्व २७
३.४.१.१ शिक्षक व्यक्तित्व २७
३.४.१.२ समाजसेवी व्यक्तित्व २९
३.४.१.३ राजनैतिक व्यक्तित्व ३०
३.४.१.४ सम्पादक व्यक्तित्व ३१
३.४.२ साहित्यिक व्यक्तित्व ३२
३.४.२.१ साहित्यिक स्रष्टा व्यक्तित्व ३३
३.४.२.१.१ कवि व्यक्तित्व ३३
३.४.२.१.२ खण्डकाव्यकार व्यक्तित्व ३४
३.४.२.२ साहित्यिक द्रष्टा व्यक्तित्व ३६
३.४.२.२.१ साहित्यिक पत्रकार/समालोचक/ समीक्षक व्यक्तित्व ३६
३.४.२.२.२ साहित्यिक आन्दोलक व्यक्तित्व ३७

**चौथो परिच्छेद**

**मोदनाथ मरहट्टाका कृतित्वको अध्ययन**

**३८-१२०**

४.१ कविता ३८
४.१.१ नेपाली कविता परम्परा ३९
४.१.१.१ प्राथमिक काल (वि.सं. १८२६-१९४०) ४०
४.१.१.२ माध्यमिक काल (वि.सं. १९४१-१९७४) ४०
४.१.१.३ आधुनिक काल (वि.सं. १९७५-हालसम्म) ४१
४.१.२ नेपाली कविता परम्परामा मोदनाथ मरहट्टा ४१

४.१.३ मोदनाथ मरहट्टाको काव्य कारिता ४२
४.१.४ मोदनाथ मरहट्टाको साहित्यिक यात्राको चरण विभाजन ४३
४.२. मोदनाथ मरहट्टाको कविता संग्रहको अध्ययन ४४
४.२.१ फुटकर कविताको परिचय ४५
१ बलेकी आमा ४५
२ देश खोतल्दा ४६
३ क्रान्ति ४७
४ सिङ्गो देश मेष बिखु ४८
५ म र बन्द कोठा ४९
६ दुई गीत ५०
७ बिउाझने याम आयो ५१
८ रचना ५२
९ कर्तव्यबोध ५३
१० पक्कै उदाउन्न र ? ५४
११ हरिमाया ५५
१२ नयाा प्रयोगशालाबाट ५६
१३ माया ५६
१४ बेथान तम्तयारीमा ५७
१५ मृत्यु संस्कार, समाज ५९
१६ पाइलाहरू शिखरतिर उकासिंदै गर्दा ६०
१७ म युद्ध बनेर आउादै छु ६२
१८ प्रजातन्त्र ६३
१९ यो वर्षको कविता ६४
२० को रोक्दछ ? ६५
२१ हाम्रो गाउा र साहुकान्छो ६६

२२  म लेख्छु कान्तिको  गीत ६७
२३  किनकी तिमीलाई महाभियोग लागिसकेको छ ६९
२४ पल्लो गाउा भिन्दै  भएको छ ७०
२५ मैले निम्तो ग्रहण गरें ७१
२६रातो घाम कति दिन कैद हुन सक्छ ? ७२
२७ म बूढो पाले दाइ ७३
२८  भूगोलमा कोरिएका चित्र ७३
२९ मेरा दाइ, म र मान्छेहरू ७४
४.२.२ कविता विधाको कोणबाट ‘पाइलाहरू शिखरतिर उकासिदै गर्दा’ कविता संग्रहको अध्ययन ७५
४.२.१ शीर्षक र संरचना ७५
४.२.२ विषयवस्तु ७६
१ निरङ्कुशताको उद्घाटन ७६
२ गरिबी ७७
३ स्वतन्त्रता र समानता ७८
४ क्रान्ति र विद्रोह ७८
५ विश्वमानवतावाद ७९
६ सामाजिक विसङ्गति ८०
७ नारीमुक्ति ८०
४.२.२.३ भाव विधान ८१
४.२.२.४ लय विधान ८१
४.२.२.५ छन्द विधान ८२
४.२.२.६ बिम्ब / प्रतीक/ अलङ्कार विधान ८३
४.२.२.७ भाषाशैली ८६
४.२.२.८ निष्कर्ष ८८

४.३. मोदनाथ मरहट्टाको खण्डकाव्यको अध्ययन ८८
४.३.१ खण्डकाव्य ८८
४.३.१ खण्डकाव्यको परिभाषा ८९
४.३.३ खण्डकाव्यका तत्वहरू ९०
४.३.४ नेपाली खण्डकाव्यको विकास प्रक्रिया ९०
४.३.५ नेपाली खण्डकाव्य परम्परामा मोदनाथ मरहट्टा ९०
४.३.६ कवि परिचय ९१
४.४ मोदनाथ मरहट्टाको खण्डकाव्य उज्यालो जन्मनु अघिको अध्ययन ९२
४.४.१ शीर्षक र संरचना ९३
४.४.२ विषयवस्तु ९३
१ निरङ्कुशताको उद्घाटन ९४
२ गरिबी ९५
३ युगीन यथार्थको प्रस्तुति ९६
४ सामाजिक विसङ्गति ९७
५ असमानता ९८
६ नारीप्रति सम्मान ९९
७ राष्ट्रियता र प्रकृतिप्रेम ९९
८ मानवता १००
९ क्रान्तिकारिता १००
१० नारी उत्पीडन १०१
४.५.कथानक १०२
४.५.४ पात्रहरू १०३
४.५.२ भावविधान १०४
४.५.३ संरचना विधान १०७
४.५.४ लय विधान १०८

४.५.५ छन्द विधान १०९
४.५.६ बिम्ब/प्रतीक/अलङ्कार योजना ११०
४.५.७ भाषा शैली १११
४.५.८ वातावरण ११२
४.५.९ उद्देश्य ११२
४.५.१० निष्कर्ष ११३

**पाचौा परिच्छेद**

**मूल्याङ्कन र निष्कर्ष**

**११५-११९**
५.१ मूल्याङ्कन ११५
५.२ निष्कर्ष ११९
**सन्दर्भ ग्रन्थसूची**

**यस शोधकर्ताले निम्न प्रश्नमा लिएको लिखित वार्तामा शोधनायकको हस्ताक्षरित उत्तरसहितको फोटो पछिल्लो पृष्ठमा-**

१. तपाईको जन्म कहिले र कहाा भएको हो?

२.तपाईको साहित्यमा लाग्ने प्रमुख प्रेरणा श्रोत के हो?

३. वर्तमान नेपाली साहित्यका बारेमा तपाईको धारणा के छ ?

# स्वीकृतिपत्र

१. प्रा.डा. शुष्मा आचार्य ................................

बाह्य परीक्षक

२. प्रा. राजेन्द्र सुवेदी ..................................

विभागीय प्रमुख

३. उप. प्रा. कृष्णप्रसाद आचार्य ......................................

शोध निर्देशक

शोधपत्र मूल्याङ्कन समिति

२०६६/०४/४

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक 'मोदनाथ मरहट्टाको  जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनको लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

मोदनाथ मरहट्टा (वि.सं.२०१२) लेखक, समीक्षक, सम्पादक शिक्षक हुनाका साथै नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । मरहट्टाले नेपाली साहित्यका क्षेत्रमा कविता, कथा, निबन्ध आदि विधामा कलम चलाएका छन् । कविजीवनका आफ्ना सुख-दुःखका पाटाहरू, जीवन सङ्घर्ष, साहित्यिक संङ्घर्ष र अनुभव तथा उनले दिएका साहित्यिक योगदानका बारेमा लेख्न यो शोधपत्र तयार पारिएिको हो । गोरखा हर्मी-६मा जन्मिएका र रत्ननगर नगरपालिका-३ शान्तिचोक, चितवनमा अहिले बसोबास गर्दै आएका मरहट्टा साहित्य सेवामा अनवरत सक्रिय छन् ।

## १.४ समस्या कथन

नेपाली वाङ्मयको श्रीवृद्धिमा समर्पित साहित्यकारहरूको जीवनी , व्यक्तित्व र कृतित्वको अध्ययन,  विश्लेषण निरन्तर रूपमा चल्दै आएको विषय हो । तापनि नेपाली साहित्यको मन्दिरमा इँटा थपेर पनि देशको आर्थिक राजनैतिक, भौगोलिक विकटता विषमताका कारण ओभ्ज़ेलमा परेका तथा काव्य सर्जकको  राष्ट्रिय मूलधारमा परिचित र प्रविष्ट हुन नसकेका कयौं सर्जकहरू साहित्यिक इतिहासका गर्भमा अझै छन् ।  यसै प्रसंङ्गमा गोरखा हर्मीमा जन्मेर साहित्य यात्रामा निरन्तर सक्रिय मोदनाथ मरहट्टाको

जीवनी व्यक्तित्व र कृतित्वको उजागर गर्नु, थप साहित्यिक यात्राको सम्भावनामा अनवरत जुट्न उत्प्रेरणा प्रदान गर्नु तथा पत्रपत्रिका र संघ संस्थामा उनले पुऱ्याएको योगदानको विवेचना गर्नु शोधपत्रको मूल समस्या रहेको छ । मोदनाथ मरहट्टाको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा आजसम्म कसैले गहन अध्ययन गरेका छैनन् । अतः यस शोधपत्रमा मूल समस्याभित्रका निम्नलिखित समस्यामा केन्द्रीत रही समाधान गर्ने प्रयास गरिएको छ ।

१. मोदनाथ मरहट्टाको जीवनी के कस्तो छ ?

२.. मोदनाथ मरहट्टाको व्यक्तित्व के कस्तो छ ?

३. . मोदनाथ मरहट्टाको काव्य कृति के कस्ता छन् ?

माथि उल्लिखित समस्याहरूमा रहेर स्पष्ट र व्यवस्थित विश्लेषणका लागि प्रस्तुत शोधकार्य गरिएको हो ।

**५. शोधका उद्देश्यहरू**

'मोदनाथ मरहट्टाको 'जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षक प्रस्तुत शोधपत्रको उद्देश्यहरू निम्न रहेका छन् -

क) . मोदनाथ मरहट्टाको जीवनीबारे निरूपण गर्नु ।

ख). मोदनाथ मरहट्टाको व्यक्तित्वका पाटाहरू सर्वेक्षण गर्नु ।

ग) . मोदनाथ मरहट्टाका कृतित्वको विश्लेषण र मूल्याङ्कन गर्नु ।

**६. पूर्वकार्यको समीक्षा**

नेपाली साहित्य भण्डार बृद्धिमा आफ्नो जीवनको मुख्य समय समर्पण गरिरहेका . मोदनाथ मरहट्टाको योगदानको खोज अनुसन्धान आजसम्म भएको पाइएको छैन । नेपाली वाङ्मयका सर्जक-समीक्षकहरूले आफ्नो सानातिना लेख रचनामा बाहेक साहित्यका प्रेमी पारखीले व्यक्तिकेन्द्री छुट्टै व्यापक अध्ययन विश्लेषण गर्न पक्कै पनि सम्भव भएन ।

'प्रगतिशील साहित्यमा गोरखाको योगदान' शोधपत्रमा शोधार्थीले मरहट्टाको पूर्ववर्ती सानो परिचय उल्लेख गरेपनि नेपाली साहित्यमा उनको बहुआयमिक व्यक्तित्व र

साहित्यिक पूर्वापर सम्बन्ध चर्चा विश्लेषण गर्न सम्भव नहुँदा सङ्केत मात्र पाइन्छ । नेपाली साहित्यको विकासमा उनका काव्यको स्थान र लोकप्रियता, राष्ट्रिय-क्षेत्रीय प्रभाव, जीवनशैली, सामाजिक-आर्थिक-नैतिक पक्षमा पारेको प्रभाव जान्न चाहने अध्येताहरूलाई सहयोग पुग्न सकोस् भन्ने आशयले यो शोधकार्य गरिएको हो ।

**७.शोधको औचित्य**

जनताका पक्षमा आवाज उठाउँदै आफ्ना धारिला कलम चलाउने मरहट्टाका काव्यमूल क्षेत्रीय सेरोफेरोमै सीमित छ । प्राज्ञिक एवं अनुसन्धानात्मक दृष्टिले निजका बारेमा विस्तृत जानकारी लिन चाहने साहित्यिक अध्यताका निम्ति र तुलनात्मक अध्ययन गर्न चाहनेका लागि समेत यस शोधकार्यले महत्वपूर्ण योगदान पुऱ्याउने हुँदा यस शोधपत्रको महत्व र औचित्य स्पष्ट देखिन्छ । यस शोधपत्रबाट नेपाली साहित्यको विकासमा मरहट्टाको योगदानको मूल्याङ्कन गरी स्थान निर्धारण समेत हुनेछ । नेपाली साहित्यको इतिहास लेखनको क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले सम्बन्धित सबैलाई ठूलो टेवा पुऱ्याउने छ ।

**८ प्राक्कल्पना**

यस शोधपत्रमा नेपाली साहित्यको विकासमा मोदनाथ मरहट्टाको साहित्यिक योगदानको मूल्याङ्कन गरिएको छ ।

**९ सीमाङ्कन**

नेपाली वाङ्मयका साधक एवं गोरखाका प्रगतिशील साहित्यिक व्यक्तित्व मरहट्टाको काव्य प्रवृत्तिलाई खोजको विषय बनाइएको छ । मरहट्टाको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा खोज अनुसन्धान गरी उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ । उनको साहित्यिक योगदानको स्थान निर्धारणमै यो शोधपत्र सीमित रहेको छ ।

**१० शोध विधि**

प्रस्तुत शोधपत्र खोजअनुसन्धानका आधारमा गरिएकोले स्थलगत भ्रमण सामाग्री सङ्कलनको प्रमुख विधि भएको छ ।

क) साहित्यकारको पहिचान, प्रत्यक्ष भेटघाट र अन्तरसम्वाद ।

ख) मरहट्टाको कृतिहरूको सङ्कलन, त्यस क्षेत्रका अन्य साहित्यकार जानकार र समीक्षकहरूसँग सम्पर्क गरी सूचना लिइएको छ ।

ग) आवश्यकता अनुसार पुस्तकालय, पुस्तक पसल, सङ्घ-संस्था आदिसँग पनि सहयोग लिइएको छ ।

घ) प्रश्नावली अन्तरवार्ता आदिबाट समेत स्रोत सङकलन गरिएको छ ।

ङ) सङ्कलित सामाग्रीलाई ऐतिहासिक वर्णनात्मक र तुलनात्मक आधारमा विश्लेषण गरी साहित्यिक आन्दोलनको ऐतिहासिक दस्तावेज समेतका रूपमा प्रयोग गरिएको छ ।

**११ शोधपत्रको रूपरेखा**

प्रस्तुत शोधपत्र निम्न परिच्छेदहरूमा वर्गीकरण गरी अध्ययन गरिएको छ ।

| | |
|---|---|
| पहिलो परिच्छेद | शोध परिचय |
| दोस्रो परिच्छेद | मोदनाथ मरहट्टाको जीवनी |
| तेस्रो परिच्छेद | मोदनाथ मरहट्टाको व्यक्तित्व |
| चौथो परिच्छेद | मोदनाथ मरहट्टाको कृतित्व |
| पाचौँ परिच्छेद | मूल्याङ्कन तथा निष्कर्ष |

उपर्युक्त पाँचै परिच्छेदलाई आवश्यकता अनुसार विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरी जीवनी, व्यक्तित्व र कृतित्वका विविध पाटाहरूलाई विश्लेषणात्मक अध्ययनका साथ विधागत प्राप्ति र नेपाली साहित्य परम्परामा स्थान निर्धारण समेत गरिएको छ ।

# दोस्रो परिच्छेद

## मोदनाथ मरहट्टाको जीवनीको अध्ययन

### २.१ जन्म र जन्मस्थान

मोदनाथ मरहट्टाको जन्म वि.सं.२०१२ साल श्रावण २ गते गण्डकी अञ्चल गोरखा जिल्ला हर्मी गा.वि.स. वडा नं. ६मा एउटा सामान्य किसान परिवारमा भएको हो ।

[१] उनका पिताको नाम पद्मनिधि मरहट्टा र आमाको नाम सुभद्रा हो । उनी मातापिताका माहिला छोराका रूपमा जन्मिएका हुन् ।

### २.२ पारिवारिक पृष्ठमूमि

मरहट्टाका पूर्वज भारत महाराष्ट्रका आदिवासी हुन् ।[२] १६ औं शताब्दीमा पश्चिम नाकाहुँदै नेपाल पसेका उनका पूर्वजहरूको एउटा हाँगो लमजुङ्ग-तनँहु-दार्मीचौर हुँदै हर्मी पुगेका हुन् ।[३] महाराष्ट्रबाट नेपाल आएका हुँदा अपभ्रंश हुँदै उनीहरूको थर मरहट्टा हुन गएको हो मरहट्टावंश सनातन हिन्दू धर्म संस्कृतिका अनुयायी परासर ऋषिका सन्तति हुन् । मरहट्टाका बा पद्मनिधि र आमाको नाम सुभद्रा हो र पद्मनिधि हर्मीका सरल, मिजासिला सामान्य किसान हुन् । मरहट्टाको हजुरबुबा श्रीनाथ मरहट्टा यजमानी गर्थे।[४] तत्कालीन समसामयिक शिक्षा र पेसा श्रीनाथले अँगालेका थिए । मरहट्टाकी माता सुभद्रा शान्त, मृदृभाषी र धैर्यशील नारी थिइन् , पिताको कर्मठ प्रवृत्ति र शास्त्रचर्चा तथा माताको 'कालअक्षर भैसी वरावर' भएरपनि लोकछन्दमा सुख दुःखका कुराहरू सुमधुर स्वरमा गाएर सबैलाई मन्त्रमुग्ध पार्ने कलाले मरहट्टाको पारिवारिक

---

[१] शोधनायकबाट प्राप्त जानकारी

[२] ऐजन

[३] ऐजन

[४] ऐजन

परिवेश कवितामय थियो ।[५] पिता पद्मनिधिले रसिलो स्वरमा वार्णिक छन्दका कविता भट्याउँदा मोदनाथ मन्त्रमुग्ध भएर सुनिरहन्थे ।[६]

यसरी समसामयिक शिक्षा आर्जन गरेका प्रतिष्ठित कर्मकाण्डी हजुरबुवा तथा मीठो लयमा वार्णिक कविता भट्याउने पिता पद्मनिधि र निरक्षरा भएर पनि लोकछन्दमा सुख दु:खका कर्णप्रिय कविता, सिलोक सुनाएर लट्ठ पारिदिने सरल मृदुभाषी आमाबाट मरहट्टाको स्वाभाव संस्कार र आन्तरिक प्रकृतिको निर्माण भएको पाइन्छ ।

## २.३ बाल्यकाल र उपनयन संस्कार

मोदनाथ मरहट्टाको लगभग १४ वर्षसम्मको बालककाल मातापिताको सक्षम संरक्षण र संवर्धनमा सामान्य ग्रामीण परिवेशमा व्यतीत भएको हो । सरल परिवारमा हुर्किएर पनि मोदनाथ ज्यादै चञ्चल र केही उद्दण्ड थिए । आफ्नै दाजु, भाइ र छिमेकका समवयस्कसँग खेल्न रूचाउँथे ।[७] अनि आफ्ना विचार र नयाँ मूल्य स्थापित गर्न चाहन्थे । सात वर्षको उमेरमा ममतामयी हजुरआमा बितेपछि उनको जीवनमा वितृष्णा पैदा भयो । यसै घटनाले उनलाई मानसिक पीडा समेत हुन थाल्यो ।[८] उनलाई मुत्यु रोकेर रोक्न नसकिने चेतना भई मानव संस्कार र रीतिप्रति अविश्वास पैदा भयो । भावी जीवनलाई प्रभाव पार्ने उनका बाल्यकालका केही स्मृति र घटनाक्रमहरू पनि रहेका छन् ।

---

[५] नरनाथ मरहट्टाबाट प्राप्त जानकारी

[६] शोधनायकबाट प्राप्त जानकारी

[७] नरनाथ मरहट्टा प्राप्त जानकारी

[८] शोधनायकबाट प्राप्त जानकारी

## २.३.१ पहिलो घटना

पिता पद्मनिधिबाट सामान्य साक्षरता प्राप्त गरेका मरहट्टा महेद्रलीला मा.वि.मा दोस्रो कक्षामा पहिलो पटक औपचारिक शिक्षाको लागि प्रवेश पाएका हुन् । मरहट्टाको पठन कौशलबाट प्रभावित भएका विद्वान्गुरू टिकादत्त घिमिरेले कक्षोन्नति गरी तेस्रो कक्षामा प्रवेश गराएका थिए । पढ्ने लेख्ने क्रममा आवाल ब्रह्माचारी षडानन्दको पाठसंग सम्बन्धित 'षडानन्द' लेख्दा 'ड' उल्टो लेखेपछि विद्यालयका गुरूले २ कक्षामै झारिदिएको तथा त्यो पीडावोधले अहिले सम्म मर्माहत बनाएको घटनाको रूपमा रहेको पाइन्छ ।[९]

## २.३.२ दोस्रो घटना

मरहट्टा ९वर्ष लागेपछि कान्छो भाइ र उनलाई थाङ्ने ज्वरोले ग्रस्त बनायो ।[१०] त्यसवेला थाङ्ने ज्वरोले थलिएपछि उपचारको अभावमा ज्यानै जाने जोखिम थियो । मरहट्टाकी आमा रूँदै रूँदै गाउँ डुल्नभयो, सितला (विफर) को खोपबाट ज्वरो केही कम भयो । देवी भाकेर बाखाको पाठी काटी पूजा पनि गरियो । मरहट्टा र उनका भाइलाई मासु खान घरायसी प्रतिबन्ध लगाइयो । खोपामा राखेको मासुको भाँडोबाट उनले दुई चौटा मासु चोरेर खाइ मृत्युको मुखमा फेरि आफूलाई धकेले । यसरी मरहट्टा वाल्यकालदेखिनै चञ्चले र विराधी स्वभावका देखिए ।[११]

## २.३.३ तेस्रो घटना

दाजुको पछिपछि लागेर उनीपनि पढ्नको लागि गाउँको विद्यायल जान्थे । बाटामा पानी खान खोल्सीको कुवामा जाँदा अचानक कुवामा खसेछन् । ग्रामीण महिलाले तत्काल

---

[९] ऐजन

[१०] ऐजन

[११] शोधनायकबाट प्राप्त जानकारी

देखेर निकालिदिएकाले उनी संकटमुक्त भए । आत्तिएर उनले कुवामै दिशापिसाव समेत गरिदिएछन् । यस घटनाले उनको जीवनमा नयाँ मोड ल्याइदियो।[१२]

### २.३.४ उपनयन संस्कार

मरहट्टाको उपनयन संस्कार पुरानो गाउँघरको रीतिस्थिति र वैदिक विधि विधान अनुसार सातवर्षको उमेरमा सामान्य किसिमले गरिएको थियो ।[१३] गोरखा वगुवाको भट्टराई परिवार उनको मामाघर हो । उनका गायत्री गुरू साधारण किसान पित्ताम्वर मरहट्टा हुन् । उपनयनमा बुकुवा घसेको र गायत्री मन्त्रपछि भोकले लखतरान भै रन्थनिएको स्मृति उनको मानसपटलमा जीवितै छन् ।[१४]

## २.४ शिक्षा-दीक्षा

बालबालिकाको शिक्षादीक्षामा घरपरिवारको भूमिका महत्वूर्ण हुन्छ । शिक्षित पिताको कुशल छत्रछायाँमा हुर्केका मरहट्टाले कलिलै उमेरमा आफ्ना पिताबाट अक्षरारम्भ गरेका हुन् ।[१५] टंकनाथ घिमिरे तथा टिकादत्त घिमिरे पनि उनका शैक्षिक प्रेरणाका स्रोत हुन् । पिताको रामायण माहाभारत आदिको कथा कहानी उनले श्रवण गरेका थिए । यसैको फलस्वरूप ज्ञानगुनका कुरा, आदर्शको कुराको छाप उनमा पऱ्यो ।[१६]मरहट्टा सानै देखि चञ्चल चनाखा र जिज्ञासु थिए । उनमा स्मरणशक्ति प्रवल थियो । उनमा श्रुतिज्ञान र विद्रोही स्वभाव प्रचुर थियो ।[१७]

---

[१२] ऐजन

[१३] नरनाथ मरहट्टाबाट प्राप्त जानकारी

[१४] शोधनायक बाट प्राप्त जानकारी

[१५] ऐजन

[१६] नरनाथ मरहट्टाबाट प्राप्त जानकारी

[१७] ऐजन

पिताबाट कलिलो उमेरमै साक्षरता प्राप्त गरेका मरहट्टा औपचारिक शिक्षाको लागि सुरूमै दोस्रो कक्षामा प्रवेश गरेका हुन् । स्थानीय महन्द्रलील मा.वि.  उनको पहिलो औपचारिक विद्यालय हो ।[१८] प्रतिभाशाली भएकै कारण उनले एक कक्षामा पढ्न परेन । २०२८ सालको आठौं कक्षाको परीक्षा उनले यसै विद्यालयबाट दिए र उत्तीर्ण पनि गरे । त्यसपछि नवौं कक्षा अध्ययनको क्रममा उनी अमरज्योति जनता मा.वि., लुइटेल पुगे, त्यसै वर्ष श्रावणबाट उनलाई औलोले सतायो र पढाइमा अनियमितता सुरू भयो । परीक्षा नदिइ पढाइलाई बीचमै छाडेर बसे । अर्को वर्ष १० कक्षामा भर्ना हुन छोप्राक पुगे । केही दिन त्यहाँ पढेपछि उनलाई विद्यालयको कडा अनुशासन मन परेन । अनि आफ्नो पठन पाठनलाई लत्याएर काठमाण्डौं पसे ।[१९]

२०३४ सालमा जागिरे क्रममा बुटवल बस्दा उनका सहृदयी दाजु नरनाथ मरहट्टा उनलाई भेट्न गए । आफ्ना दाजुको गम्भीर शैक्षिक प्रेरणाले उनमा शिक्षा प्रतिको चासो बढ्यो । जतिवेला उनका दाजु B.Ed पढ्दै थिए । दाजुबाटै हौसला पाएर मरहट्टाले प्राइभेट टेष्ट दिन फारम भरे र परीक्षा दिए।[२०]  २०३४ सालको प्राईभेट टेष्ट मा जिल्ला प्रथम भएपछि उनमा उत्साहको सीमा रहेन । पछि S .L.C दिइ उर्त्तीण पनि गरे । पढाइलाई निरन्तरता दिने क्रममा आइ.ए. सम्म अध्ययन गरे तर उपाधि प्राप्त गर्न सकेनन् ।[२१]

## २.५ विवाह र सन्तान

### २.५.१ विवाह

मोदनाथ मरहट्टा ग्रामीण निम्न वर्गीय परिवारमा जन्मेका हुन् । ग्रमीण परिवेशमा जन्मेहुर्केका भएपनि वालविवाह प्रति उनको परिवार सचेत देखिन्छ । उनको विवाह बाबु

---

[१८] शोधनायकबाट प्राप्त जानकारी

[१९] ऐजन

[२०] नरनाथ मरहट्टाबाट प्राप्त जानकारी

आमाको करकाप वा अरू कसैको वहकाउमा नभइ आफूले पहिले नै देखेभेट र सामन्य चिनजान भएकी महिलासँग भएको थियो । विवाहको लागि प्रस्ताव आउँदा भने उनलाई आफूले चिनेजानेकै केटी हुन् भन्ने ज्ञान भएन, पछि मात्र थाहा भयो ।[२२] २०३६ साल फाल्गुण १२ गते १६ वर्षकी राधा अर्यालसँग २४ वर्षको उमेरमा उनको विवाह सम्पन्न भयो ।[२३] २०३४ सालमै नेपाल कम्युनिष्ट पार्टीको सदस्य भैसकेका उनले प्रगतिशील विवाहको लागि कन्यापक्षसँग प्रस्ताव राख्दा स्वीकार भएकाले ६०० रूपैया खर्च गरी सामान्य किसिमबाट मन्दिरमा विवाह कार्यक्रम सम्पादन गरिएको थियो । एकसरो लाउन र एकपेट खान मात्र पुग्ने निम्न स्तरको परिवारको सदस्यको नाताले उनले निरक्षरा राधा अर्याललाई जीवन संगिनी रोजेका थिए ।[२४]

### २.५.२ सन्तान

मोदनाथ मरहट्टाका तीन सन्तान छन् । उनकी जेठी छोरी सरिता र त्यस पछि क्रमश : सन्ध्या र समिधा मरहट्टा हुन् ।[२५] तीन छोरीका बाबु मरहट्टा समाज र सन्तानमा भेदभाव देख्न नचाहने आर्दश नवचिन्तक हुन् । उनका छोरीहरू उच्च शिक्षा अध्ययन र पेशामा समेत संलग्न छन् । जेठी छोरी सरिता वैवाहिक सम्बन्ध कायम गरी B.Ed उत्तीर्ण गरी काठमाण्डौंमा व्यापार गरेकी छिन् । सन्ध्या काठमाण्डौंमै B.com सकेर बसेकी छन् अनि कान्छी छोरी समिधा काठमाण्डौंकै त्रिचन्द्र कलेजमा वि.एस्.सी. अध्ययनरत छिन् ।[२६]

---

[२१] शोधनायकबाट प्राप्त जानकारी

[२२] ऐजन

[२३] राधा मरहट्टाबाट प्राप्त जानकारी

[२४] शोधनायकबाट प्राप्त जानकारी

[२५] राधा मरहट्टाबाट प्राप्त जानकारी

[२६] ऐजन

## २.६ व्यक्तिगत रूचि तथा स्वभाव

हरेक मानिसको प्रकृति तथा स्वभाव भिन्न भिन्न हुन्छ। व्यक्तिगत प्रकृति र स्वभावले व्यावहारिक क्रियाकलाप र आचरणलाई प्रभाव पारेको हुन्छ । मृदुभाषी, मिलनसार, जाँगरिला र पत्यारिला मरहट्टा मध्यम शारीरिक आकृतिका देखिन्छन् । सर्ट पाइन्ट लगाएर नेपाली ढाकाटोपीमा सजिन उनलाई ज्यादै मनपर्छ। उनी मिठो नमिठोको सन्दर्भ कहिल्यै उठाउँदैनन् आफ्नो परिवारका साथमा जे जस्तो मिठो मसिनो बन्छ त्यसमा उनी सन्तोषी छन् ।[२७]

खाद्य परिकारमा उनलाई रायोको साग अत्यधिक मनपर्छ ।[२८] उनलाई लेखनमा एकान्तको बास तर पत्नीको साथ चाहिन्छ, खेलकुद उनको मनपर्ने मनोरञ्जनको साधन हो । उनको योग र पत्रपत्रिको पठन तथा नयाँ ठाउँ भ्रमण रूचिको विषय क्षेत्र हो ।[२९] प्राय : हरेक साहित्यिक सभा-सम्मेलन मा अत्यधिक सहभागिता साथै अधिकांश समय पढाइ लेखाइ र साहित्यिक चर्चामा उनी रूचि लिन्छन् । मित्रता सद्भाव र भाइचारा उनको अर्को विशेषता हो ।[३०]

वेलावखत धुम्रपानको आदत पनि मरहट्टामा छ । मौकामा पिउनेकुरालाई उनी अस्वाभाविक भने ठान्दैनन् तर धन र मर्यादाको दुरूपयोग भने उनी गर्दैनन् ।[३१] रिसाउने उनको स्वभाव छैन । सानतिना कुरामा विवाद पर्न गए खुसी दिलले सुल्झाउने उनको आदत छ । दुःखमा परेकालाई सान्त्वना दिने क्षमता उनमा अनौठो छ ।सङ्घर्षको मैदाननै जीवन हो भन्ने उनको स्वभाव छ । उनमा लोभ लालच र आसक्तिको भावना

---

[२७] राधा मरहट्टाबाट प्राप्त जानकारी

[२८] ऐजन

[२९] शोधनायकबाट प्राप्त जानकारी

[३०] शोधनायकबाट प्राप्त जानकारी

[३१] नरनाथ मरहट्टाबाट प्राप्त जानकारी

छैन । राजनीतिमा मार्क्सवादी सौन्दर्यलाई अँगाल्ने भएर पनि मरहट्टा साहित्यप्रेमीको एकतामा जोड दिन्छन् । राजनीतिमा समेत फसेका मरहट्टाले आफ्ना अभिव्यक्तिलाई स्वतन्त्र प्रकाश गर्न र सरकारको वक्रदृष्टिबाट सुरक्षित हुन विभिन्न उपनामहरू जस्तै- यम् बटुवा, उदय गाउँले आदि प्रयोग गरेका छन् । तर पनि साहित्यको अनवरत यात्रामा अविचलित नै छन् । सुभेच्छुकको साथ पाउँदा आत्मवृत्तान्त सुनाउने उनको वानी नै परेको छ ।[३२] विचारले नास्तिक भएर पनि अस्तिक चिन्तनलाई पटक्क त्याग्न भने सकेका छैनन् ।

## २.७ आर्थिक अवस्था

मोदनाथ मरहट्टा निम्नवर्गीय किसान परिवारमा जन्मेका हुन् ।उनका बुबा सामान्य कृषक तथा हजुरबुबा कर्मकाण्डी, किसान हुन् । दुःखमै बाल्यकाल विताएका तथा अध्ययनको लागि कठोर सङ्घर्ष गर्नु परेका कारण उनको पारिवारिक आर्थिक स्थिति सङ्कटका साथ बित्यो ।[३३] जीवन सुख दुःखकै कहानी हो भन्ने कुरालाई उनले नजिकबाट नियाले । उनले समाजमा रहेको वर्गभेद यसैवेला थाहा पाएअनि वर्गविहीन समाज निर्माणको दिशामा अघिबढे ।[३४] १५, १६ वर्षको कलिलो उमेरमै आफ्नो नियमित पढाईलाई चटक्क छोडेर रोजगारीको धेरै ढोका घच्घच्याउन पुगेका मरहट्टाको आर्थिक अवस्था कमजोर देखिन्छ । आर्थिक अभावले पिल्सिए पनि मरहट्टा विचारका धनी थिए । आफ्ना छरिएका सिर्जनाहरूलाई पुस्तकाकार कृतिको रूपमा प्रस्तुत गर्न उनलाई धौ धौं पऱ्यो । हुनेखाने र हुँदा खाने वर्गको बीचमा रहेको खाडललाई विचार र सिर्जनाले पुर्न उनले कलम चलाउन थाले ।[३५]

---

[३२] शोधनायकबाट प्राप्त जानकारी

[३३] नरनाथ मरहट्टाबाट प्राप्त जानकारी

[३४] शोधनायकबाट प्राप्त जानकारी

[३५] ऐजन

सरकारका वक्रदृष्टिका कारण आर्थिक हैसियत कमजोर हुँदा हुदै पनि उनले आफ्नो वासस्थान परिवर्तन (वसाई सराई ) गर्नुपऱ्यो । ह्मर्मी ६ गोरखामा पुर्ख्यौली वसोवास गर्दै आएका मरहट्टा अहिले रत्ननगर नगरपालिका-३ शान्तिचोक चितवनमा वसोवास गर्दै आएका छन् । तर पैसाको सदुपयोग भने उनले गरिरहे । जन्मस्थान हर्मीमा उनको अहिले ४ रोपनी खेत, ६ रोपनी पाखो र एउटा सामान्य घर रहेको छ ।[३६] रत्ननगर-३ शान्तिचोक चितवनमा दुइपाखे कच्ची ईटले बनेको १५ धुरे तीन कोठे घर रहेको छ ।उनले घरायसी हरेक व्यावहारमा परिवारको सहयोग र साथ पाउँछन् । प्राथमिक शिक्षकको हैसियतले आर्जन गरेको आय नै उनको परिवारको आम्दानी हो । दैनिक व्यावहार र सन्ततिको पठनपाठनमा यही स्रोत परिचालित छ ।[३७]

## २.८ कार्यक्षेत्र

### २.८.१ शिक्षण कार्य

मोदनाथ मरहट्टा २०३५ सालदेखि शिक्षणकार्यमा निरन्ततर सक्रिय छन् । जीवनका सुख दुःखका आरोह अवरोहहरू पार गर्दै उनले अनेकौं विद्यालयहरूको शिक्षण अनुभव लिइसकेका छन् । अहिले उनी भद्रकाली मा.वि. भुङ्लिचोकमा निम्नमाध्यमिक तहसम्म अध्यापनरत छन् ।[३८] राज्यपक्षको तत्कालीन ठेगेदारहरूबाट उनले आफ्नो शिक्षण पेशाका क्रममा अनेकौ दुःख र पीडा भोग्नुपऱ्यो । यसैले जिल्लाका सुगमदुर्गम अनेकौं विद्यालयमा शिक्षण सिर्जनशीलता र राजनैतिक निष्ठा स्थापित गरेका छन् ।[३९]

विगत ३० वर्ष देखि अनवरत शिक्षण पेशामा संलग्न मरहट्टाले आफ्नो शिक्षणको क्रममा सेवा दिन पुगेका विद्यालयहरूको नामावली क्रमशः निम्नछन् ।

---

[३६] शोधनायकबाट प्राप्त जानकारी

[३७] राधा मरहट्टाबाट प्राप्त जानकारी

[३८] शोधनायकबाट प्राप्त जानकारी

[३९] शोधनायकबाट प्राप्त जानकारी

| क. सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री वासुकी नि.मा.वि वायाक | गोरखा |
| २. | श्री विन्ध्याावासिनी प्रा.वि खोप्लाङ्ग | गोरखा |
| ३. | श्री महेन्द्रलीला मा.वि हर्मी | गोरखा |
| ४. | श्री थालाजुङ्ग नि.मा.वि. थालाजुङ्ग | गोरखा |
| ५. | श्री जनसेवा प्रा.वि. तान्द्राङ्ग | गोरखा |
| ६. | श्री लक्ष्मीनारयण प्रा.वि. हर्मी | गोरखा |
| ७. | श्री महेन्द्रलीला मा.वि. हर्मी | गोरखा |
| ८. | श्री लक्ष्मीनारायण प्रा.वि. हर्मी | गोरखा |
| ९. | श्री भद्रकाली मा.वि.भुङ्लिचोक | गोरखा |

### २.८.२ प्रशासनिक कार्य

शिक्षण कार्यका अतिरिक्त मरहट्टाको समानान्तर रूपमा अन्य सङ्घ-संस्थामा पनि सम्लग्नता रहेको पाइन्छ । प्रगतिशील लेखक संघ जिल्ला शाखा गोरखाका अध्यक्ष, साहित्य संगम गोरखाका उपाध्यक्ष, पूर्णप्रसाद स्मृति प्रतिष्ठानका, संस्थापक सदस्य, जनदीप, उत्प्रेरणा, फूलको डोली र शिक्षक वुलेटिन-२०५५, गोरखा आदि साहित्यिक सङ्घ संस्थाका सम्पादक संयोजक रहेर आफ्नो प्रशासनिक दक्षता उनले प्रस्तुत गरिसकेका छन् ।[४०] यसैगरी मोफसल गणतान्त्रिक स्रष्टा मञ्च (बन्दिपुर) का अध्यक्ष, प्रगतिशील लेखक सङ्घ राष्ट्रिय परिषदका केन्द्रीय सदस्य समेत बनेर उनले आफ्नो कार्यकुशलता प्रदर्शन गरी सकेका छन् ।

[४०] शोधनायकबाट प्राप्त जानकारी

### २.८.३ सामाजिक कार्य

मोदनाथ सामाजिक यथार्थलाई साहित्यको माध्यमबाट व्यक्त गर्ने तथा सामाजिक कुरीतिलाई कलमले भत्काइदिने प्रगतिवादी सर्जक हुन् ।[४१] नेपाली समाजमा ठुला वर्गले सानावर्गमाथि गरेको अन्याय र दुराचारको विरोध गरी जनतामा चेतना र जागरण ल्याउन उनी सदा सक्रिय रहे । प्रगतिशील लेखक सङ्घ गोरखा (२०५८) को गठन गरी संस्थापक अध्यक्ष समेत रहेका मरहट्टा संस्थाको आवद्धता र साहित्यिक संलग्नता दुवैमा उत्तिकै क्रियाशील देखिन्छन् ।[४२] उनले आफ्नो जन्मस्थान हर्मीमा जुवात्तास र रक्सी विरोधी कार्यक्रम सञ्चालन गरेर जनतालाई सचेत र सक्रिय बनाएका हुन् । उनले गाउँका युवा सर्जक र सिर्जनालाई सङ्गठित गर्दै 'जनदीप' सामयिक संकलन हर्मी गोरखा २०४९ को संयुक्त सम्पादन गरेका हुन् । यसै गरी चितवन जागृतिका सम्पादक रहेर उनले साहित्य प्रति निष्ठा देखाइसकेका छन् । विभिन्न सांस्कृतिक संस्थाका माध्यमबाट समेत सामाजिक जागरण निम्त्याउँदै अखिल नेपाल लेखक सङ्घको केन्द्रीय सदस्य २०६४ मा रहेर आफ्नो कार्य दक्षता देखाइसकेका छन् । "साहित्य समाजको दर्पण हो भन्ने तथ्यलाई मध्यनजर गरी उनले समाजको वास्तविकतालाई टपक्क टिपेर आफ्ना सिर्जनामा थपक्क राख्ने कार्य गरेका छन् । उनले चाहेको मुलभूत वस्तुसत्य भनेको वर्ग विहीनता र सामाजिक सांस्कृतिक रूपान्तरण थियो ।"[४३] चितवन साहित्य सङ्गमका आजीवन सदस्य, मनकामना साहित्यिक सद्भाव कार्यक्रमका आयोजक अध्यक्ष, मोफलसल गणतान्त्रिक स्रष्टा मञ्च (वन्दिपुर) का अध्यक्ष मरहट्टाले सहर र महलबाट कवितालाई गाउँ वस्तीका दुर्गम क्षेत्रसम्म पुऱ्याई जनजागरण अभियान सञ्चालन गर्ने कठोर कार्य साध्य गरेका छन् । मरहट्टाले आफ्नो व्यक्तिगत जीवनलाई खुकुरीको धारमा अर्पण गरेर आफ्नो शिक्षण पेसालाई निरन्तरता दिंदै आफ्ना

---

[४१] सरिता मरहट्टाबाट प्राप्त जानकारी

[४२] नारायणप्रसाद पोखरेलबाट प्राप्त जानकारी

[४३] ऐजन

सिर्जना र अनेक संस्थाको माध्यमबाट जनतको चेतना स्तर उकास्ने काम अविचलित भै गरिरहेका छन् ।[४४] कारावासी अवस्थामा समेत साहित्य रचनामा सचेत र तल्लिन देखिएका मरहट्टा अनेक सांस्कृतिक संस्थाका साथ तमुवान राज्य समितिका सदस्य समेत रहेर जनचेतना अभियानमा जुटेका छन् ।[४५]

### २.८.४ सम्पादन र प्रकाशन कार्य

कवि मोदनाथ मरहट्टा बहुमुखी प्रतिभा हुन् ।उनले २०४९ सालमा सामयिक संकलन हर्मी गोरखाबाट प्रकाशित 'जनदीप' पत्रिकाको सम्पादन गरेका हुन्। शिक्षणका साथ साथै उनले लेखन सम्पादन, प्रकाशन समेत एक साथ गरेका छन् । आफ्नो कविता यात्रामा निरन्तर साथ र सल्लाह दिने साहित्यिक व्यक्तित्व कृष्णसेन ' इच्छुक' आदिको सम्पर्कले उनमा साहित्यिक सक्रियता बढ्दै गयो ।[४६] उनले सम्पादन गरेका पुस्तक तथा पत्रपत्रिकाहरू यस प्रकार छन् :

१. 'जनदीप' सामयिक संकलन हर्मी गोरखा २०४९ (संयुक्त सम्पादन)

२. 'उत्प्रेरणा' साहित्यिक मासिक २०५४ सम्पादक

३. शिक्षक वुलेटिन - २०५५ नेपाल राष्ट्रिय शिक्षक सङ्गठन गोरखा (संयुक्त सम्पादन)

४. 'फूलको डोली' साहित्यिक मासिक (संपादक /संयोजक २०६१)

५. चितवन जागृति - )संपादक २०६२)

६. नयाँ कदम त्रैमासिक - सम्पादक (२०५४)।

यसवाहेक समसामायिक लेख रचनाहरू विभिन्न दैनिक साप्ताहिक पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् ।

---

[४४] नरनाथ मरहट्टाबाट प्राप्त जानकारी

[४५] शोधनायकबाट प्राप्त जानकारी

[४६] शोधनायकबाट प्राप्त जानकारी

## २.९ राजनैतिक क्षेत्रमा संलग्नता

कलिलो उमेर देखिनै निम्नवर्गीय श्रमजीवि वर्गप्रति सहानुभुति राख्ने मरहट्टा सामाजिक शोषण र दुराचारको घोर विरोध गर्दथे । २०३४ सालमा राजनैतिक सङ्गठनको सदस्य (नेपाल कम्युनिष्ट पार्टी) भएपछि उनको राजनैतिक संलग्नता र सामीत्यता बढ्दै गयो ।[४७] डा. वावुराम भट्टाराई, कृष्ण सेन 'इच्छुक' आदिको सर्म्पकले उनमा राजनैतिक चासो बढ्दै गयो ।[४८] २०५२ सालको जनयुद्ध शुरू भएपछि उनी पनि विभिन्न कमिटी र सेलहरूमा रहेर गोप्य तवरले मुक्तियुद्धमा सामेल भए । सांस्कृतिक अभियानको गठन र सञ्चालनमा उनको महत्वपूर्ण भूमिका रह्यो । यसै अभियोगमा २०५८/१२/२४ गते देखि २०५९/१२/१५ सम्म जेल जीवनको अनुभव बटुले तर प्रगतिवादी अभियानबाट विश्राम लिएनन् ।[४९] माओवादी जनयुद्ध र त्यसबाट मुक्तिको आवाज घन्काउँदै उनी अघि बढे ।

प्रलेस राष्ट्रिय परिषदको केन्द्रीय सदस्य, मोफसल गणतान्त्रिक स्रष्टा मञ्च (वन्दिपुर) का अध्यक्ष, अखिल नेपाल लेखक संघको केन्द्रीय सदस्य तथा तमुवान राज्य समितिको सदस्य जस्ता पदहरूमा रहेर उनले राजनैतिक संलग्नता तथा क्रान्तिधर्मिता देखाइरहेका छन् । अहिले उनी नेकपा माओवादीका विभिन्न मोर्चामा आवद्ध छन् ।

## २.१० साहित्यलेखन

निरक्षरा भएर पनि आफ्ना जीवनका सुख दुःखका कहानी लोकलयमा आधारित कविता मार्फत् व्यक्त गर्न सक्ने मृदुभाषी ममतामयी माता तथा वार्णिक छन्दमा सुरिलो स्वरमा कविता भट्याउने पिताका संसर्गले मरहट्टाको परिवार नै

[४७] ऐजन

[४८] शोधनायकबाट प्राप्त जानकारी

कविता साहित्य प्रति आकर्षित भएका थिए ।[५०] १0औं कक्षामा आफू पढ्दै गरेका वेला घरायसी आर्थिक कठिनाइ तथा उमेरजन्य परिस्थितिका कारण मरहट्टा काठमाडौं, वीरगञ्ज - घर हर्मी र फेरि काठमाडौं हुँदै ७ नं. नापी गोश्वारा क्षेत्रीय वसोवास कार्यालयका सहयोगी कर्मचारी भै बुटवल पुगे ।[५१] यसरी उनले अल्पवयमै जागिरको प्रसङ्गमा कयौं हण्डर ठक्कर खाए । यसबाट उनको चिन्तनशील व्यक्तित्वमा परिपक्वता आयो । सुकुम्वासीका छाप्रा र वस्ती देखेर उनमा जीवनवोध समाजवोध र वर्गद्वन्द्वको चिन्तन सुरू भयो । यहीँ रहँदा बस्ता उनमा साहित्यिक सिर्जनाको विउ रोपियो । यहींबाट उनले मार्क्सवादीसौन्दर्य शास्त्रलाई नजिकबाट नियाले ।[५२]

२०३४ सालमा नेपाल कम्युनिष्ट पार्टीको सदस्यता, ३६ सालको आन्दोलन र जनमत संग्रह अनि, ३६ सालतिरबाटै सुरू भएको अघोषित जनवादी क्रान्ति आदिले मरहट्टाको साहित्य सिर्जनामा उत्प्रेरकको काम गरे । गोरखाका तत्कालीन कम्युनिष्ट पार्टीका प्रखर नेता वाचस्पती देवकोटाको प्रभाव पनि उनमा परेकै थियो ।[५३] सामाजिक कुरीती, अन्धविश्वास, वेथिति, विसङ्गति तथा समाजमा रहेका धनीमानीवर्ग र गरिब वर्ग बीचको असमान दुरीलाई कम गर्न उनले  कसिलो मुठी र दह्रो हातका साथ कलम रूपी हतियार उठाउन थाले । जनयुद्धका थालनीसँगै उनका कविताले गाउँ वस्तीलाई मुक्तियुद्धका मोर्चामा लामवद्ध हुने र  जनताका पक्षमा वर्गसङ्घर्ष चर्काउने उत्प्रेरणा थपिदिए ।[५४]

---

[४९] राधा मरहट्टाबाट प्राप्त जानकारी

[५०] नरनाथ मरहट्टाबाट प्राप्त जानकारी

[५१] मोदनाथ मरहट्टाबाट प्राप्त जानकारी

[५२] ऐजन

[५३] ऐजन

[५४] दिलसहानी 'पाइलाहरु *शिखरतिर उकासिदै गर्दा'* २०५५ केही कुरा ७

साहित्य भावपूर्ण रचना अनि कला हो । सिर्जनाशक्ति जन्मजात प्रतिभाको वरदान हुने भएपनि यसका निम्ति प्रंत्येक साहित्यकारले वाह्य प्रेरणा पाएको र अग्रज र समकालीन साहित्यकारबाट प्रभाव ग्रहण गरेको देखिन्छ ।[५५] समाजमा विद्यमान सामन्ति संस्कारप्रति विद्रोह गर्ने भावना भएका मरहट्टाले निम्नवर्गीय नेपाली जनजीवनको यथार्थ दुखेसाहरूलाई प्रगतिशील प्रवाहमा अभिव्यक्त गर्दै एक प्रगतिवादी साहित्यकारको रूपमा दरिएर जागरणधर्मी विद्रोहात्मक रचनाहरूको सिर्जना गर्दै रहेका छन् ।[५६]

## २.१०.१ लेखन आरम्भ र प्रथम प्रकाशित कृति

मोदनाथ मरहट्टाले डा. वावुराम भट्टराईको सम्पादकत्वमा प्रवासबाट २०३७ सालमा प्रकाशित प्रवासी नेपालीहरूको मुखपत्र नेपाली एकता वर्ष १ अंक ३. बाट 'प्रवासी दाजुलाई चिठी' कविता छपाएर साहित्यिक सिर्जना प्रकाशनको श्रीगणेश गरेका हुन् । यही नै उनको पहिलो प्रकाशित कविता हो ।[५७] त्यसपछि उनले क्रमशः 'यो चलन फालौं' आदि शीर्षकका जम्मा चारवटा कविता 'नेपाली एकता' मा प्रकाशित गराए । पछि विभिन्न पत्रपत्रिका मार्फत् उनले अनगिन्ती सिर्जनाहरू पस्कन थाले र आफ्नो साहित्यिक यात्रालाई निरन्तरता दिइरहेका छन् ।[५८] उनका छरिएर रहेका कविताहरूको संगालो 'पाइलाहरू शिखरतिर उकासिंदै गर्दा' (कवित संग्रह २०५५) प्रथम प्रकाशित पुस्तकाकार कृति हो ।[५९]

---

[५५] केशवप्रसाद उपाध्याप, *रिमाल व्यक्ति र कृर्ति,* दो.सं. (काठमाडौं साझा प्रकाशन २०३२) पृ.९९

[५६] डि.आर पोखरेल भूमिका 'उज्यालो जन्मनुअघि खण्डकाव्य २०६२

[५७] मोदनाथ मरहट्टाबाट प्राप्त जानकारी

[५८] ऐजन

[५९] एजेन

## २.१०.२ प्रकाशित कृतिहरू

मरहट्टाका प्रकाशित कृतिहरू कवितासंग्रह र खण्डकाव्यको रूपमा रहेका छन् । कविता विधा वाहेक उनको प्रकाशित पुस्तकाकार कृति देखा परेको छैन । उनका समालोचकीय लगायत अन्य फुटकर रचनाहरू साहित्यिक पत्रिकाहरमा अनि दैनिक तथा साप्ताहिक पत्रिकाहरूमा छरिएर रहेकै अवस्थामा छन् । योजना र जनादेश साप्ताहिकमा प्रकाशित उनका सिर्जनाहरू पत्रिका प्रतिवन्धित हुँदा कुहिराको काग झैं विलिन हुन पुगेका छन् ।[६०] उनका प्रकाशित आजसम्मका रचना कृतिहरू यसप्रकार रहेका छन् :

अ) पुस्तकाकार प्रकाशित कृतिहरू :

क) पाइलाहरू शिखरतिर उकासिंदै गर्दा (कविता संग्रह २०५५)

ख) उज्यालो जन्मनुअघि (खण्डकाव्य २०६२)

'आ' अन्यपुस्तक तथा पत्रपत्रिकामा प्रकाशित रचनाहरू :

क) 'प्रवासी दाजुलाई चिठी' कविता 'नेपाली एकाता' (वर्ष -१ अंक -३ २०३७)

ख) 'यो चलन फालौं' नेपाली एकता (वर्ष २ अंक १ २०३७)

ग) 'बलेकी आमा' कविता 'उत्प्रेरणा'(वर्ष २ संयुक्ताङ्क १० २०५४ साउन-भाद्र)

घ) भेटघाट 'पत्रकार कपिल घिमिरेसगँ' फूलको डोली -वर्ष ४ अंक ६ भाद्र २०६१)

ङ) भेटघाट 'कवि केवलपूरे किसानसँग' 'उत्प्रेरणा' (वर्ष २ अंक ११ २०५४ आश्विनं)

च) 'इतिहासको गर्भमा पुरिएका कवि अग्निधर अधिकारी' फूलको डोली वर्ष ४ अंक ८ पूर्णाङ्क ४१ मंसिर २०६१

छ) भेटघाट 'नरहरि आचार्य' फूलको डोली वर्ष ४ अंक ८ पूर्णाङ्क ४१ मंसिर २०६१

---

[६०] ऐजन

ज) 'पछारिदै गएको नेपालीपन' 'आँगन' अर्धवार्षिक -वर्ष २ अङ्क १ फाल्गुण २०६५ पृ. १६)

### २.१०.३ अप्रकाशित तथा प्रकाशोन्मुख कृतिहरू

क) ल्याकत अनुसार ताकत -निबन्ध संग्रह)

ख) नयाँबाटो - (कथासंग्रह)

ग) कारागारका तीनसय उनान्सय दिन (संस्मरणात्मक उपन्यास)

घ) केही कृतिसितका समीक्षा (समीक्षा संग्रंह)

ङ) डेढ दर्जन श्रष्टासितका भेटघाट (अन्तर्वाता संकलन)

## २.११ सम्मान तथा पुरस्कार

आफ्नो मातृभूमि र जनताको उत्थानको लागि साहित्य र संस्कृतिको माध्यमबाट मरहट्टाले ठूलो योगदान पुऱ्याएका छन् । समाजका शोषित पीडित जनताको चेतनास्तर वृद्धिमा उनको भूमिका महत्वपूर्ण मानिन्छ ।[६१] शिक्षणका अतिरिक्त विभिन्न सङ्घ संस्थामा आवद्ध भएर जनक्रान्ति र जनताको मुक्तिको लागि उनले देखाएको योगदानको कदर गर्दै विभिन्न संधसंस्थाहरूले पुरष्कृत गर्ने कार्य गरेका छन् ।[६२] गोरखा हर्मीमा जन्मिएर जीवनको उत्तरार्द्ध चितवनमा बिताउदै रहेका तर शिक्षणको कार्य क्षेत्र गोरखा र साहितियक सक्रियता दुवै तर्फ देखाउदै आएका मरहट्टा  गणतान्त्रिक र प्रगतिवादी कविका रूपमा ख्यातिप्राप्त छन् ।

यसै सक्रियताका आधारमा उनलाई लक्ष्मीनारायण प्रा.वि. हर्मीले २०५७ सालमा 'साहित्य शिक्षा र समासेवामा योगदान' सम्मान गऱ्यो ।[६३] यसै गरी

---

[६१] हरिहर खनालबाट प्राप्त जानकारी

[६२] शोधनायक बाट प्राप्त जानकारी

[६३] ऐजन

२०६४ फाल्गुणमा 'शारदा चौराली' आँवु खैरेनीले मरहट्टाको उच्च साहित्यिक योगदानको कदर गर्दै सम्मान पत्र साहित्यिक कार्यक्रमका बीच प्रदान गऱ्यो ।[६४] यसैगरी महेन्द्रलीला मा.वि. हर्मीले मरहट्टालाई 'साहित्यमा लगानी र पुस्तकालयमा सहयोग' गरेको भन्दै प्रशंसापत्र समारोह बीच प्रदान गऱ्यो ।[६५] नेपली साहित्यको प्रगतिवादी धारामा निरन्तर सेवा गरेको भन्दै "साहित्य संगम" गोरखाले २०६६/०३/२९ गते सदरमुकाम गोरखामा साहित्यिक कार्यक्रमका बीच दोसल्ला ओढाई सम्मान गऱ्यो ।

नेपाली भाषा साहित्य र सास्कृतिक जागरणमा लामो समय व्यतीत गरिसकेका मरहट्टा अझै प्रगतिशील साहित्यको श्रीवृद्धिमा मन वचन र कर्मले लागिपरेका छन् । उनमा रहेको सिर्जनशीलता अझै सक्रिय रहेका हुँदा नेपाली साहित्यले अझ कलात्मक महल ठड्याउने आसा गर्न सकिन्छ ।[६६] जनजीवनका समसामयिक विषयवस्तुलाई आफ्ना रचनाधार्मिताको केन्द्रीय रूप बनाएर पारखी कलाकारले झै सुन्दर रूपमा आफ्ना कविता सिर्जनालाई ढाल्ने विषेशता कवि मरहट्टामा छ ।[६७] नेपाली अधिकांश शोषित पीडित नरनारीहरूका मर्महरूलाई आफ्नो अभिव्यक्तिमा मुखरित गर्न सक्षम कविले मुक्तिगामी वीरहरूको गाथासमेत श्रद्धा पूर्वक गाउन पछि परेका छैनन् । सिर्जनामा सक्रिय कवि मरहट्टाको कलमले निरन्तरता पाई प्रतिभापूर्ण बिकास पाउने र जनसाहित्यको निमार्णमा जुटेको कविलेखकको लहरमा अर्को विशिष्ट सर्जक थपिने अनि थप सम्मान उत्प्रेरणा पाउने कुरालाई नकार्न सकिन्न ।

---

[६४] शोधनायकबाट प्राप्त जानकारी

[६५] ऐजन

[६६] ऐजन

[६७] हरिहर खनालबाट प्राप्त जानकारी

# तेस्रो परिच्छेद

## मोदनाथ मरहट्टाको व्यक्तित्वको अध्ययन

### ३.१ व्यक्तित्व निर्माणका प्रमुख  सन्दर्भहरू

मानिसको आफ्नो व्यक्तित्व निर्माण आनिवानी आचरण र संवेग आदिले गर्दछ । आदत, व्यावहारिक क्रियाकलाप र परिवेश  नै उसको व्यक्तित्व निर्माण को पाटो हो । व्यक्तित्व निर्माणमा स्वंय क्रियाशील हुनु अपरिहार्य छ । "व्यक्तित्व व्यक्तिका समस्त जैविक जन्मजात विन्यास, उद्वेग झुकाउ, क्षुधा मूल प्रवृति तथा आर्जित विन्यास एवं प्रवृतिहरूको समूह हो । यसबाट व्यक्तित्व वंश परम्परागत जैविक वृत्तिपुञ्जको रूपमा सृजित हुन्छ र शिक्षा-दीक्षा संगति र वातावरणका आलोकबाट प्राप्त वा आर्जित अनुभवहरूद्धारा समृद्ध बन्छ ।"

[१] व्यक्तित्व निर्माणमा कुनै पनि मानिसहरूका जीवन भोगाइमा आउने विविध घटना, जीवनका चाप-प्रति चाप, आरोह-अवरोह, घात प्रतिघात, क्रिया प्रतिक्रिया, द्वन्द्व-प्रतिद्वन्द्व, मोड-प्रतिमोडहरूद्धारा प्रमुख भुमिका खेलेको हुन्छ ।[२] मोदनाथ मरहट्टाले पनि आफ्नो जीवन शैक्षिक, सामाजिक, साहित्यिक आदि विविध क्षेत्रमा क्रियाशील बनाउँदै आएका देखिन्छ । अध्ययन कार्य साहित्यिक संलग्नता, संघ संस्थाको सामाजिक परिवेश उनका व्यक्तित्व निमार्णमा प्रसङ्गहरू हुन् ।[३]

---

[१] केशवपंसाद उपाध्याय *"मोतीरामको व्यक्तित्व र योगदान"* (मोती स्मृति ग्रन्थ २०३९) पृ ३९

[२] खगेन्द्रप्रसाद लुइटेल, क्षेत्रप्रताप अधिकारीका काव्य प्रवृत्ति. (अप्रकाशित एम.ए. शोधपत्र ने.के.शि. वि. २०४६) पृ २२

[३] शोधनायकबाट प्राप्त जानकारी

## ३.२ व्यक्तित्वका प्रमुख विशेषताहरू

२०३५ सालदेखि निरन्तर शिक्षण पेशामा संलग्न रहेर पनि मरहट्टाले सामाजिक विकास र सांस्कृतिक आन्दोलनमा पुऱ्याएको योगदान अनुकरणीय छ । विशेष समाजमा वर्गद्वन्द्व चर्काउने र शोषित श्रमिक जनताको न्यायको पक्षमा आवाज घन्काउने क्रान्तिकारी चेत उनमा पाइन्छ ।[४] आफ्ना सिर्जनाका माध्यमबाट ग्रामीण समाजका विकृति र विसङ्गतिप्रति तीखो वाण प्रहार गर्दै थिचोमिचोमा पिल्सिएका अशिक्षित जनसमुदायलई चेतनाको जलपले रङ्गाउने व्यक्तित्वका धनी छन् मरहट्टा ।[५] यसैले उनलाई विभिन्न संस्थाहरूले सम्मान तथा प्रशंसा प्रदान गरेका छन् । उनले ५ दशकको सक्रिय जीवनमा आर्जित व्यक्तित्वका विविध पाटाहरूलाई निजी व्यक्तित्व र सार्वजनिक व्यक्तित्व गरी निम्नानुसार हेर्न सकिन्छ ।

## ३.३ निजी व्यक्तित्व

व्यक्तिको निजी व्यक्तित्वको स्पष्ट छवि उसका सार्वजनिक व्यक्तित्वका चरण चरणमा परेको हुन्छ । वैयक्तिक व्यवहारबाट प्रस्फुटित हुने निजत्वलाई उसको निजी व्यक्तित्व मानिन्छ । निजी व्यक्तित्वमा व्यक्तिमा अन्तरनिहित हुने आन्तरिक तथा वाह्य पक्षको यथार्थ रूपमा चित्रण गरिन्छ । व्यक्तित्वको वास्तविक ज्ञानको लागि व्यक्तिको आकार प्रकार र उसको शील, स्वभाव, आचारण र प्रवृतिका सापेक्षतामा अवलोकन गर्न उपयुक्त हुने हुँदा यहाँ मरहट्टाको निजी व्यक्तित्वलाई तदनुरूप हेर्ने प्रयास गरिएको छ ।

### ३.३.१ वाह्य व्यक्तित्व : शारीरिक आकार प्रकारका सन्र्दभमा,

शरीरको बनोट र उसको क्रियाकलापहरूका आधारमा व्यक्तिको व्यक्तित्व स्वतः प्रकट हुन्छ । शारीरिक बनावट, आकार प्रकार नै वाह्य व्यक्तित्वसंग सम्वन्धित हुन्छन् ।

---

[४] डि. आर शर्माबाट प्राप्त जानकारी

[५] दिल सहानीबाट प्राप्त जानकारी

मोदनाथ मरहट्टा अग्लो शारीरिक रचना भएका शरीरको मोटाइ ५फिट उचाइ ६० के.जी. तौल केही गढेका तेजिला आँखा, फूर्तिलो अनुहार, आकर्षक चेहरा, शिरमा ढाका टोपी, कसिलो र छरितो शरीर, ५३ वसन्त पार गरेका खाइलाग्दा, दाह्री जुँघा सधैं काटेर सफा अनुहार बनाउन सदा रूचाउने, सर्ट पाइन्ट लगाउने तजिलो गहुँगोरो र आकर्षक देखिन्छन् ।[६] शान्त र गम्भीर स्वभावका धनी मरहट्टा सन्तोषी र सुखी भएको अनुभूति हुन्छ । उनी प्रायः साधारण पोशाकमै सजिन्छन् ।[७] उनको शारीरिक हट्टाकट्टापन छैन र शारीरिक दुर्वलता पनि देखिन्न। शारीरिक सुगठन, लवाइखवाइ र बोली व्यवहारले उनी उच्च व्यक्तित्त्वका धनी भएको परिचय दिन्छ । उनी तडकभडक र विलासिता मन पराउँदैनन् ।[८]

### ३.३.२ आन्तरिक व्यक्तित्व : शील स्वभाव आचारण र प्रवृत्तिका सन्दर्भमा

आन्तरिक व्यक्तित्त्व निर्माण व्यक्तिस्वयंका निजी कार्यहरूबाट भएको अन्तर विकासबाट विकसित हुने गर्दछ । व्यक्तिको व्यक्तित्व निर्माणमा सामाजिक परिवेशको महत्वपूर्ण भूमिका हुने गर्दछ । मोदनाथ मरहट्टा साधारण किसान परिवारमा जन्मिएका र गाउँले जीवनका उकाली ओराली तथा कष्ट र अभावसँग जुधेका हुनाले उनी विचारशील शान्त र गम्भीर प्रकृतिका हुनपुगे । २०२८ सालदेखि २०३४ सालसम्मको उनको दिनचर्या अनेकौं हण्डर र ठक्कर खाँदै जागिरे भएर बित्यो । २०३४ सालमा नेपाल कम्युनिष्ट पार्टीको सदस्य बनेपछि राष्ट्र र जनताको पक्षमा आफ्ना स्वर सुसेल्दै अघि बढे ।[९] उनी सानैदेखि जिज्ञासु अध्ययनशील र कडा स्मरणशक्ति भएका मेधावी छात्र थिए ।[१०]

---

[६] राधा मरहट्टाबाट प्राप्त जानकारी

[७] शोधनायकबाट प्राप्त जानकारी

[८] ऐजन

[९] ऐजन

[१०] टिकादत्त घिमिरेबाट प्राप्त जानकारी

गरिब असहाय र समाजका असचेत वर्गप्रति उनी सधैं सद्भाव राख्दछन् । भौतिकवादी चिन्तनका व्यावहारिक पक्षमा जोड दिने मरहट्टा नेपाली भाषा साहित्यको जगेर्ना गर्ने, लोकतान्त्रिक संस्कार मर्यादाको पालनामा सचेत, तथा वर्गीय द्वन्द्व चर्काउने र सामान्ती संस्कार फाल्ने लक्ष्यमा कटिवद्ध छन् ।[११] कसैको व्यक्तिगत धर्म र निष्ठामा हस्तक्षेप नगरी उनी सामाजिक रूपमै सचेतता तर्फ संकेत गर्दछन् ।[१२] समाजमा विद्यमान जातीय असमानता, छुवाछुत र कुरीतिप्रति उनको विरोध हुन्छ र उनी समतामूलक समाजको निर्माणमा जुटिरहेकै छन् । उनी परिवारजनमा कहिल्यै झर्को फर्को र आवेगमा रिसाउने गर्दैनन् । सामान्य ठाकठुक भएमा पनि तत्काल सहजता र शान्ति छाइहाल्छ ।[१३] अरूका दुःखमा सान्त्वना दिन र सफलतामा हौसला र प्रेरणा दिन मरहट्टा सिद्धहस्त छन् ।

प्रगतिवादी चिन्तनमा निष्ठावान् मरहट्टा महिलामुक्ति र नारी समताको दृष्टिकोण राख्दछन् ।[१४] निडर, साहसी र विवेकका धनी मरहट्टा शान्त दयालु र मिलनसार पनि छन् । उनमा स्वाभिमान र स्वावलम्वीपना दुवै प्रवृति पाइन्छ । क्रान्ति र सङ्घर्षमा होमिएका र लामो समय कारागारका चिसो छिंडी कुरेका मरहट्टामा साहस र उच्च बलिदानी भावना पाइन्छ । जीवन मरणका दोसाँधमा समेत उनले शिर झुकाउन अनि चाप्लुसी र गुलामी गर्न चाहेनन् ।[१५] स्वाभिमानको जगेर्ना गर्दै क्रान्ति र प्रगति तर्फको उनको पाइला कहिल्यै विचलित भएनन् । वैचारिक अडान, समाजसेवा, साहित्यिक सम्वद्धता अनि शैक्षणिक अटुटता मरहट्टाका निजी व्यक्तित्वका उपलब्धीपूर्ण विशेषता हुन् । एक साहित्यकारका नाताले साहित्यिक छलफल

---

[११] शोधनायकबाट प्राप्त जानकारी

[१२] राधा मरहट्टाबाट प्राप्त जानकारी

[१३] ऐजन

[१४] सन्ध्या मरहट्टाबाट प्राप्त जानकारी

[१५] शोधनायकबाट प्राप्त जानकारी

गर्नु सांस्कृतिक जागरण र सामाजिक चेतना तथा प्रगतिवादी विचार जस्ता कार्यमा अरूलाई मार्ग निर्देश गर्दै आफू पनि सक्रिय रूपमा साधनारत छन् ।[१६] सरल, सहज, सहयोगी र कर्मयोगी भावना उनमा पाइन्छ ।[१७]

### ३.४ सार्वजनिक व्यक्तित्व

मोदनाथ मरहट्टा समाजलाई नयाँ गति र दिशा दिन प्रयत्नशील समाजचिन्तक हुन्। मानिस सामाजिक प्रााणी हो । समाजलाई प्रत्यक्ष परोक्ष रूपमा नयाँ विचार र सोचले सिंगार्ने असाधारण व्यक्तित्वनै उसको सार्वजनिक व्यक्तित्व हुन्छ । मानिसले समाजलाई पारेका प्रभाव र प्रेरणा नै उसको सामाजिक व्यक्तित्व हो ।

मोदनाथ मरहट्टा सार्वजनिक जीवनको प्रारम्भिक चरणमा निजी सरकारी विभिन्न पेशामा रहेर अनवरत साधनारत देखिन्छन् । क्रान्तिकारी सोच, निडर र साहसी तर सरल र मिजासिला, भविष्य प्रति सचेत, तीक्ष्ण स्मरण शक्ति भएका मरहट्टा कर्मठ र निस्वार्थ समाजसेवीका रूपमा परिचित छन् । शिक्षणको अविच्छिन्न अनुभव उनीसँग छ ।

मरहट्टाले आफ्नो जीवनमा अनेक पक्षबाट विविध क्षेत्रको समुन्नतिमा निरन्तर क्रियाशीलता देखाएका छन् ।[१८] बोलीवचन व्यवहार र साहित्य सिर्जनाका माध्यमबाट गर्दै आएका कार्यका आधारमा उनी एक साहित्यिक र राजनैतिक योद्धा अनि सचेत र कर्तव्यनिष्ठ बलिदानी व्यक्तित्वका रूपमा चिनिन्छन् ।[१९] वर्गीय समाजका निम्नवर्गीय श्रमजीवि जनताका पक्षमा साहित्यक र राजनैतिक वकालत गर्दै समाज र साहित्यको श्रीवृद्धिका लागि मरहट्टाले आर्जन गरेका सार्वजनिक व्यक्तित्वका पक्षहरूलाई साहित्यिक र साहित्येतर गरी दुई भागमा वर्गीकरण गरी छुट्टाछुट्टै अध्ययन गर्न सकिन्छ ।

---

[१६] शोाधनायकबाट प्राप्त जानकारी

[१७] राधा मरहट्टाबाट प्राप्त जानकारी

[१८] ऐजन

[१९] शोधनायकबाट प्राप्त जानकारी

### ३.४.१ साहित्येतर व्यक्तित्व

#### ३.४.१.१ शिक्षक व्यक्तित्व

मोदनाथ मरहट्टा पेशाले शिक्षक हुन् । २०३५ साल देखि सुरू भएको उनको शिक्षण कार्य अहिले पनि क्रियाशील छ । यसैले उनमा शिक्षणको लामो अनुभव संग्रहित छ । उनले अध्यापन सुरू गरेको पहिलो विद्यालय वासुकी नि.मा.वि. वायाक, गोरखा हो ।[२०] आफ्नो अध्यापनकालमा कुशल शिक्षकको भूमिका निर्वाह गर्दै सामन्तवादका विरूद्ध वर्गीय द्वन्द्व चर्काउनु र निम्नवर्गीय श्रमजीवि जनका पक्षमा न्यायको आवाज वुलन्द गर्नु उनको मूल लक्ष्य थियो ।[२१] यसमा उनले सफलता पनि पाउँदै गए । तत्कालीन राज्य प्रशासनको आँखाको कसिङ्गर बन्न पुगेका मरहट्टालाई कारवाही स्वरूप अपायक विद्यालयमा सरूवा गरियो ।[२२] पछि उनलाई राज्य विरद्धको अपराधी मानेर तीन सय उनान्सय दिनसम्म कारगारको वन्दी बनाइयो ।[२३] तरपनि निर्भिक र विचारका धनी मरहट्टाले शिक्षणका साथ राजनैतिक क्रियाशीलता र सिर्जनविधामा कलम चलाइरहे । वासुकी नि.मा.वि. बाट प्रारम्भ भएको उनको अध्यापन कार्यको यात्रा क्रमशः विन्ध्यावासिनी प्रा.वि खोप्लाङ्ग जनसेवा प्रा.वि तान्द्राङ्ग, लक्ष्मीनारायण प्रा.वि हर्मी हुँदै अधि बढ्यो । अहिले उनी भद्रकाली मा.वि. भुड्लिचोकमा शिक्षण कार्यमा सक्रिय छन् ।[२४] उनको कलम शिक्षण र सिर्जना दुवैतर्फ जागरूक छ भने सामाजिक चेतना, सांस्कृतिक अभियान र राजनैतिक वकालत र जिम्मेवारी उनले सम्हालेकै छन् । सबै वर्ग, क्षेत्र, लिङ्ग र जातजातिका वालवालिका प्रति

---

[२०] ऐजन

[२१] ऐजन

[२२] शोधनायकबाट प्राप्त जानकारी

[२३] ऐजन

[२४] ऐजन

उत्तिकै मायाँ पोख्ने र पढ्नका लागि उत्प्रेरणा जागरण गराउने मरहट्टा सबैका माझ लोकप्रिय छन् ।[२५]

कर्मशील जीवन पेशामा निष्ठा, कर्तव्य प्रति सचेत स्वावलम्वी र स्वाभिमानको रक्षामा उनी सफल थिए। उनले पढाएका प्रत्येक विद्यालयका अभिभावक खुलेर उनको तारिफ गर्दछन् ।[२६] ३० वर्षको शिक्षण अनुभव सँगालिसकेका उनी आफै पनि शिक्षण कार्यबाट विरत भएका छैनन् ।[२७]

### ३.४.१.२ समाजसेवी व्यक्तित्व

मोदनाथ मरहट्टाले पूरा गर्न खोजेको मूलभुत उद्देश्य नै समाजसेवा, सामाजिक चेतना विस्ताार, सामाजिक न्याय र समाज परिवर्तन हो ।[२८] एकातिर उनले आफ्ना साहित्य सिर्जनाका माध्यमबाट समाजको विषमतालाई चिरफार गर्दै उनीहरूको उत्थानको लागि क्रान्तिकारी भावना व्यक्त गरेका छन् भने अर्को तर्फ समाजको अन्धविश्वास र कुरीतिको विरोाध गर्दै समावेशी र समतामूलक समाज निर्माणमा आजीवन सक्रियता-संलग्नता देखाइ रहेका छन् ।[२९] उनले आजीवन समाजमुखी दृष्टिकोण अँगालेका र साहित्यिक रचना पनि समाज सापेक्ष रहेकाले उनको प्रभावशाली समाजसेवी व्यक्तित्व देखा पर्छ । गाउँमा रहँदा उनले रक्सी र जुवातास विरोधी अभियानको नेतृत्व समेत गरेका थिए ।[३०] मरहट्टाले पूर्णप्रसाद स्मृति प्रतिष्ठानका संस्थापक सदस्य, साहित्य संगम गोरखाका उपाध्यक्ष, प्रलेस नेपाल जिल्ला

---

[२५] ऐजन

[२६] ऐजन

[२७] ऐजन

[२८] शोधनायकबाट प्राप्त जानकारी

[२९] ऐजन

[३०] ऐजन

शाखा गोरखका अध्यक्ष र विगत ३० वर्ष देखि शिक्षणमा संलग्न भएर सामाजिक संवद्धता देखाइसकेका छन् र देखाइरहेका छन् ।[३१]

### ३.४.१.३ राजनैतिक व्यक्तित्व

मोदनाथ मरहट्टा शिक्षा, साहित्य र राजनीतिका त्रिवेणी मानिन्छन् । साहित्य पनि उनको राजनीतिकै अंश बनेको पाइन्छ । उनको साहित्य र राजनीति दुवैको मूल ध्येय समाज परिवर्तन नै हो । २०३४ सालमा नेपाल कम्युनिष्ट पार्टीको सदस्य बनेदेखि अविच्छिन्न रूपमा विभिन्न भ्रातृ संगठन मोर्चा र सेलहरूमा रहेर प्रत्यक्ष परोक्ष उनी राजनीतिमा संलग्न रहेका छन् । राजनैतिक आवाज उठाउने क्रान्तिकारी चेत उनमा पाइन्छ । २०५२ साल फाल्गुण १ गतेबाट सुरू भएको माओवादी जनयुद्धसँग सम्वन्धित रहेर उनले काम गरे ।[३२] समाजको एक सचेत वर्गका हैसियतले उनले समाजमा विद्यमान असहज परिस्थितिका विरूद्ध डटिरहे । यही राजनैतिक अभियोग लागेर उनी २०५८-१०-२४ देखि २०५९-१२-१५ सम्म तीनसय उनान्सय दिनको कष्टदायक जेलजीवन भोग्न वाध्य बने ।[३३] यसबाट उनको विचार र चेतनास्तर झन् खारियो । अहिले उनी सर्वहारावर्गको मुक्तिको लागि क्रान्ति गर्ने एक प्रमुख घटक ने.क.पा. माओवादीका विभिन्न मोर्चामा रहेर काम गरिरहेका छन् ।[३४] ७ नं. नापी गोश्वारा, क्षेत्रीय बसोबास कार्यालयको सहयोगी कर्मचारी भै वुटवलमा रहँदा देखि उनको राजनैतिक सक्रियतामा तीव्रता आयो । मार्क्सको द्वन्द्वात्मक भौतिकवादका आधारमा समाजलाई हेर्ने र समाज निर्माणको पक्षमा डट्ने योद्धा हुन् मरहट्टा ।

---

[३१] ऐजन

[३२] ऐजन

[३३] शोधनायकबाट प्राप्त जानकारी

[३४] ऐजन

अन्यायी समाजको कालो पर्दालाई कलम र विचारले भत्काउने व्यक्तित्व मरहट्टानै हुन् । समाजको यथार्थ अवस्थितिलाई टपक्क टिपेर सिर्जनाको सुत्रमा उन्दै सरल भाषामा थपक्क राख्न सक्ने साहित्यिक योद्धा हुन्  मरहट्टा ।[३५] यसैले उनले १० वर्षे जनयुद्ध र त्यसपछि पनि पार्टीका विभिन्न पद र जिम्मेवारी सम्हालेका छन् ।[३६]

वन्दिपुरमा भएको मोफसल गणतान्त्रिक स्रष्टा मञ्चका अध्यक्ष, प्रगतिशील लेखकसंघ राष्ट्रिय परिषदका सदस्य, अखिल नेपाल लेखक संघ (२०६४ पौष ११-१२)का र राज्य समितिका सदस्य आदि उनका राजनैतिक संलग्नताहरू हुन् ।[३७] साथै उनले युवक शिक्षक आदिका मार्चामा आवद्ध भएर आफ्नो राजनैतिक कार्यकुशलता देखाइसकेका छन् । उनको जीवनको ध्येय भनेकै वर्गसंधर्ष, क्रान्ति र मुक्ति हो ।

### ३.४.१.४ सम्पादक व्यक्तित्व

कवि मरहट्टा लेखक मात्र होइनन् उनमा सम्पादक व्यक्तित्व पनि पाइन्छ । मरहट्टाले समय समयमा विभिन्न राजनैतिक एवं साहित्यिक पत्रिकाहरू सम्पादन गरी सम्पादनकला र क्षमतामा दक्षता हाँसिल  गरिसकेका छन् ।[३८] विभिन्न साहित्यकार र पत्रकारसँग सम्पर्क गरी साहित्यिक सद्भावका साथै समसामयिक अन्तरवार्ता र भेटबार्ता प्रकाशित गरी सम्पादन एवं पत्रकारिताको कार्य कुशलता झल्काएका छन् । मरहट्टाले सम्पादन क्षेत्रमा जुन लगनशीलता देखाएका छन् त्यो सदाका लगि अविस्मरणीय

---

[३५] ऐजन

[३६] ऐजन

[३७] ऐजन

[३८] शोधनायकबाट प्राप्त जानकारी

र प्रेरणादायी छ । यस आधारमा उनी नेपालीभाषा साहित्य एवं संस्कृतिका साँचा सेवक हुन् ।[३९] मरहट्टाको सम्पादन क्षेत्रमा विगत १५ वर्षको अनुभव छ ।

२०४९ सालमा सामयिक संकलन हर्मी गोरखाले प्रकाशन गरेको 'जनदीप' पत्रिकाबाट उनले सम्पादनको जिम्मेवारी पाएका हुन् र कुशलतापूर्वक कार्य सम्पादन पूरा गरेका हुन् । २०५४ सालमा गोरखबाट प्रकाशित 'उत्प्रेरणा' साहित्यिक मासिक मा कार्यकारी सम्पादक रहेर उनले आफ्नो सम्पादक व्यक्तित्व देखाइसकेका छन् ।[४०] यसै गरी नयाँ कदम त्रैमासिक र चितवन जागृति २०६३ को सम्पादन उनले निर्विध्नताका साथ गरिसकेका छन् ।[४१] नेपाल राष्ट्रिय शिक्षक संगठन गोरखाको 'शिक्षक वुलेटिन २०५५' का सम्पादक रहेर मरहट्टाले पेशागत हकहितका साथै चुनौति र संभावनाको खोजी गराएका छन् । गोरखाबाट २०६१ देखि निरन्तर प्रकाशित भैरहेको 'फूलको डोली' साहित्यिक मासिकका सम्पादक/संयोजक मरहट्टा छरिएर रहेका सर्जक र तिनका सिर्जनाको संकलन र तिनको प्रकाशन गरी सम्पादक-कुशलता दर्शाएका छन् ।[४२]

### ३.४.२ साहित्यिक व्यक्तित्व

व्यक्तिका कृति-रचनाबाटै उसको साहित्यिक व्यक्तित्व पहिचानगर्न सकिन्छ । साहित्यका विविध विधाहरू कविता, कथा, निबन्ध, नाटक, उपन्यास आदिबाट नै साहित्यिक व्यक्तित्व प्रकट भएको हुन्छ । कवि मोदनाथ मरहट्टा हालसम्म पनि साहित्य सिर्जना मै लागिरहेका हुँदा विधागत विस्तारको टुङ्गो लागिसकेको छैन वरू अझै झाङ्गिरहने देखिन्छ । एकातिर विधागत रचना अर्कातिर उनको साहित्यिक अवधारणा प्रचारप्रसार

---

[३९] दिल सहानीबाट प्राप्त जानकारी

[४०] शोधनायकबाट प्रांप्त जानकारी

[४१] ऐजन

[४२] ऐजन

गर्ने अभियान स्वरूप सम्पादन-प्रकाशन तर्फ बढेको छ ।[४३] यसकारण उनको साहित्यिक व्यक्तित्वलाई 'साहित्यिक स्रष्टा व्यक्तित्व' र 'द्रष्टा व्यक्तित्व' का रूपमा २ भागमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

### ३.४.२.१ साहित्यिक स्रष्टा व्यक्तित्व

मोदनाथ मरहट्टाले आफ्नो साधनाको लगभग ३  दशक बिताइसकेका छन् । २०३७ सालबाट सुरू भएको उनको साहित्यिक यात्रा आजसम्म निरन्तर अघि बढिरहेको छ ।[४४] प्रगतिशील यर्थाथवादी धारालाई आत्मसात् गर्दै कविता विधाबाट नेपाली साहित्यिमा प्रवेश गरेका मरहट्टाले प्रकाशित/प्रकाशोन्मुख कविता निबन्ध कथा, उपन्यास, समीक्षा र अन्तर्वार्ता संकलनका क्षेत्रमा हात चलाइसकेका छन् ।[४५] सिर्जना विधाका उनका सबै लेख रचनाहरू पुस्तकाकार संग्रहका रूपमा प्रकाशित भैसकेका छैनन्, विभिन्न पत्रपत्रिकामा छरिएर रहेका पाइन्छन् । उनको प्रकाशित पुस्तकाकार कृति भनेको कविता संग्रह र खण्डकाव्य नै हो ।[४६] यसै आधारमा उनको स्रष्टा व्यक्तित्वबारे निम्नानुसार चर्चा गरिएको छ ।

#### ३.४.२.१.१ कवि व्यक्तित्व

नेपाली साहित्यका विविध विधामा कलम चलाएर पनि उनले आर्जन गरेको ख्याति भनेको कविता विधाबाट नै हो । कविता विधामा मरहट्टा फुटकर कविता र त्यसको सँगालो हुँदै खण्डकाव्यको आयाम सम्म विस्तारित हुन पुगेका छन् । मोदनाथ मरहट्टाले २०३१ सालबाट कविता अभ्यास सुरू गरेका छन् ।[४७] उनको पहिलो प्रकाशित कविता 'प्रवासी दाजुलाई चिठी' २०३७ हो ।[४८]  यसपछि उनको 'यो चलन फालौं' शर्षिक

---

[४३] ऐजन

[४४] शोधनायकबाट प्रांप्त जानकारी

[४५] ऐजन

[४६] ऐजन

[४७] ऐजन

[४८] ऐजन

कविता प्रकाशित भएर देखा पऱ्यो । यसपछि विभिन्न पत्र-पत्रिकामा उनका कविताहरू क्रमश : प्रकाशित हुन थाले । उनको कवि व्यक्तित्वको परिचायक पुस्तकाकार कविता संग्रह 'पाइलाहरू शिखरतिर उकासिदै गर्दा' २०५५ हो ।[४९] उनको यस कविता संग्रहमा २९ वटा कविताहरू समेटिएका छन् । यी मध्ये केही कविताहरू सामाजिक परिवेशको यर्थाथ चित्रणमा केन्द्रीत छन्, केही कविताहरू चारहरफे मुक्तक प्रकृतिका छन् अनि अरू कविता त्यसदेखि माथिका र कुनै त ७० हरफ सम्म विस्तारित आयामका देखा पर्छन् । कविमा प्रगतिशील विचार र जनयुद्धको छाप राम्रैसँग परेको छ ।[५०] फागुन १,२०५२ देखि सुरू भएको जनयुद्धले पनि यस मुलृकमा आफ्ना थुप्रै लेखक कविकलाकारलाई जन्म दिएको ऐतिहासिक सत्य हो । मरहट्टा यसरी नै जनयुद्धले जन्माएका कवि हुन् ।[५१] उनका अधिकांश कविताले समाजवादी यथार्थलाई पछ्याउन खोजका छन् ।[५२] गद्य र पद्य दुवै विधा र दुवै लय उनका कवितामा पाइन्छ हेरौ 'को रोक्दछ ?' कविताबाट लिइएको तलको पङ्क्ति-

तर्सन्नन् गोली लाठीले फर्कन्नन् नजिती अब
'उठाइ मुक्तिका ध्वजा भइ ढिक्का जुटे सब
राता साइतका टीका रोल्पा गोरखा रूकुमहुँदै
वर्गयुद्ध उठ्यो माथि एण्डिज्को. चुचुरो छुँदै...
मार्ग घुमाउरो कठिन् तर दिशा स्पष्ट छ
उर्लदो गण्डकी भेल लौरो् लिइ को रोक्दछ ?[५३]

यहाँ कविले नेपाली वर्गयुद्ध मुक्तिमा नपुग्दासम्म हतियार देखाएर छिन्न भिन्न पार्न नसकिने तथ्यलाई औंल्याएका छन् । अनि जनयुद्धका भक्त बनेका छन् ।

---

[४९] ऐजन

[५०] ऐजन

[५१] ऐजन

[५२] ऐजन

[५३] मोदनाथ मरहट्टा को रोक्दछ ? पाइलाहरु शिखरतिर उकासिदै गर्दा कविता संग्रह (२०५५) पृ.३७

## ३.४.२.१.२ खण्डकाव्यकार व्यक्तित्व

कवि सिर्जित कृतिलाई काव्य भनिन्छ । काव्यको एक भेद खण्डकाव्य हो । जीवनको एक पक्षको घटना प्रस्तुती भएको काव्य नै खण्डकाव्य हो । मोदनाथ मरहट्टा खण्डकाव्यकारमा दरिने एउटै संग्रह हालसम्म प्रकाशित छ - उज्यालो जन्मनु अघि' खण्डकाव्य २०६२ । यस खण्डकाव्यले सामान्यतया वर्तमान नेपाली समाजको ऐया र आत्थुलाई र सामाजिक जीवनको सामाजिक राजनैतिक सांस्कृतिक वैचारिक स्थितिले पैदा गरेको दूर्दान्त सामाजिक वैयक्तिक समस्याहरू उधिन्ने काम गरेको छ ।[५४] जीवनमा कहिल्यै उज्यालो देख्न नपाएकी नारीपात्र हरिकलाको दुखदायी जीवनको हाहाकारमय करूण क्रन्दन प्रस्तुत खण्डकाव्यमा पाइन्छ । १० खण्ड र ६४ पृष्ठभित्र संरचित प्रस्तुत खण्डकाव्यको कविता पङ्क्ति गद्यशैलीमा बाँधिएको छ । हेरौं खण्डकाव्यभित्रको केही कविता पङ्क्ति-

‘रीस पचाउनु आमा हुनु हो
पीडा पचाउनु आमा हुनु हो
आमा हुनुसित मानवता उब्जेको हुन्छ
आमा हुनुसित महानता सिर्जेको हुन्छ
आमा हुनुसित शालीनता झुकेको हुन्छ
आमा हुनुसित क्षमाशीलता फुकेको हुन्छ
धैर्यता सहनशीलता आमाभित्र लुकेको हुन्छ ।[५५]

गद्यभित्रको आनुप्रासिक श्रतिमधुरता उनले आफ्ना काव्यका पङ्तिहरूमा गरेको छन् । यहाँ जँड्याहा लोग्नेको मार खपेकी अवला नारी हरिकलाको शान्त प्रकृतिको वर्णन कविले गरेका छन् । प्रस्तुत खण्डकाव्य ‘उज्यालो जन्मनुअघि’ वाहेक उनका

---

[५४] डि.आर शर्मा ‘उज्यालो जन्मनु अघिको कवि मोदनाथ मरहट्टा’ भूमिका २०६२

[५५] मोदनाथ मरहट्टा ‘उज्यालो जन्मनु अघि’ खण्डकाव्य (२०६२) पृ.२९

खण्डकाव्यात्मक अन्य रचना प्रकाशित भएको पाइदैन, तर गतिशील प्रवाह अझै पनि नरोकिएकाले अझै अन्य विधा र सिर्जनाको आशा भने मेटिएको छैन् । विचार पक्षले माझिएझै उनका कविता कलापक्षले भने त्यति माझिन सकेका पाईदैन ।[५६]

## ३.४.२.२ साहित्यिक द्रष्टा व्यक्तित्व

मोदनाथ मरहट्टाले साहित्यको अध्ययन, पत्रपत्रिकामा लेखरचना लेखन, सम्पादन, खोज अन्वेषण, तथा भाषिक साफी आदि कार्य गरेको हुँदा उनको द्रष्टा व्यक्तित्व पनि झल्कन्छ । उनका द्रष्टा व्यक्तित्वका बारेमा यहाँ चर्चा गरिन्छ ।

### ३.४.२.२.१ साहित्यिक पत्रकार/समालोचक/समीक्षकव्यक्तित्व

मोदनाथ मरहट्टाले २०४९ सालदेखिनै साहित्यिक पत्रकारिता क्षेत्रमा काम गर्दै आएका छन् । २०४९ को 'जनदीप' २०५४ को 'उत्प्रेरणा' २०५५को शिक्षक वुलेटिन र २०६१को फूलको डोलीको सम्पादक रहेर साहित्यिक पत्रकारिताका क्षेत्रमा कुशलता हाँसिल गर्दै आएका हुन् । यी पत्रिकामा उनले साहित्यका विभिन्न विधाका र समसामयिक लेख प्रकाशन गरेका छन् । पुस्तकाकार कृति प्रकाशित रूपमा नभएता पनि फुटकर समालोचनाबाटै उनी समालोचक व्यक्तित्वका रूपमा रहेका छन् । 'इतिहासको गर्भमा पुरिएका कवि अग्निधर अधिकारी' उनको खोज र समालोचकीय समीक्षामा आधारित् लेख मानिन्छ ।[५७] उनको 'कवि केवलपुरे किसानसँग भेटघाट' शीर्षक लेखमा साहित्य सिर्जना वारे समीक्षा छ ।[५८] यसरी पत्रकार, समालोचक/समीक्षक व्यक्तित्वका धनी छन् मरहट्टा ।

---

[५६] दिल सहानीबाट प्राप्त जानकारी

[५७] 'फूलको डोली' साहित्यिक मासिक वर्ष ४ अंक ८ पूर्णाङ्क ४१ (मंसिर २०६१) पृ.१२

[५८] *उत्प्रेरणा* साहित्यिक मासिक वर्ष २ अंक १० श्रावण २०५४

### ३.४.२.२.२ साहित्यिक आन्दोलक व्यक्तित्व

मोदनाथ मरहट्टाले नेपाली साहित्यमा विभिन्न समयमा देखा परेका परिवर्तनमा सक्रियता देखाएका छन् । प्रगतिवादी विचारका धनी मरहट्टाले हरेक साहित्यिक सम्मेलनहरूमा क्रान्तिधर्मी कविता वाचन गरेर साहित्यिक आन्दोलनमा टेवा पुऱ्याएका छन् ।[५९] २०३६, २०४६, २०५२ सालको आन्दोलनसँगै उनले समसामयिक कविता आम समुदायमा पस्केर आन्दोलनको नेतृत्वदायी भूमिका निर्वाह गरेका छन् । जनयुद्धसँगै उनका कविताहरूले जनक्रान्ति र मुक्तिका खातिर गोलबद्ध हुन निर्देश गरेका छन् ।[६०] प्रगतिशील साहित्यलाई सङ्गठित गर्न मरहट्टा आफैले २०५८ सालमा संस्थापक अध्यक्ष वनी ९ सदस्यीय प्रेलस गोरखाको गठन गरी साहित्यिक आन्दोलनको थालनी गरेका छन् ।[६१] यसै गरी मोफसल गणतान्त्रिक स्रष्टा मञ्च (वन्दिपुर) को अध्यक्ष बनेर उनले गणतान्त्रिक साहित्यिक आन्दोलनलाई अघि बढाएका छन् । अन्याय, अत्याचार, शोषक, सामन्तको विरूद्ध कलम चलाउने मात्र नभइ कला साधकहरूलाई सङ्गठित बनाउँदै आमूल परिवर्तनको दिशामा अगाडि बढाउन निरन्तर क्रियाशील अथक योद्धा हुन् मोदनाथ मरहट्टा, उनका सिर्जनाहरूले नेपाली साहित्य भण्डारलाई धनी बनाएको छ । ।[६२]

---

[५९] नरनाथ मरहट्टाबाट प्राप्त जानकारी

[६०] डि.आर. शर्माबाट प्राप्त जानकारी

[६१] ऋृषि खनाल *प्रगतिशील साहित्यमा गोरखाको योगदान* अप्रकाशित शोधपत्र त्रिभुवन विश्वविद्यालय ( २०६२)

[६२] ऋृषि खनाल 'आँगन' नेपाली भाषा शिक्षक समाज वर्ष १अंक १ २०६४ पृ.३८

# चौथो परिच्छेद

## मोदनाथ मरहट्टाका कृतित्वको अध्ययन

### ४.१ कविता

रसात्मक वा ध्वन्यात्मक अर्थको प्रतिपादन गर्ने रीतियुक्त वा सौन्दर्यपरक रम्य कथन नै साहित्य हो भने एक श्रव्य तथा पद्यभेदका रूपमा कविता देखापर्छ ।

[१] कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनिएको साहित्यिक कृति वा रचनालाई कविता भनिन्छ ।[२] कविता अनुभूतिको भाषिक लयात्मक अभिव्यक्ति हो । प्राचीन कालमा साहित्य भन्नाले काव्य बुझिन्थ्यो तर आधुनिक साहित्यले गद्यात्मक वा पद्यात्मक कवितामयी कृतिलाई बुझाउँदछ । पूर्वीय साहित्यमा संरचनात्मक आयामका दुष्टिले कवितालाई लघु, मझौला र बृहत् रूपमा विभाजन गरिएको छ । पाश्चात्य साहित्यमा भने कविताका फुटकर र बृहत्रूप मात्र प्राप्त छन् ।[३] कवितालाई पूर्वीय पाश्चात्य विभिन्न विद्वानहरूले परिभाषित गरेका छन् ।

भरतमुनिले रसको प्रधानतालाई,[४] भामहले शब्द र अर्थले युक्त रूपलाई,[५] दण्डीले अभिष्ट अर्थले युक्त पदावलीलाई[६] र साहित्यदर्पणका ग्रन्थकार विश्वनाथले रसात्मक वाक्यलाई[७] काव्य (कविता) को रूपमा परिभाषित गरेका छन् । हिन्दी साहित्यकार हजारीप्रसाद द्विवेदीले 'साहित्यको सृष्टि मानिसले मानिसको लागि गर्दछ, ।

---

[१] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) नेपाली कविता भाग १ तृ. सं. (काठमाडौं साझा प्रकाशन २०४६) पृ. १ ।

[२] वासुदेव त्रिपाठी (सम्पा.) नेपाली बृहत शब्दकोश, (काठमाडौं ने.रा.प्र.प्र. २०४०) पृ. २१५

[३] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) नेपाली कविता भाग ४ दो.सं. .(काठमाडौं साझा प्रकाशन २०४६) पृ. ५९ ।

[४] भरतमुनी, नाट्यशास्त्र, छैठौँ अध्याय, पृ. २२७ ।

[५] नगेन्द्र (सम्पा.) भारतीय काव्यशास्त्रकी परम्परा, काव्यलङ्कार १/१६ (दिल्ली पब्लिसिङ हाउस १२०१३) पृ. ४१ ।

[६] ऐजन

[७] गोविन्द प्रसाद भट्टराई, पूर्वयिकाव्य सिद्धान्त, (काठमाडौं : ने.रा.प्र.प्र. २०३१) पृ. १४ ।

मानिस नै साहित्यको लक्ष्य हो'[८] भनेका छन् । पाश्चात्य साहित्याचार्य अरस्तुका मतमा 'कलाले प्रकृतिको अनुकरण गर्छ'[९] भन्ने हो ।

नेपाली साहित्य चिन्तक एवं नाट्यकार बालकृष्ण सम 'कविता भावनाको बौद्धिक कोमलता हो'[१०] भन्छन् । लक्ष्मीप्रसाद देवकोटा आत्मपरक अभिव्यक्ति र हार्दिक पक्षलाई साहित्यका लक्षण मान्छन् ।[११] माधवप्रसाद घिमिरे ' शब्द र सङ्गीत, अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो'[१२] भन्छन् । पूर्वीय तथा पाश्चात्य यी माथिका विभिन्न परिभाषाहरूका आधारमा के स्पष्ट हुन्छ भने कविता भाषाका माध्यमद्वारा प्रस्तुत गरिने कविको स्वानुभूतिका कोमल-कलात्मक र रसात्मक अभिव्यक्ति हो ।

### ४.१.१ नेपाली कविता परम्परा

नेपाली कविताको पुरानो साँध खोज्दै जाँदा मौखिक कविता परम्परा मात्र भेटिन्छ । विक्रमको ११ औँ शताब्दीतिरबाट अलिखित कथ्य, अभिलेख शिलालेख हुँदै अगाडि बढेको यस विधामा १८ औँ शताब्दीमा आइपुगेपछि मौखिक लोकगीत परम्पराबाट क्रमशः विकास हुँदै लेख्य नेपाली कविताहरू देखा पर्न थाल्छन् । लेख्य नेपाली कविता प्राप्त हुनुपूर्वको समयलाई नेपाली कविताको पृष्ठभूमिकालका रूपमा दाँजेर तीन चरणमा काल विभाजन गरिन्छ ।

क) प्राथमिक काल (वि.सं १८२६-१९४०)

ख) माध्यमिक काल ( वि.सं १९४१-१९७४)

ग) आधुनिक काल ( वि.सं १९७५-हालसम्म)

---

[८] गणपतिचन्द्र गुप्ता (सम्पा.) *हजारीप्रसाद द्विवेदीको साहित्यिक मान्यताएँ,*( चण्डीडढः भारतेन्दु भवन, इ.१९६९) पृ. १८६ ।

[९] केशवप्रसाद उपाध्याय *साहित्यप्रकाश,* तृ.सं. (काठमाडौँस सा.प्र. २०४०) पृ.सं.१५ ।

[१०] बालकृष्ण सम "मेरो भन्नु" *आगो र पानी,* दशौं सं. (काठमाडौ सा प्रः२०४९) ।

[११] लक्ष्मीप्रसाद देवकोटा, लक्ष्मी निवन्ध संग्रह, आठौं संस (काठमाडौ. स ा.पं २०४०) पृ ७८ ।

[१२] माधव घिमिरे "कविता तत्व" कविता (३/३ वर्षा) पृ. ३४५ ।

**क) प्राथमिक काल (वि.सं १९२६-१९४०)**

प्राथमिक कालका पूर्वाद्धमा वीरधाराका कविताहरू  देखापर्छन् । प्राथमिक कालको पहिलो लिखित कविताको रूपमा नेपाली कविता परम्पराको इतिहासमा वि.स. १८३१ को सुवानन्ददासको 'पृथ्वीनारायण' कविता देखापर्छ ।[१३] यस चरणका कविताहरूको मुख्य काम नै देशको  विस्तारको कामना गर्नु, वीर शासकको प्रशंसा र स्तुति गर्नु रहेको छ । वीरता र विजयका कविताहरूको प्राधन्य रहेकाले यसै प्रवृत्तिको आधारमा यस काललाई  वीरकाल भनिएको हो ।[१४] यस धाराका केन्द्रीय कवि उदयानन्द अर्याल हुन् ।

प्राथमिक कालको उत्तरार्द्धमा भक्तिधारा देखापर्छ । वि.सं १८७३ देखि १९४० सम्मको यस अवधिमा सगुण र निर्गुण भक्ति देखापर्छन् । सगुणभक्ति अन्तर्गत रामभक्ति र कृष्णभक्ति प्रवलरूपमा देखिन्छन् भने  निर्गुण भक्ति अन्तर्गत ईश्वरका निराकार स्वरूपको वर्णन पाइन्छ ।

**ख) माध्यमिक काल ( वि.सं १९४१-१९७४)**

नेपाली कविता परम्पराको माध्यमिक काल  वि.सं १९४१देखि प्रारम्भ हुन्छ । मोतीराम भट्टको आगमनसँगै नेपाली कवितामा मुद्रण कार्यको प्रारम्भ अनि श्रृंगारिकताको उच्चता देखापर्छ । लेखोट युग पार गरेर प्रकाशन युगमा पाइला चाल्नु नै यसको मुख्य उपलब्धी र काल विभाजनको मूल आधार हो ।

यस श्रृङ्गारिक कविता धाराको अन्तिम विन्दुका रूपमा 'सूक्तिसिन्धु' कविता संग्रह ( वि.सं१९७४) चर्चित छ । मौलिक अभिव्यक्तिमा चासो अनुवाद रूपान्तरणमा कमी आउनु तथा कविताको कला सौन्दर्य पक्षमा परिष्कार हुनु यसकालको मुख्य उपलब्धी देखापर्छ ।

---

[१३] चूडामणि बन्धु (सम्पा.) *साझा कविता* पाचौं सं.( काठमाडौं साप्र.२०४९) पृ.३

[१४] मोहनराज शर्मा र डा. दयाराम श्रेष्ठ, *नेपाली साहित्यको संक्षिप्त इतिहास,* तृ.सं. ( काठमाडौं साप्र.२०४६) पृ.३०

गोरखापत्र (१९५८) र सुन्दरी (१९६३) जस्ता पत्रिकाले यस कालको कविता उन्नयनमा महत्वपूर्ण भूमिका निभाएका हुन् । यस कालका केन्द्रीय र सशक्त प्रतिभा मोतीराम भट्ट हुन् ।

**ग) आधुनिक काल ( वि.सं १९७५-हालसम्म)**

नेपाली कविता यात्रामा आधुनिकताको जग बसाल्ने कवि लेखनाथ पौड्याल हुन् । भाषाशिल्पगत परिष्कार, सामाजिक पुनर्जागरणको स्वर र बौद्धिक चिन्तन पौड्यालका कवितात्मक विशेषता देखा परे । यस कालमा परिष्कारवादी स्वच्छन्दतावादी, प्रयोगवादी र समसामयिक धाराका कविताहरू देखा परे । गद्य र पद्य गरी दुई भेदमा छुट्टिने अवस्था पनि यसै कालमा देखा पर्‍यो भने अर्थ्याउनै नसकिने कठोर र दुर्बोध कविताहरूको सिर्जना तथा लामा कविताहरूको प्रस्तुति यसै कालका उपज हुन गए । वि.सं. २०३० साल पछिका समसामयिक धाराका यस समयमा समानान्तर धाराहरू आयमेली कविता, राल्फा, अकविता, बुठ पालिस, तरलवाद, योङ राइटर्स फ्रन्ट, सडक कविता आदि आन्दोलनहरू देखा परे । विभिन्न चिन्तनका विविधताले साहित्यमा गहिरो प्रभाव पार्‍यो । मानव जीवनका अनुभूतिहरू विविध वाद र धाराका रूपमा कवितामा अभिव्यक्त हुँदै विकास हुन थाल्यो ।

**४.१.२ नेपाली कविता परम्परामा मोदनाथ मरहट्टा**

मोदनाथ मरहट्टा स्वच्छन्दतावादी प्रगतिवादी भावधाराका सशक्त कवि प्रतिभा हुन् । उनका प्रारम्भिक कविताहरू प्रकृतिका आड लिएर क्रान्तिको ज्वाला बाल्ने खालका छन् । उत्तरार्द्ध चरणका कविताहरू सामाजिक यथार्थमा आधारित छन् । उनका कविताले सामाजिक विसङ्गतिहरूको यथार्थ प्रस्तुति र त्यसप्रति व्यङ्ग्य प्रकट गरेका छन् ।

मोदनाथ मरहट्टाले डा. बाबुराम भट्टराईको सम्पादकत्वमा प्रवासबाट २०३७ सालमा प्रकाशित नेपालीहरूको मुखपत्र‘नेपाली एकता’ वर्ष १ अङ्क ३ बाट ‘प्रवासी दाजुलाई चिठी’ कविता छपाएर साहित्यिक सिर्जना प्रकाशनको पाइला चालेका हुन् । यही उनको पहिलो प्रकाशित रचना हो । यसपछि उनले ‘यो चलन फालौं’ शीर्षक

कविता नेपाली एकतामा नै छपाए । यसपछि उनले उत्प्रेरणा, शिक्षक बुलेटिन र फूलको डोली आदि पत्रपत्रिकामा कविताहरू छपाउन थाले । उनले प्रथम प्रकाशित कविता संग्रह'पाइलाहरू शिखरतिर उकासिदै गर्दा' २०५५ हो । साहित्यका धेरै विधामा कलम चलाएर पनि प्रकाशनको हिसाबले उनको साहित्यिक यात्रा कविता विधामै सीमित देखिन्छ । उनको कविताका लघुतम, लघु र मध्यम रूप अर्थात् खण्डकाव्य आयाम सम्मको यात्रा पार गरिसकेका छन् । रचना सिर्जनामा अनवरत यात्रा गरिरहेका उनको अझै विशिष्ट प्राप्तिको आशा गर्न सकिन्छ । उनको खण्डकाव्य 'उज्यालो जन्मनुअघि २०६२' प्रकाशित भैसकेको छ ।

### ४.१.३ मोदनाथ मरहट्टाको काव्यकारिता

मोदनाथ मरहट्टा यथार्थवादी साहित्यकार हुन् । सामाजिक यथार्थलाई उनले आफ्नो सिर्जनाको कथ्य बनाएका छन् । उनको रचनाले नारी मूल्य र सामाजिक सुधारको चाहना व्यक्त गरेका छन् । २०५२ सालदेखि सुरू भएको जनयुद्धको प्रभाव मरहट्टामा गहिरोसँग परेको छ । 'उनी जनयुद्धले जन्माएका कवि हुन्'.[१५] गङ्गाको जलप्रवाह झैं सलल बगेका उनका कविताहरू सरल र कारूणिक छन् । दुःखी गरिबका सङ्घर्षशील जीवनको स्मृति गर्दै प्रत्येक निरङ्कुश दमनसँगै शक्तिशाली क्रान्ति जन्मने कुरा उनका कवितामा अभिव्यक्त भएको पाइन्छ । जनयुद्धको तेजस्वी सूर्यलाई हत्केलाले छेकेर नछेकिने कविको विचार पाइन्छ । निरङ्कुश शासन तथा सरकारी झुठा आश्वासनले सत्यको खोजी गर्ने र समताको चाहना गर्ने जनताको चैतन्यमाथि दमन गर्न सक्दैन भन्ने क्रान्तिकारी स्वर उनका कवितामा गुन्जिएका छन् ।[१६] तत्कालीन व्यवस्थाले जनतामाथि गरेको शोषण, अन्याय र दमनको पर्दाफास गर्दै उनी नवीन राजनैतिक र सामाजिक व्यवस्थाको आमन्त्रण गर्दछन् । वर्गीय असमानताप्रति असन्तोष व्यक्त गर्दै वर्गसमन्वय र जातीय एकताको कामना गर्ने मरहट्टाको कविताहरूमा देशभक्ति र राष्ट्रियत झल्किएको पाइन्छ । देश र जनताको हितको लागि जीवनन पनि आहुति गर्ने

---

१५. दिल सहानीबाट प्राप्त जानकारी
१६ ऐजन

सङ्कल्प र मृत्यु पछिको अमरताको कामना उनी गर्दछन् । विद्रोहात्मकता, राष्ट्रियता र मानवतावाद उनका साहित्यिक प्रवृत्ति हुन् । प्रगतिशील आस्थाको पथमा कविता सौन्दर्यको रचना गर्ने मरहट्टाका कविताहरू नेपाली समाजका सुख दु:ख तथा घात प्रतिघात एवं करूणा विद्रोहका स्वर सुसेल्न सफल छन् । वर्गगत नेपाली समाजको शोषित पीडित जनताको पक्षमा चेतनाको स्वर भर्ने र युद्धमा सामेल भइ मुक्तिका लागि लड्ने कामना उनका कविताले गरेका छन् । शब्दलङ्कार तथा अर्थलङ्कारको समुचित प्रयोगले कवितालाई सुमधुर, गेयात्मक र श्रुतिरम्य बनाएका छन् । विम्ब प्रतीकको सचेत प्रयोगले कविताको सरलता र तरलतालाई तोडमोड गरेको पाइँदैन ।

### ४.१.४ मोदनाथ मरहट्टाको साहित्यिक यात्राको चरणविभाजन

कवि मोदनाथ मरहट्टाको साहित्यिक यात्राको चरण विभाजनलाई मुख्यतया दुई खण्डमा विभाजन गरेर हेर्न सकिन्छ । वि.सं.२०५२ सालबाट सुरू भएको माओवादी जनयुद्धको गहिरो प्रभाव ग्रहण गरी मुक्तकण्ठले प्रशंसा गरिएका उनका पत्रपत्रिकामा प्रकाशित छरिएका सिर्जना र त्यसैको प्रकाशित पुस्तकाकार कृतिलाई प्रथम चरण २०३७-२०५५ अनि २०५६ देखि वर्तमानसम्मको कवितायात्रालाई दोस्रो चरणका रूपमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ । यस दोस्रो चरणका उनका कवितामा राज्य, पुरूषसत्ता तथा जनयुद्धबाट सिर्जिएका जटिल समस्या र विसङ्गति अभिव्यक्त भएका छन् । कवि मरहट्टाको कवितात्मक चरण विभाजनलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ ।

**क) प्रथम चरण: २०३७-२०५५ सम्म कविता यात्रा**

**ख) द्वितीय चरण: २०५६- वर्तमानसम्म खण्डकाव्य यात्रा**

**क) प्रथम चरण: २०३७-२०५५ सम्म कविता यात्रा**

कवि मोदनाथ मरहट्टाको यस प्रथम चरणमा पत्रपत्रिकामा प्रकाशित केही फुटकर कविताहरू र त्यसैलाई संयोजन तथा सम्वर्धन गरी प्रकाशित पुस्तककार संग्रह‘पाइलाहरू शिखरतिर उकासिदै गर्दा’(२०५५) देखा पर्छ । यस संग्रहका केही कविता सामाजिक वेथिति कुरीति अन्धविश्वासले जकडेको समाज चित्रणमा केन्द्रीत छन् भने बहुसंख्यक कविताहरू कुचक्रको पर्दाफास गर्दै सामाजिक समता, न्याय र मुक्तिका आवाज घन्काउन रचना

गरिएका पाइन्छन् । जब परिदृश्यका पीडाहरूले कविको अन्तर्मनलाई नराम्ररी घोच्छ तब तिनै परिदृश्य कविका कविताका विषयवस्तु बन्छन् । प्रकाशनका आधारमा फुटकर कविताहरूको प्रकाशन सँगालो कवि मरहट्टाको यस चरणको महत्वपूर्ण उपलब्धी देखापर्छ ।

**ख) द्वितीय चरणः २०५६- वर्तमानसम्म (खण्डकाव्य यात्रा)**

कवि मोदनाथ मरहट्टाको यस दोस्रो चरण आयाम विस्तार अनि काव्यगत भाव संप्रेषण दुवै हिसाबले पृथक् देखापर्छ । वर्गद्वन्द्व र क्रान्ति अनि मुक्तिको चाहनालाई सर्वोपरि ठानी अन्धभक्त भएर सिर्जनाका माध्यमबाट शोषित पीडित जनताका घरदैलो उघार्न पुगेका उनी यस उत्तरार्द्ध चरणमा राज्यसत्ता र जनयुद्ध दुवैबाट वाक्क भैसकेका छन् । मुक्तियुद्धमा हरतरहले सामेल भएका कवि मरहट्टा राज्यसत्ताको पञ्जामा फसेपछि र कारागारको लामो अन्धकारमय जीवनमरणको दोसाँधको समयले मुक्तिसंग्रामका विसङ्गति समेत केलाउन पुग्छन । यसरी कवि यस चरणमा आइपुग्दा अन्धविश्वास र कुरीतिले जकडेको पुरूषसत्ता, नारीवेदना, राज्यआतङ्क तथा जनयुद्धका वेथितिलाई आफ्नो सिर्जनाको मूल विषयवस्तु बनाउन पुग्छन् । यही भिन्न प्रवृत्तिका मरहट्टाका कविता यात्रालाई दोस्रो चरणका रूपमा अलग गरिएको हो भने अर्को विशेषता भनेको फुटकर कविता र त्यसको संग्रहबाट खण्डकाव्यको आयाम विस्तारसम्म पाइला चाल्नु पनि हो ।

**४.२. मोदनाथ मरहट्टाको कवितासंग्रहको अध्ययनः**

मोदनाथ मरहट्टाको‘पाइलाहरू शिखरतिर उकासिँदै गर्दा’ (कविता संग्रह २०५५) भित्र जम्मा २९ वटा कविताहरू रहेका छन् । कविकै शब्दमा भोक विरूद्ध लड्दा नेपाली माटोलाई रगतको दान दिइरहेका साथै मुक्तियुद्धको रगताम्य बाटोबाट यात्रा गरिरहेकालाई समर्पण गरिएका कविताहरू वि.सं.२०५२ को सेरोफेरोतिरबाट लेख्न आरम्भ गरिएको अनुमान गर्न सकिन्छ । ती कविताहरू क्रमशः बलेकी आमा, देश खोतल्दा, क्रान्ति, सिङ्गो देशको मेष विखु, म र बन्द कोठा, दुइ गीत, बिउँझने याम आयो, रचना, कर्तव्यबोध, पक्कै उदाउन्न र ?, हरिमायाँ, नयाँ प्रयोगशालाबाट, माया, वेथान तम्तयारीमा , मृत्यु

संस्कार:समाज, पाइलाहरू शिखरतिर उकासिदै गर्दा, म युद्ध बनेर आउँदैछु, प्रजातन्त्र, यो वर्षको कविता, को रोक्दछ ?, हाम्रो गाउँ र साहु कान्छो, म लेख्छु क्रान्तिको गीत, किनकी तिमीलाई महाभियोग  लागिसकेको छ, पल्लो गाउँ भिन्दै भएको छ, मैले निम्तो ग्रहण गरे, रातो घाम कति दिन कैद हुनसक्छ ? म बूढो पाले दाइ, भूगोलमा कोरिएका चित्र र मेरो दाइ म र मान्छेहरू हुन् । कूल छपन्न  पृष्ठमा संरचित यस कविता संग्रहको प्रकाशक कवि स्वयं हुन् । यस संग्रहमा संकलित सबै कविताहरू गद्यमा आवद्ध छन् । प्रकाशनका दृष्टिकोणले कवि मरहट्टाको साहित्यिक यात्राको पहिलो चरणमा ‘ पाइलाहरू शिखरतिर उकासिदै गर्दा ’ कविता संग्रह देखा पर्छ । देशले रक्तक्रान्तिको उद्घोष गरिसकेको, हजारौं युवाहरू  लामबद्ध भैसकेका र खुनी सत्ताले सयौं निर्दोष जनता र मुक्तिकामी योद्धाको छातिमा गोली बर्साइरहेको अवस्थामा कवि टुलुटुलु हेरेर बस्न सक्दैनन् र उनीभित्रको भावना कविता भइ बग्न थाल्छ र उज्यालो भविष्यको आशावादी दृष्टिसहित‘ पाइलाहरू शिखरतिर उकासिदै गर्दा’  कविता संग्रह निसृत हुनपुग्छ । कुनै पनि कविता संग्रहको अध्ययन गर्दा त्यसभित्र संग्रहित कविताहरू के कस्ता छन्, तिनीहरूले के कस्ता जीवनदर्शन र  युगसन्देश दिएका छन् विवेचना गर्न आवश्यक हुन्छ । त्यसकारण प्रस्तुत संग्रहमा संकलित कविताहरूको विभिन्न कोणबाट गरिएको अध्ययन तल प्रस्तुत गरिन्छ ।

### ४.२.१ फुटकर कविताको परिचय

**१. बलेकी आमा:**

मोदनाथ मरहट्टाको ‘पाइलाहरू शिखरतिर उकासिंदै गर्दा’ कविता संग्रहमा संग्रहित पहिलो कविता ‘बलेकी आमा’ हो ।  नेपालको कुनै सुदूर  गाउँको  दु:खी हेपिएकी र दबिएकी बलेकी आमालाई प्रतीकको रूपमा  उभ्याएर कवि मरहट्टाले आम नेपाली आमा र नेपाल आमा अत्यन्त जोखिममा परेकी छन् भन्ने भाव व्यक्त गर्दछन् । एकसरो लाउन र एकपेट खान उनले के के पो गरिनन् र, पाखुरीमा दुइ मुट्ठी बल हुदाँ मुखियाको बाझो जग्गासँग जुध्ने बलेकी आमा अनुहारमा एकझोला बैश हुँदा पर्धानको साह्रै मन परेकी थिइन् । त्यतिमात्र होइन, गाउँमा ठूला ताउला भतेर पाक्दा भाडा माझ्ने मजदुरमा नियुक्त हुन्थिन् । त्यति गरेर  आफ्नो परिवारको जीवन धानेकी आमा लोग्ने विदेशमा

हराउँदाको पीडा, आफ्ना सन्तानको अनुहार हेरेर चित्त बुझाउँछिन् । तर आज उनीहरू पनि पखेटा लागेका र बचेराले गुँड र माउलाईझैं छोडेर हिडिदिए पछि विचलित बन्छिन् । अब त खुट्टा गले, कपाल फुल्यो, ढाड कुप्रियो, दम बढन थाले। घर भन्ने छाप्रो पनि कुनै दिन हुरीले सजिलै च्यातिन सक्नेभयो । उनका आफन्त भन्नु अब छुचुन्द्रा र मुसा मात्र बनेका छन् । गाउँमा भैसी थाक्दा ऊ बोक्सी बन्छे, कोदो हराउँदा चोर्नी बन्छे, विगतका दिन सम्झेर वर्तमान चिच्याउँदै बलेकी आमा अव त आस पिएर केबल काल कुर्दै छे , अनिश्चित र अन्यौलका बीच कठिन जीवनघट्ट घुमाउँदै छे ।

कवि मरहट्टाले यस कवितामा देशका निरीह जनतामाथि स्वार्थी शासकहरूले गरेको निरङ्कुश शासन, सामाजिक भेदभाव, अन्याय अत्याचार, दमन, क्रुरता, विवशता र बाध्यता, गरिबमाथिको कुठराघात, अमानवीय व्यवहार र एकाधिकार जस्ता दुर्व्यवहारको उद्घाटन गरेका छन् । उनले देशमा वि.सं. २०४६ सालमा राजनैतिक परिवर्तन भएपनि त्यसले निम्नवर्गीय जनतामा केही भरोसा दिन नसकेको यथार्थ प्रंस्तुत गरेका छन् । अझ त्यसमाथि रूढिवादी र अन्धविश्वासले बृद्धा र गरिबहरू कत्तिको प्रताडीत छन् भन्ने सामाजिक यथार्थ अभिव्यक्त गरेका छन् ।

**२. देश खोतल्दाः**

देश खोतल्दा शीर्षक कविता कवि मरहट्टाको सचेत नागरिकले देखेको विवश देश नेपालको यथार्थ प्रतिबिम्ब हो । 'म' पात्रले उसको देश विक्षिप्त मुखाकृति पारेर मुटुको घाउको पीडा भोगेको क्षितिज नियालेर चिहाएको छ । उसले कहिले वैंश मातिरहेको साक्षात् भोग्यो त कहिले अभाव र अन्यायको चुचुरो बोक्यो तर परिवर्तन पछि मण्डलेहरू जय नेपाल र लालसलाममा भित्रिदा अन्य मनस्कतामा कोल्टे फेरेर हेर्न मात्र सक्यो । 'म' पात्र अव त्यसलाई केवल कतर्व्यविमूढ भएर हेरेको छैन । उसले त मल्हमपट्टीको जोहो मिलाउन, अभावको पहाड फोडेर सम्याउन अनि नातावादको अन्याय समाप्त पार्न मुक्ति युद्धमा लामबद्ध बन्न लागेका योद्धाहरू सुनेको छ र त्यसप्रति सचेत छ । देश यसरी खोतलिएको छ-

खिया लागेको छिनो कुन्जामा

रेत दलेर उज्यालो चम्काउने

आरन शिलान्यास भयो

विवेकको विमोचन सुनियो ।

देश परिवर्तनको उद्घोषले सहर मात्र होइन गाउँपनि फेरिन थालेको छ । हिजोसम्म आफन्तको दर्वानीमा आँसु बगाएर रून्ने अर्धाङ्गिनीहरू आज सिन्दुर पुछिंदा पनि विचलित छैनन् बरू क्रुरतालाई हुँकारका साथ कायल बनाएका छन् । धर्मान्धतालाई ढालेर, पौरखको परिचय पोखेर 'अनौ' समातेका छन् र भूगोलको बाझो फुटाएका छन् । यसरी कविले आफ्नै देश एकपटक खोतलेर हेरेका छन् र आफैप्रति सचेत बन्दै गएको वर्तमान प्रति चनाखो बन्दै परिवर्तनको न्यानो लालिमाको आसापूर्ण आभा अनुभूत गरेका छन् ।

**३.क्रान्तिः-**

क्रान्ति परिवर्तनको संवाहक हो । देश अन्याय र अत्याचारको साङ्गलोमा जकडिएको बेला नमिवियाको भोक, खालिस्तान र कुर्दीस्तानको पीडा बोकेको बेला सचेत नागरिक देशभक्तिको मसाल बोकेर उज्यालो बिहानको खोजीमा निस्कन्छ । यही आसा र कर्तव्यबोध कविमा देखिएको छ । यति बेला योद्धाको मनबाट त्रास हट्छ रातो झण्डा फर्फराएर क्रान्ति विगुल बजाएर आउँछ ।

कवि भन्छन्-

मनको आकाशबाट भयको बादल फाटेर गएपछि

क्रान्ति आफैं रातो झन्डा फर्फराएर आउँदैछ ।

वर्ग सङ्घर्षको कठिन भट्टीमा खारएिर नागबेली बाटोबाट आम नागरिकलाई ब्युँझाउँदै क्रान्ति हुनानका बस्तीमा आउने विश्वास कविमा छ । यस्तो क्रान्तिले समयका पानामा श्रमको परिभाषा खोज्ने छ । विश्वकै सर्वोच्च शिखर सगरमाथामा अनि महाभारत पहाडको शिरमा लाल झन्डाको गर्जन बोकेर क्रान्ति जनमुक्तिको दस्तावेज लेखेर आउन लागेकोमा कवि त्यसलाई स्वागत गर्न तम्तयार भएको देखिन्छ ।

**४. सिङ्गो देशको मेष बिखु-**

धार्मिक अन्धताको कालो बादल छोपेर आम नेपालीलाई शोषण गर्न पल्केका पण्डित बाजेलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेर कवि मरहट्टाले आफूभित्रको आक्रोस व्यक्त गरेका छन् । पात्रो फुकाएर बिखु परेको देखाउने लोभी पण्डित सिङ्गो देशलाई बिखु परेको देख्छन् । दरिद्र बनेको र ठगिएको देश र नागरिकको बिखु त्यहाँ लेखिएको हुन्न, त्यहाँ त कङ्गाल नागरिकलाई ठग्ने उपाय लेखिएको हुन्छ । यसप्रति कविको असहमति छ । देशमा विभिन्न प्राकृतिक विपत्ति आइलागेको छ, त्यहाँ कस्तो कष्ट थियो कवि सोध्न चाहन्छन् त्यसपछि नाजवाफ बनेका पण्डित बाजे झोक्राउन र पात्रो पोको पार्न थाल्छन् । यसरी कवि आफ्नो आक्रोस फुकाउँछन् र भन्छन्-

अस्ति जहानिया राणाले<br>
पढ्न लेख्न दिएनन्<br>
तपाई जस्तो पुरेतले जे लगाए<br>
धर्मको नाममा सोसो पुऱ्याए<br>
तर चिच्याहट चर्कै थियो<br>
बिखु पर्नेले शान्ति गरेकै थिए क्यारे ।<br>
कोटीहोम पोलेकै थिए किन शान्ति भएन ?

क्रुर शासकहरू आफ्नो बिखु शान्त गर्न बन्दुकको नाल रैतीतिर सोझ्याउदै छन् तर तिनको सत्ताको आयु छोटिएको छ । पशुपति ज्युँदो हुँदा पनि धर्म मान्नेले भन्दा पनि, शुभकामना बाडेपनि कसैको बिखु शान्त नभएको कविको ठम्याई छ । नत्र किन तीस वर्षे पञ्चायत आफ्नो ढाड खुस्किएर आर्यघाटमा पुगी जल्नुपर्थ्यो र ?

स्वतन्त्रताको निम्ति सम्पूर्ण जनता सडकमा ओर्लिए । न्याय समानता र मुक्तिका खातिर कयौं वीर योद्धाहरूले बलिवेदीमा शरीर चढाए तर निर्दलसित बौदल साटिएपनि भोक आफैं उपवास बसेको छ । दुई नम्बरी धन्दावालहरू आफैं मोटाएका नै छन् । परिवर्तनको महसुस नहुँदा कवि चिन्तित छन् । उनलाई शंका लागेको छ-

'मेष विखु हो कि तुला बिखु हो ?'

बिखु शान्त गर्ने प्रयास गर्दा गर्दै पाँचवर्षको लागि टीका लगाएको जर्सी तीन वर्षमा फाटेको छ । जनपक्षका ठेगदारहरूको दुहुनो गाई पनि (जर्सी) नौ महिनामा थाकेको छ । कविको व्यङ्ग्य मिश्रित शंका छ ।

कवि दृढ विश्वस्त बन्छन्- अब नयाँ पात्रो लेख्नुपर्छ । दमनकारी शासकका बिखु अझ स्पष्ट देखिनुपर्छ । मुक्तिकामी जनताको बिखु सदाको लागि मेटिनुपर्छ ।

**५. म र बन्द कोठा-**

म र बन्द कोठा शीर्षक कविता कविको स्वतन्त्रताको चाहना र बाध्यता बीचबाट आशावादी स्वर उचालिएको उत्कृष्ट कविता हो श्रमिक र श्रमजीवी वर्गको आवास भनेपनि वा घर एकमुठी प्राणवायु सम्म डराइ डराइ भित्र छिर्ने गर्दछ । त्यही बन्द कोठामा 'म' वा कवि आफ्नो जीवनरथ घिस्याइरहेका हुन्छन् । सानो धक्काले समाप्त पार्न सक्ने दलानसँग कविले मितेरी लगाएका छन् । तर परिवर्तनप्रति कविको तीव्र आकाङ्क्षा छ किनभने पुरानो क्यालेण्डर मिल्किएपछि मात्र त्यसको ठाउँ नयाँले लिन्छ । कवि अव पुरानो आस्था बोकेको चित्र च्यातेर लिपपोत गर्न आग्रह गर्छन् । कवि हरेक चिजमा टालटुल होइन चिरफार गर्नुपर्ने आह्वान गर्छन् र भन्छन्-

बाँसका भग्न कीलाहरू काँढा बिझेर
खील पल्टन सक्छन्
चीरफार गर्दै गरौंला...............

कविलाई अब बन्द कोठाप्रति वितृष्णा जागेको छ जसलाई भत्काएर ताजा स्वच्छ जीवनदायी भवन निर्माण गर्न मन लागेको छ र त्यसै अनुसार सबैलाई सघाउन उनी आग्रह गर्छन् । सारमा गलेको र टालटुले सत्ताले अब कसैलाई सुरक्षा दिन नसक्ने भएकाले नयाँ र श्रमिक वर्गीय राज्यसत्ता निर्माणको आकाक्षां यस कवितामा अभिव्यक्त भएको छ ।

**६. दुई गीत**

‘पाइलाहरू शिखरतिर उकासिदै गर्दा’ कविता संग्रहमा प्रकाशित दुई गीत शीर्षक अन्तर्गत प्रजातन्त्र र नेता गीत कविता समावेश छन् । पहिलो गीतमा कविले देशमा राज्य आतङ्क बढ्दै गएकोमा चिन्ता व्यक्त गरेका छन् । न्याय र समानताको निम्ति आवाज उठाउने गरिब नेपालीका लागि पेट भर्ने खाना होइन तातो गोली उपहार दिन्छ सत्ता । उसलाई सधै फागू छ जहाँ रङ्गको होइन जनताको रगतको होली खेलिन्छ कवि भन्छन्-

गाउँ शहर सबैतिर सस्तो हुन्छ गोली
सत्तालाई सधै फागू रगतको होली ।

प्रजातन्त्र आएपछि स्वतन्त्रता समानताको आकाङ्क्षा राख्ने नेपालीहरू अब निराश छन् । एकातर्फ सत्ता जोगाउन जुनसुकै निकृष्ट काम गर्न पछि नपर्ने अवस्था छ भने अर्कोतिर देश विकास गर्न भनेर राष्ट्रियता नै बन्धक राखेर झोली थाप्ने प्रवृत्ति बढेको देखेर कवि वाक्क भएका छन् -

विकास निर्माण केलाई चासो आफै हुन्छ भोली
राष्ट्रियता बन्धक बस्छ सधै थाप्छ झोली

्यसरी प्रजातन्त्रको दुहाइ दिएर निरङ्कुशता लाद्ने सत्ताको प्रवृत्ति नेतामा अझ बढेको कविको आरोप छ । चुनाव आएपछि मात्र गाउँ फर्केर चिप्ला कुराले गरीब नेपालीलाई झुक्याउने र जितेपछि मुख नदेखाउने नेतालाई कवि व्यङ्ग्य गर्छन् । विकास निर्माणका लागि छुट्याइएको रकम समेत आफ्नै व्यक्तिगत कार्यका लागि खर्च गर्ने नेताको कार्य घृणा योग्य देखिन्छ ।

बजेट पार्छ चुनाव खर्च बसी बसी सुल्छ
तल आको कमिशनले अझै भुँडी हुल्छ ।

यसरी यस कवितामा कवि मरहट्टाले तत्कालिन कुप्रवृत्तिप्रति तीव्र असहमति जनाउँदै परोक्षरूपमा नव नेपाल निर्माणको आकाङ्क्षा अभिव्यक्त गरेका छन् ।

**७. बिउाझने याम आयो-**

कवि मोदनाथ मरहट्टाद्वारा प्रकाशित कविता संग्रहमा संग्रहित 'बिउझँने याम आयो' कविता एक उत्कृष्ट शास्त्रीय छन्दको नजिक रहेको लयात्मक कविता हो । समाजमा विद्यमान शोषण दमन र अत्याचारका विरूद्ध सम्पूर्ण नेपालीहरूलाई व्युझन र सचेततापूर्वक कतर्व्य पथमा लाग्न आग्रह यस कवितामा गरिएको छ । श्रमिक वर्गको पसिना चुसेर स्वार्थको महल ठड्याउने मालिकका विरूद्ध हक अधिकार खोस्न लाग्नु पर्ने आवश्यकता वोध कविले गराएका छन् । श्रमिक मार्नेलाई सम्बोधन गर्दै तिम्रै पसिना चुसेर साहु डकार्छ भने तिमी हातका ठेला चहऱ्याएर दुःख गरिरहन्छौ । घरमा लालाबाला 'बाबा' भनेर खोको पेट लिइ गुहारीरहेका छन् भने साहु महलमा बसेर जुहारी खेलेको छ । कवि भन्छन्-

माने तेरो तरर पसिना चुस्छ साहु डकारी
तेरा ठेला भतभत फुटे भर्छ बाजे भकारी
खोको पेट घर बसी भुरो रून्छ बाबा गुहारी
काँधमा चढ्दै पयर बलियो खेल्छ साहु जुहारी ।

बिहान उज्यालो नहुँदै, निशाले पर्दा नखुलाउदै आँखा मिचेर झुत्राझाम्रा लुगा लगाएर आफ्ना लालाबाला ब्येहोर्नु पर्ने श्रमिकको अवस्थातर्फ सङ्केत गर्दै जीवनरथको पाङ्ग्रा गुडाउन साह्रै गाह्रो भएकोले न्याय र समानताको निम्ति व्युझने समय आएको तर्फ कविताले सचेत गराएको छ । आफ्नो लागि बोलिदिने कोही नभएका र सम्पूर्ण पुर्खालाई गाँजेर राखेकोले मुक्त गरेर उज्यालो प्राप्त गर्नु सन्तानको दायित्व भएको भाव यहाँ व्यक्त गरिएको छ । मान्छे कति स्वार्थी बन्दै गएको छ, मान्छेलाई कति हेय बनाएको

छ अनि मान्छेलाई नै मोज गर्दै साहु डकारी रहेको छ ,त्यसकारण सामन्तले जति चुस्यो चुस्यो अब चुस्न दिनुहुन्न, चुसिनु हुन्न, लुटिनु हुन्न । कवि भन्छन्-

हेपिएको कति दिन अरू चुप भै चुस्न दिन्छौ
लुटिएकाहरू अरू मिली कहिले बोल्न थाल्छौ ?

मुख भएरपनि नबोल्नेहरूलाई ब्युँझन र सचेततापूर्वक आवाज निकाल्न आग्रह गर्छन् कवि । समय अब पुरानो मात्र छैन । दिशा बदल्न आँट गर्नेहरू अब मसाल बोकेर अगाडि बढिसकेका छन् । पूर्व लाल हुने तर्खर गरिरहेको छ, ज्योति उदाउन लागेको छ, त्यतिबेला राँको बालेर, ब्युँझिएर अघि बढ्ने कवि आग्रह गर्छन् । देश परिवर्तनको सङ्घारमा पुगेका बेला निदाएर बस्न नहुने, समयानुसार परिवर्तनको निम्ति हातमा हात मिलाएर अघि बढ्न कविको आग्रह छ ।

**८. रचना-**

रचना शब्दले कुनै पनि वस्तु निर्माण वा बनाउने कार्य बुझाउँछ । कवि मरहट्टा पनि आफ्ना कविता मार्फत् नवसिर्जनाको आग्रह गर्छन् । सदियौ देखि 'सडक' परिवर्तनको द्योतक हो आफ्ना हक र परिर्वतनको निम्ति चेतनशील व्यक्तित्व जिन्दावाद र मुर्दावाद यही सडकको छातिमा पोखिन्छन् । अर्कोतर्फ नवनिर्माणको निम्ति स्वच्छ आकासमा 'झ्यापनहरू' फहराएर चेतनाका सर्जकहरू ब्युँझाउँछन् । देशलाई निरङ्कुशताबाट मुक्त बनाउन सबै तह र तप्काबाट सचेत हुन र नयाँ चिज रचना गर्न आग्रह गर्दै कवि भन्छन्-

घुम्ति र ओरालोमा स्लीप हुन नदिन
गति मुताविक गियर लगाउँछन् ड्राइभरहरू ।

वास्तवमा देश परिवर्तनको महान अभियान सजिलो छैन नत यो सोचेजस्तो सोझो बाटोबाट सजिलै पुग्न सकिन्छ । यसका लागि त अत्यन्तै सचेतनापूर्वक उकाली ओराली र घुम्ति मोडहरू पार गर्नुपर्छ । नवरचनाका क्रममा केही दुःख र पीडा पनि अनुभव हुन सक्छन् तर त्यसपछि प्राप्त हुने उपलब्धीका लागि केही त्याग पनि गर्न सक्नुपर्छ । कठिनाइका साथ जल सिंचन गरेमात्र नयाँ पोथ्रा टुसाउन सक्छ । विभिन्न औजार र हतियार तेजिलो भएकाले कविमा अब नयाँ आशाको सञ्चार भएको छ नयाँ सम्भावनाको द्वार खुलेको अनुभव भएको छ । सिर्जनाका विरूवा रोपिएकाले पक्कै नयाँ फूल फुल्ने र सुवासित हुने विश्वास कविमा यसरी पलाएको छ-

जालझेल र प्रपञ्चका पर्दाहरू
च्यातचुत हुन थालेछ कुनकाप्चातिर
सिर्जनाका फूलहरू रोपिएका छन् सृष्टिमा ।

**९. कतर्व्यवोध-**

प्रस्तुत कतर्व्यवोध कवितामा कवि मरहट्टाको देश र समयप्रतिको सचेतनाका कारण अन्तर्मनमा उब्जिएको चेतनालाई प्रकट गरिएको छ । मातृभूमि घायल बनेको देख्दा प्राणको बाजी लगाएर मुक्तियुद्धमा त्यसै लामवद्ध भएका नभएर कर्तव्यवोध नै भएको कविको ठहर छ । देश परिर्वतनको महान् यात्रामा कुनै एक पात्र मात्र होइन सिङ्गो देश जुरूक्क उठेको कविले देखेका छन् । आज पनि कैयौं मानिसहरू अन्जानमै आफ्नो आमाको दैलोमा सिस्नो उमारेर सामन्तको साढेका लागि चरन व्यवस्थापन गर्न उद्वेलित भएकामा कविले औंला ठड्याएका छन् । अब क्रुरता अत्याचारको प्रतीक अधीशहरूका लागि शववस्त्र किन्न मलामीहरू तयार छन् । उनीहरूलाई हरतरहले सहयोग गर्नु आफ्नो कतर्व्य भएको कविको विचार छ-

मैले जिम्मेवारीको बोध गरे

अधीशहरूको शववस्त्र किन्ने ।

नौलो विहानीका लागि कैयौं युवाहरू उदयाचलतिर लम्कदै गरेको र त्यसका स्पष्ट पहिचानहरू र पदचापहरू सुनिएकाले अव त्यसलाई पच्छ्याउनु पर्ने गौरवबोध कविमा भएको छ अनि भिmटी गुन्टा कसेर त्यतैतिर लाग्न तम्तयार भएका छन् ।

**१०. पक्कै उदाउन्न र ?**

कवि मोदनाथ मरहट्टाले आफ्ना कवितामा देशका निरीह जनतामाथि स्वार्थी शासकहरूले गरेको निरङ्कुश शासन, सामाजिक भेदभाव, अन्याय, अत्याचार, दमन, क्रुरता, यातना, गरिबमाथि कुठाराघात, अमानवीय व्यवहार र एकाधिकार जस्ता कठोर परिस्थितिको उद्घाटन गरेका छन् । पक्कै उदाउन्न र ? कवितामा पनि राज्य आतङ्कका कारण क्रुरताको पराकाष्ठा भोग्न बाह्य नेपालीको पीडा अभिव्यक्त छ । यहाँ आतङ्कका कुरा मात्र छैन, अब सचेत नागरिकहरू न्याय र स्वतन्त्रताका लागि मुक्ति युद्धमा लामवद्ध भैसकेकाले गरिबका लागि लालकिरण सहितको न्यानो बिहानी पक्कै उदाउने आशा र विश्वास कविमा छ । चर्को खडेरीसँग अब मनसुन पनि आरम्भ भैसकेको र जाली कायर र दुष्टहरूको सातो उडेको यथार्थ कविले लिपिवद्ध गरेका छन् । जब गाउँको निर्धन झुपडीहरू ब्युझन थाल्छन्, दुनिया फेर्ने अदम्य आँट लिएर भोका नाङ्गाहरू जुटछन्, दुष्ट शासकहरू झस्कन्छन्, उनीहरूमा त्रास बढ्छ । उनीहरूको साहारा अब केवल लाठी र बन्दुक बन्छ । त्यसैको आडमा बालक, वृद्ध, हली गोठाला मात्र होइन, आमा सरहका वृद्धा, विद्यालयका शिक्षकआदिलाई समेत सोत्तर बनाइन्छ, क्रुर आतङ्कको शिकार बनाइन्छ तर पनि जनतामा विचलन आएको छैन । सुन्दर बगैचा निर्माण गर्न चाहने मालीहरू अझ दृढ भएर लागेका छन् । कवि भन्छन् ।

गाउँ ठप्प बनाइ त्रास भरियो गोली र बारूदले

सुन्दर वाग फुलाउने दिन नयाँ पक्कै उदाउन्न र ?

**११. हरिमाया-**

हरिमाया- एउटा आम नेपालीको प्रतिनिधि नाम हो । धर्तीलाई आफ्नो श्रम र पसिनाले हरिलो भरिलो बनाउने श्रमजीवी नेपाली महिला हुन् उनी । सम्पूर्ण नेपाली नै

राज्यसत्ताबाट बहिष्कृत भएको पितृसत्तात्मक समाजमा हरिमायाहरू अझै प्रताडीत छन् । कवि मरहट्टा सम्पूर्ण नारीहरूप्रति सम्मान भाव व्यक्त गर्छन् । नारी शक्तिकी स्रोत र प्रेरणाकी स्रोत, सिर्जनाकी स्रोत हुँदाहुदै पनि तिनै नारी राज्यबाट र परिवारबाटै दमित छन् , उत्पीडित छन् । उदयाचल र अस्ताचल उजेलिनु र अधेरिनु हरिमायाका लागि केबल दिन काट्ने मेलोमात्र भएको छ । उनी गृहिणी हुनुको प्रमाण, मात्र सन्तान हुन् । लोग्ने हुनु र नहुनुको कुनै अर्थ छैन उनका लागि, किनभने आफ्नो दायित्वबाट पुरै बेखबर छ उसको लोग्ने । अतः सरकारी नोकरीसँगै कान्छीसँग अन्तै रमाएको छ -पितृ सत्ताको निकृष्ट चित्र उदाङ्गिएको छ- यहाँ । सबैका सन्तान सुखद भविष्यको खोजी गरिरहेको बेला हरिमाया बाटो बिराएको थकित यात्रु झैं हीनताबोध झेलेर जीवन जिइरहिछन् । यत्ति मात्र कहाँ हो र ? आफ्ना केही सन्तानको आखाको पीडा हेरेर दुःखित हरिमाया दिनहुँ आश्वासनको झुट ओकल्छिन् त्यो कहिल्यै पुरा हुने छैन । धोती शरीरबाट उनलाई लाजमात्र बाकी छोडेर बिदा लिदैछ । वैश त कहाँ कहाँ, शायद वर्षका दुई रात पनि आएन उनलाई भेट्न । सुख र आनन्द अब कहिल्यै आउने छैन उनका लागि । प्रजातन्त्रको रटान गाएर भोट तान्नेहरू पनि अब फरार छन् । यही दुःखका माझबाट हरिमायाले अब जीवनलाई बुझ्न थालेकी छन् । मानव हुनुको अर्थ बोध भएको छ । न्याय र मुक्तिको बाटो पहिल्याइसकेकी छन् । देश परिवर्तनको आकांक्षाका साथ लामबद्ध लाखौं योद्धाको भीडमा धेरै हरिमायाहरूलाई लिएर लामबद्ध भएकी छन्, बरू जीवन समर्पण नै किन गर्नु नपरोस् । कवि भन्छन्-

धेरै धेरै हरिमायाहरू बटुलेर
न्याय र मुक्तिको खोजीमा
जीवन समर्पण गरेर
अठोट बोकेर उभिएकी देख्छु ।

**१२. नयाा प्रयोगशालाबाट**

'नयाँ प्रयोगशालाबाट' कवि मरहट्टाको संक्षिप्त तर भरपुर व्यङ्ग्य भएको कविता हो । कृत्रिमताको आवरणले ढाकेर सत्यलाई लुकाउन लागिपर्ने ढाट प्रवृत्तिप्रति कवि आक्रोश पोख्छन् । यस्तो दुष्प्रवृत्तिप्रति सचेत पनि गराउँछन् । कवि भन्छन्-

मौरी घारबाट झिकिएको फोस्रो चाका

अलि अलि बेसार र चिनी पानीको चास्नी ।

आम नागरिकले न्याय र समानता खोजेको बेला सत्ताको भऱ्याङ उक्लन आश्वासनका पोका छरिन्छ तर त्यो यति कृत्रिम र भद्दा छ त्यसबाट आम नागरिकलाई कुनै उपलब्धी छैन । एक टुक्रा पित्तलमा तेजावी सुनको जलप लगाइन्छ  र जनता ढाँटिन्छ, शासकहरू अनेक तिकडम गर्छन् र आफ्नो लुटको स्वर्ग कायम राख्न चाहन्छन् । जनता  ठग्नका लागि नयाँ नयाँ प्रयोग गर्छन्  । कवि भन्छन्-

एक टुक्रा पित्तलमा

खोज्दैछन् तेजावी सुनको

नक्कली  जलप  लगाउन ।

कवि त्यस्ता ढाँट प्रवृत्तिबाट सचेत रहन आम नागरिकलाई आग्रह गर्दछन् । वास्तवमा कृत्रिमतामा लपेटिएर नागरिक लुट्न पल्केकाहरूलाई बेलैमा चिनेर यथार्थतामा अभिप्रेरित हुन कविले यस  कविता मार्फत, सचेत गराएका छन् ।

**१३ माया-**

'माया' शीर्षक कविता कवि मरहट्टाको अर्को संक्षिप्त तर यथार्थपरक कविता हो । राज्य नागरिकप्रतिको कतर्व्यबाट टाढिएको बेला, अझ लुटको सत्ता  जोगाउन बर्बर जङ्गली क्रुरतामा ओर्लिएको बेला थोरै मात्र पनि  वर्गीय माया र स्नेह छर्न सके कमजोरहरू पनि  हक र अधिकारका लागि जुर्मुराएर उठ्ने यथार्थ कविले औल्याएका छन् । वि.सं २०५२ मा  जब निरङ्कुश सत्ता विरूद्ध धावा बोलियो तब आफ्नो लुटको स्वर्ग सहित शासकहरू कम्पायमान बन्न थाले ।  अनि मुक्तिकामी/न्यायप्रेमी जनताका छात्तीमा लाठी  गोली र बुट बर्सिन थाले ।  हो त्यति नै बेला थोरै माया र चेतनाको बिउ रोपिदिन सक्दा देश नै जुरूक्क उठ्दो रहेछ । कवि भन्छन्-

अलिकति चेत न्यायको निम्ति पोखिदिए
धेरै सहयोगी जुट्दा रहेछन्
विवेक समस्यासँग साट्न सकेपछि
साच्चै विज्ञान बनेर सुलझँदो रहेछ ।

कवि आधुनिक र सभ्य कहलिएको सहरिया परिवेशमा वास्तविक माया पाउन नसकिने अनुभव व्यक्त गर्दछन्, त्यहाँ त छलकपट र नक्कलीपना छ । मायाको शब्द जालबाट निहित स्वार्थ पूरा गर्न पल्केकाहरूको त्यहाँ राज चल्छ । अरूको त कुरै छाडौं आफन्तहरूबाटै समेत ठगिन पर्ने बाध्यता छ । अनेक बाहना र स्वाङ रच्ने ब्वाँसे प्रवृत्तिको राज चलेको सहरको तुलनामा वास्तविक माया पाउन झुप्रा झुप्रामा पुग्न र चियाउन सक्नुपर्ने कविको आग्रह छ । निष्कपट र निस्वार्थ माया त्यही बस्तीमा पाउन सकिन्छ । त्यसैले त कवि आग्रह गर्छन्-

झुप्रा झुप्राको माया चियाउन सके
साँच्चै माया त त्यहाँ बल्झदो रहेछ ।

यस्तै माया प्रेम र स्नेहको खानी आत्मीयता र सहृदयता हामीले नियाल्न र अनुभव गर्न सक्नुपर्छ तव मात्र वास्तविक मानवीयता प्राप्त गर्न सकिन्छ भन्ने विश्वास कविमा छ ।

**१४. बेथान तम्तयारीमा-**

आधुनिक नेपाली कविता विभिन्न मोड र घुम्तिहरू पार गर्दै आजको यस अवस्थासम्म आइपुगेको हो । यस क्रममा कवितामा कयौं नयाँ प्रयोग गरिए भने कतिपय सन्दर्भमा कविता आफै पनि प्रयोग भएको पाउँछौं । वास्तवमा जब जब देशमा कुशासन र क्रुरताका पञ्जा बलिया हुन्छन् तब नेपाली कविताले त्यसलाई चुडाँल्न होस्टेमा हैसे गरेका छन् । अझ कतिपय अवस्थामा त कविताले चेतनाको दियो मात्र होइन निरङ्कुशताको स्वर्गमा भुइचालो समेत ल्याइदिन सफल भएको यथार्थ घाम जत्तिकै छर्लङ्ग भएको छ । गोपाल प्रसाद, सिद्धिचरण आदि कविहरूका श्रेणीमा फेरि अर्का एक जना कवि लामवद्ध भएका छन् । अझ भनौं हरेक परिवर्तन र आन्दोलनले कयौं सिर्जना र सर्जकलाई जन्माएको छ । तिनै सर्जकहरू मध्ये मोदनाथ मरहट्टा पनि एक त्यस्ता

प्रतिभा हुन्  जसले २०५२ सालदेखि सुरू भएको मुक्तियद्धको गीत गाएका छन् , मुक्ति योद्धाको विरताको गायन गरेका छन् ।

देश निमार्णमा लाग्नु पर्ने कर्मशील युवाहरूको उम्लँदो रगत धर्तीमा त्यसै पोखिएको छ । क्रुर शासकहरू चरालाई शिकारीले खसाले झै तारा हानेर खसालिरहेका छन् ।  आम नागरिकहरू  हेपिएर चुसिएर बर्षौ शोषणको जाल खेप्न बाध्य छन् ।  महका गुलिया चाका  चुसेर खाइ मातेका शासकहरू जनतालाई मुट्ठीमा  माखासरी घरी घरी मिचिरहेका छन् । त्यसकारण कवि मरहट्टा आम नागरिकलाई क्रुरताका विरूद्ध खनिन आग्रह गर्दछन्-

महका गुलिया चाका खाई मातेका बेसरी
किचीमिची सयौं झुन्ड निचोरिन्छन् घरिघरी
उठ हे माहुरी गोला रानु ज्यामी सबै जुट
कर्मको सीप भत्कियो भावनामा नयाँ जुट ।

देशलाई चुसाहा साढेले चुसेका छन्, डसेका छन्  त्यसैले त उनका परिवार हृष्टपुष्ट र बलिया छन् । त्यसकारण हामीले पनि अब फुटेर होइन एक आपसमा मित्रताको बलियो गाँठो कसेर जाइलाग्नु पर्दछ । यदि हामी जुध्न सकेनौ भने मुक्ति सम्भव छैन । तिनीहरूका सिङजुरो नै  उखलिदिएपछि जनतालाई सताउन सक्ने छैनन् । अब हामीले दिमागलाई ठण्डा पारेर नसोच्ने हो भने  हाम्रो मुक्ति असम्भव छ । पुनः  हामी पुरानै ढुङ्गे युगमा फर्कने छौँ । त्यसकारण भत्किएर ढल्नै लागेको क्रुरताको पर्खाल ढाल्न अन्तिम पटक गोला बारूद बोकेर चेतनाका साथ धावा बोल्न आग्रह गरेका छन् कविले -

हात हुन् कर्मका खानी चेतना गिदीमा भरौं
गोला बारूद बोकेर धावा बोल्दै छिटो गरौं ।

मुत्युदेखि डराउने कायर हुन् । यदि उनीहरूले देश र जनताको निम्ति प्राणोत्सर्ग गर्न सक्दैनन् भने, हरेक प्राणी जन्मेपछि मर्छ तर उसको मृत्यु विभिन्न किसिमको हुन्छ । व्यक्तिगत स्वार्थलाई तिलाञ्जली दिएर देश र  जनताको मुक्तिको लागि जीवन समर्पण गर्नेहरूको मृत्यु हिमालभन्दा पनि गह्रुङ्गो हुन्छ भने व्यक्तिगत स्वार्थमा लागेर मर्नेको मृत्यु

अत्यन्त हल्का । त्यसकारण कविद्वारा निस्वार्थ मृत्युमा पाइने आदर अत्यन्त मूल्यवान, भएकाले बन्दुकको नालमा टिकेको सत्ता समाप्त गर्न बन्दुक नै समात्न पर्ने आह्वान यहाँ गरिएको छ -

मृत्युमा पाइने आदर जिउनु मृत्युको डर
बन्दुके नालको सत्ता बन्दुक नालमा भर ।

संसार परिर्वतनशील छ, यो सत्यकुरालाई बुझ्फेर सयौँ युवाहरू बुद्धि र विवेकको राज्यलक्ष्यका नजिक पुगिसकेका छन् । सत्य दृष्टान्त बोकेर जनसमुद्र छाल उठाएर बढ्दैछ । थवाङ्, काँक्री र जेल्वाङ अनि जौवारीले पठाएको निम्ता अव पूर्वले पनि पाइसकेको छ । प्रतिरोधका निम्ति बेथान तम्तयार भएर बसेको छ । कवि यतिबेला न्याय र समानताका निम्ति सबै तयार भएर युग बदल्ने आँटले अघि बढ्न सम्पूर्ण न्यायप्रेमी र मुक्तिकामी जनतामा आह्वान गर्छन् ।

**१५. मृत्यु संस्कार समाज-**

प्रस्तुत 'मृत्यु संस्कार समाज' कविता रूढिग्रस्त सामाजिक परम्परा र यसले निम्न वर्गीय नेपालीलाई पारेको कुप्रभावका विरूद्ध कविको असहमतिको आवाज प्रकट गरिएको उत्कृष्ट कविता हो । राज्यबाट हेपिएका र ठगिएका आम नेपाली नागरिकहरू अझ सामाजिक रूपबाट समेत अत्यन्त मर्माहत छन् । प्राकृतिक विपत्तिसँगै 'दलित' मानिएकी लुरेकी आमा कान्छी सर्किनी मरेकी छ । अब आफन्तको वियोगमा सबैजना रोए, समाचारले सारा गाउँमा हल्लीखल्ली मच्चियो । हिजोसम्म मानवीय व्यवहार नगर्नेहरू अब औपचारिकताका लागि समवेदनाका दुई थोपा आँसु बगाउन थाले । मर्ने मरिसक्यो, अब रोएर मात्र के गर्ने ? सबै जम्मा भएर अन्तिम संस्कारका लागि तयार भए । मर्ने त मऱ्यो -धर्तीले केही बोझ कम गऱ्यो । तर यहाँ मर्ने मात्र मरेको छैन, बाँच्नेको अझै बिचल्ली भएको छ । बाँञ्चुजेल लाज ढाक्ने एकसरो धरो लाउनसमेत मुस्किल भएकोमा अब मरेपछि भने नयाँ कपडा 'कात्रो' नभई भएन । लुरेलाई अव आमाको अभावले भन्दा पनि बिडम्वनापूर्ण कुरीतिका कारण लाग्ने खर्चले चिन्तित तुल्याएको छ । अभावका कारण लुरे अब संवेदनाहीन बन्नु परेको छ । पोहोर मात्र हो छोरा छोरीलाई टुहुरो पारेर उसकी

स्वास्नीले संसार छाडेकी । अहिले उसकी आमा मरी । दशा लागेको सम्झेर लुरेका घाटी कोक्याएको छ तर मर्ने त मरिहाल्यो बाच्ने बाच्नु परेकै छ । विडम्बनापूर्ण जिन्दगी लिएर ।

रातभरको पानी उज्यालोसँगै थामिएको छ । तर पैसा विना लास उठाउन सकिएको छैन् । केही सहयोगीहरू 'कात्रो' किन्न जान्छन् त कोही पैसा खोज्न । तर गरिब लुरेलाई कसले पत्याओस् । गाउँमा कोही भेटिएन्, साहुले कात्रो पत्याएन , । सार्की गाँउको अगुवा नरे पुनः पसलेकोमा पुग्यो, आँसु झारेर हात जोऱ्यो । लुरेलाई गाली गरेर र साहुलाई पूजा गरेरै भएपनि लास उठाउनु नै त थियो । जे गर्नु पर्ने थियो त्यो गऱ्यो । धन्न साहुको मन पग्लिएछ-लास घाट पुग्यो । अव मलामी फर्किए । लुरेको मनलाई आमाको मृत्युको चिन्ताले भन्दा उसको अभावले जितेको छ । किनभने पापी पेटले बाँचुञ्जेल खाना माग्दोरहेछ । अरूबेला भए मकै कोदो जे ले भएपनि पेट भर्नु थियो ।तर अव त पितृ उद्धारका लागि 'चोखो' खानु नै पर्ने । उसँग अव विक्रि गर्न एक सुर्को जमिन छैन । घर भन्नुपर्ने थोत्रो झुपडी कसले किनोस् ? यही पीडा कवि लुरे मार्फत् यसरी व्यक्त गर्छन-

हिजो भोकै आज भोकै छोरा छोरी सबै भोकै .............।

कुंसस्कृतिको सिकार भएको लुरेले आमाको किरिया गरेन । यस्तो देखेर छिमेकी जिब्रो टोक्छन्, मुखामुख गर्छन् । विवशता र वाध्यतालाई बोकेर लुरे भात्किएको घरवार अनि देश र समाज हेरेर जिल्ल परेको छ तर अझै चैतको हुरी जसरी हल्ला चलेको छ-

लुरेले आमाको किरिया गरेन
कात्रो किनेको पैसा तिरेन ।

**१६. पाइलाहरू शिखरतिर उकासिदै गर्दा-**

कवि मोदनाथ मरहट्टाद्वारा लिखित 'पाइलाहरू शिखरतिर उकासिदै गर्दा' कविता संग्रहको नामाकरण यसै कविताद्वारा गरिएको हो । यस आधारमा यसलाई सङ्ग्रहभित्रको शीर्ष कविता मान्न सकिन्छ ।

इतिहासतर्फ फर्केर नेपालको जनक्रान्तिलाई पर्यवेक्षण गरिएको प्रस्तुत कवितामा कठिनाइका बीचबाट लक्ष्यतर्फ उकासिएको पाइलाहरूलाई सलाम गरिएको छ । युग

बदल्ने पाइलाका लागि शुभसाइतको पूर्वार्द्धमा केही नेत्र फुटेपनि, रत्नै गुमेपनि, राम र कृष्ण नासिए पनि एउटा युद्ध हार्दैमा लक्ष्य समाप्त नहुने विश्वास कविमा छ । भोक रोग र अन्यायको जाँतोमा पिधिएका बेला अनि शोषण दमन र अत्याचारमा साँधिएका बेला युग बदल्न सम्पूर्ण देश शिखरतिर अघि बढेको छ । दरिलो आस्था र विश्वास बोकेर नौजवान कठिन यात्रामा लम्किएका छन् । हरेक मुक्तियोद्धा शिखर चुम्न फेदीमा सल्लाह गर्दैछन् । युद्ध स्वाभाविक रूपमा निर्मम हुन्छ, क्षति र उपलब्धीका माझबाटै लक्ष्य चुम्न सकिन्छ । आफन्तको शाहदतमा पीडा त अवश्य हुन्छ तर शोकलाई शक्तिमा बदल्ने दृढता हुनुपर्दछ । कवि भन्दछन् -

शुभ साइतको पूर्वार्द्धमा
केही 'नेत्र' फुटे केही रत्न गुमे
'राम' र 'कृष्ण' पनि नासिए ।

कवि इतिहास स्मरण गर्छन् - रातो बिहानीको निर्माणमा नबयुवाले थालेको मुक्तिमा पूर्वका केही युवाले आफूलाई समाहित गरे, यात्रा केही मत्थर भयो-चोट लाग्यो तर यात्रा रोकिएन । घाउलाई मलम पट्टी गरियो । शिखर नाप्न हिंड्दा हिमपात त सहनै पर्छ त कतै पहिरो छल्नैपर्छ, अनि त्यसको तयारी पनि गर्नै पर्छ । जनयुद्धमा अझ त्यसलाई सचेततापूर्वक लक्ष्य उन्मुख पारिएको छ । कविलाई विश्वास छ, त्यो लक्ष्य एकदिन पुरा भएरै छोड्ने छ । एउटा युद्ध असफल भएमा एउटा योद्धाले रगत बगाएमा रक्तबीज झैं हजारौं योद्धाहरू युद्धमैदानमा जुट्ने छन् । खुनी सत्तामाथि झम्टनेछन् । कवि प्रतीकात्मक रूपमा तेजवीरको असफलताले तेन्जिङ नरोकिने कुरा गर्छन् । कवि इतिहासको यात्रा र वर्तमानको यात्रामा तात्विक अन्तर पाउँछन् । सचेत र योजनावद्ध प्रयासले मात्र उद्देश्यमा सफल हुन सक्ने भएकाले समरका नायकहरू विचार र ज्यावल दुवै बोकेर शिखर उन्मुख भएका छन् । कवि भन्छन्-

वर्षाती बख्खु बेतका लठ्ठी..............
मौजुदा बोकेर पिठिउँ भरि
पाइलाहरू हिमशिखरतिर उक्लिरहेछन् ।

हरेक यात्रा सहज सरल र सुगम हुनेछैन । त्यहाँ प्रशस्तै बाधा व्यवधान खडा हुनेछन् । तर देश निर्माणका खातिर मुक्तियुद्धका राता सिपाहीहरूले त्यसलाई चकनाचुर पारिदिने छन् । यात्रा अवरूद्ध गर्न 'ग्रेटवालहरू' ठडिए पनि र हनुमानहरूले विन्ध्याचल नै बोके पनि अनि बर्दिधारी सुरक्षामा खटिए पनि युद्धरूपी 'भट्टी'मा खारिएका राता सिपाही र स्पातिला चम्किला यात्रुहरू अझै फैलँदै फक्रिदै तिखारिदै निरन्तर आफ्ना पाइलाहरूलाई शिखरतिर लम्काइ नै रहने छन् ।

**१७. म युद्ध बनेर आउादैछु -**

प्रस्तुत 'म युद्ध बनेर आउँदैछु ' कविता अन्याय र अत्याचार विरूद्धको आक्रोशका ज्वालाको प्रतिविम्ब हो । सदियौं देखि कुशासनको दुस्चक्रमा जकडिएका आम नेपालीहरूमा न्यानो लाल बिहानीको सङ्केत भएकोमा कवि अत्यन्त हर्षित छन् । निश्चय पनि देशमा चलेको मुक्तियुद्धले चारै दिशाका जनतालाई आशाको दियालो बालिदिएको छ । महलमा बसेर मोज र भोजमा रमाएकालाई भयङ्कर काल भएर आएको युद्ध, भोक र रोग बोकेको झुप्रामा भने न्यानो आस्था बनेको छ -

एउटा रातो तारा क्षितिजमा झलमल्ल उदायो
रोग भोक बोकेका झुप्राका बस्तीहरूले
न्यानो आश्वासन भेट्टाए ।

तर अर्को तर्फ चेतनाको उज्यालो ताराको ज्योति छोप्न भ्रमको दुष्ट जालो आकाशमा फैलिएकाले कवि आम मुक्तिकामी जनतालाई सचेत बन्न आग्रह समेत गर्दछन् । क्रुरता उज्यालो चेतना ढाकेर मात्र सन्तुष्ट छैन ऊ त पूर्णरूपमा धर्तीपुत्रलाई समाप्त पार्न उद्यत छ । त्यसकारण राक्षसी प्रवृत्ति र कुशासनलाई सदाका लागि निमिट्यान्न पार्न हामी सबै मिलेर घनघोर आधीको सृष्टि गर्नु पर्छ जसले सामन्तवादको सबै अस्तित्व सदाका लागि सखाप पारिदिने छ । आम नेपाली जनताको आशाको ज्योति र मुटुको ढुकढुकी बनेको जनयुद्धले एउटा निर्णायक मार्ग पहिल्याइसकेको छ । त्यही लक्ष्य र ज्योतिको आलोकमा आलोकित बनेर सम्पूर्ण नेपाली जनता कालो जालो बढार्न ठूलो आँधी बनेर जाइलागेका छन् । आम नेपालीको क्षितिज उज्यालो पार्ने प्यारो रातो तारालाई कवि

सलाम गर्न चाहन्छन् किनभने अब युद्ध युग बदल्ने शङ्खनाद बनेर घर आगनमा छिट्टै आइपुग्ने छ।

**१८ प्रजातन्त्र-**

'प्रजातन्त्र' शीर्षक कविता मार्फत कविले आम नेपालीले चाहेको स्वतन्त्रताको प्रतीक प्रजातन्त्र खासमा प्रजातन्त्र बन्न नसकेको यथार्थ औल्याएका छन् । रगत र पसिना अनि प्राणोत्सर्ग गरेर ल्याएको प्रजातन्त्रले पनि आम नागरिकको रोग र भोकलाई शान्त गर्न नसकेको बरू जनताको मुखै थुनिदिने कुकृत्य गर्न पछि नपरेको कविले खुलासा गरेका छन् । प्रजातन्त्र मागिखाने भाँडो बनेको र मानव अधिकार केवल देखाउने दाँत बनेकोमा कवि आक्रोशित छन् । शहरका तारे होटेलमा जतिसकै अधिकारका कुरा गरेपनि जनतालाई त्यसले कुनै उपलब्धी नदिएको बरू न्याय र मुक्तिको आवाज उठाँउदा तातो गोलीको शिकार बनाइएको छ । त्यतिबेला मानव अधिकारका हिमायतीहरू चुँसम्म बोलेका छैनन् । बरू हत्याराका मतियार बनेर साक्षी बसेका छन् । यस्तो दुरावस्था केलाउँदै कवि भन्छन्-

रगतको भेल पोखिएर सडकमा
आशुको सागर उर्लेर शहरमा
मानवअधिकार जन्मियो । प्रजातन्त्र झ्याँगियो ।

आफ्नो लुटको महल जोगाउन शासकहरू 'शिशु' प्रजातन्त्रको दुहाइ दिइरहेका छन् । त्यतिबेला आफ्नो जीवन धान्न अभिभावकहरू लालपूर्जा समेत धितो राखेर कुशासकका प्रतिनिधि, खुनी अदालत र सिडिओका तारेख बोकिरहेका छन् । सन्तान घरमा छट्पटिइरहेका छन् । युवा गोलीले भुटिइरहेका छन् । अनि कयौं आमाहरू जेलका चिसो छिंडीबाट आफ्नो छोराछोरीका हुलिया चियाइरहेका छन् । यस्तो बिडम्बनापूर्ण अवस्था आम नागरिक भोगिरहेका छन् भने अर्कोतर्फ प्रजातन्त्रका तिनै ठेकेदारहरू कुनै कालो कोठरीमा बसेर हत्याका तानाबाना बुनिरहेका छन् । के यही होत प्रजातन्त्र ? अनि यही थियो त जनताले रगत बगाउनुको अर्थ ? प्रजातन्त्रको घुम्टो ओढेर क्रुरताको कुशासन लाद्ने प्रति कवितामार्फत कविले उछित्तो काढेका छन् ।

**१९. यो वर्षको कविता-**

कवि मरहट्टाको 'यो वर्षको कविता' नेपालमा घनिभूत ढङ्गले चलिरहेको सङ्घर्षको भट्टीबाट जन्मेको एक उत्कृष्ट उदाहरण हो । वास्तवमा यतिबेला देश जलिरहेको छ । सम्पूर्ण नागरिक आशुको पोखरी बगाएर विवशतापूर्वक आफन्तको हत्या सहन बाध्य पारिएका छन् भने शासकहरू रक्त मुछेको सत्ताको मातले अन्धो बनेका छन् । मानव अधिकारको फोस्रो प्रमाणपत्र राखेर हरेक दिन न्यायप्रेमी जनताको रगत पिएका छन् । मासु लुछेर नपुगी हाड चपाएका छन् । अनि रक्त महोत्सवका ठुलाठुला अनुष्ठान लगाइरहेका छन् । त्यसैका प्रभावले देश बेच्ने राहदानी समेत पाएका छन् । पूर्व मेची देखि पश्चिम महाकाली सम्मका मातृभूमिका द्वारेलाई बुझाउन ल्याप्चे लगाएका छन् । यसैले राष्ट्रवादीको प्रमाणपत्र समेत उनीहरूले पाएका छन् । यसैवर्ष राष्ट्रिय सहमतिका ठूला नाराभित्र सत्ता र प्रतिपक्षले स्वार्थका मितेरी लगाएका छन्, त्यसैले त यसवर्ष प्रजातन्त्रका लागि खतराको घण्टी बजिसकेको छ, किनभने यो वर्ष आमनेपालीलाई अन्याय र अत्याचारको नागरिक उपहार मिलेको छ-

हामीलाई यो वर्ष जेल छ नेल छ
वारेन्ट छ मुद्दा छ दमन छ मृत्यु छ
आतङ्कवादीको बिल्ला छ ।

भोको पेटलाई भर्न चाहनेहरू, नाङ्गोहरूलाई छोप्न चाहनेहरू अनि उज्यालो भविष्य खोज्नेहरू अव आतङ्ककारी भएका छन् । उनीहरूको आवाज थुनिएको छ, वारेन्ट र मुद्दा अनि दमन र मृत्यु खन्याइएको छ । कुशासनाका बुटहरू आमाका छातिमा बजे्रका छन् । यो वर्ष अन्याय र अत्याचार सहेर मात्र बसिएको छैन्, सुदूर बस्तीहरू ब्युझिएका छन् । आफूसँग भएका हतियार लिएर सबै युद्धमा लामबद्ध भएका छन् । लुटको स्वार्थमा भुइचालो गइसकेको छ । चेतनाको ध्वनिहरूको बिउ धर्तीभरि रोपिएका छन् त्यो बगैचा भरि फक्रन लागेको छ । अवस्य बास्ना सुवासित भएर नागरिकका घरदैलोमा यसैवर्ष पुगिसकेका छन् । निरङ्कुशताका कुर्चीको आयु अव छोट्टिइसकेका छन् । यसवर्ष अव परिभाषा फेरिन लागेको छ- कि हामी आम नागरिक राष्ट्रवादी हौं भने क्रुर शासक

आतङ्कवादी भएका छन् । प्रस्तुत कविता मार्फत् कविले अन्यायको कुचक्र अव सदाका लागि समाप्त हुदैंछन् र नयाँ उज्यालो बिहानी  यसै वर्ष आम नागरिकका घरमा पुग्ने समर विजयी योद्धा अव  लक्ष्यनिकट पुगिसकेको विश्वास र भविष्यवाणी अभिव्यक्त गरेका छन् ।

**२०. को रोक्दछ ?**

कवि मोदनाथ मरहट्टाद्वारा लिखित प्रस्तुत'को रोक्दछ ?' कविता समर विजयी योद्धा रक्तबीजसरी लक्ष्य चुम्न अघि बढेको र कुचक्रको कुनै पनि तागतले रोक्न नसक्ने भाव व्यक्त गरिएको एक उत्कृष्ट युद्ध कविता हो । कविले क्रुरताका पहरेदारहरूलाई अव आफ्नो लुटको स्वार्थरूपी सत्ता जोगाउन अन्तिम बल गर किनभने अव जसै गरेपनि यस धर्तीमा न्यानो घाम उदाइछाड्नेछ, तिम्रो समाप्तिको क्षण आइसक्यो भन्ने हुङ्कार दिन्छन् । जनहत्याको ठेकेदारहरूको अस्तित्व अव  सदाका  लागि समाप्त हुदैछ किनभने जनता लाठी र गोलीले तर्सनेवाला छैनन् । मुक्तिको ध्वजा उठाएका दृढ पाइलाहरू गोरखा रोल्पा रूकुम हुदै चार दिशामा अघि बढिसकेका छन् , ती पाइलाहरू अव नजितिकन फर्कदैनन् । रोकिने छैनन् -

राता साइतका टीका रोल्पा गोरखा रूकुम हुँदै
वर्गयुद्ध उठ्यो माथि एण्डिजको चुचुरो छुँदै ।

वर्गीय समाजमा वर्गद्वन्द्व निरन्तर चलिरहेको हुन्छ । त्यो कहिले सवल हुन्छ त कहिले दुर्वल । नेपालमा पनि पहिलो पटक सचेत रूपमा विक्रम सम्बत २००० को तेस्रो दशकको अन्त्यतिर वर्ग युद्धको थालनी भएको थियो । तर  विविध कारणले त्यो लामो समय टिक्न सकेन तर फेरी यसले नयाँ पहलको विकास गरेको छ ।  निश्चय नै  यो बाटो कठिन  र  जटिल छ तर निश्चय पनि यसबाट आमशोषित पीडित  जनताको विजय हुने नै छ । एकातर्फ श्रमजीवी वर्ग यसबाट  हर्षित छन् भने कुर्चीको मात लागेका पहरेदारहरूलाई  कम्पायमान बनाएको छ।  कवि वर्ग युद्धको यस अभियानलाई कविता मार्फत् यसरी होस्टेमा हैंसे गर्छन् ।

कुर्चीको मात लागेका पहरेदार हो सुन

सत्ताको आयु छोटियो आयो अवसानको दिन ।

सामन्तवर्गको आयु छोटिदै गएकोले जो जति गर्नुपर्ने हो, मोजमस्ती गर किनभने तिम्रा सुखका दिन गए । अव दासताको विष प्रयोग गरी लठ्याएका जनता बल्ल व्युँझिएका छन् । व्युँझिएर सचेत बनेका जनता निरङ्कुशता विरूद्ध खनिन सुरू गरिसकेका छन् । जनतालाई माहुरीको चाका ठानेर चुस्ने ब्वाँसाहरूलाई कवि चेतावनी दिन्छन् -

माहुरी मह निकाल्ने चुस्ने ब्वाँसाहरू मह

साच्चै मह अति घिच्यौ भाँडियो पेटमा बह ।

समय परिवर्तनशील छ । अझै जनता चेतनशील बनेभने त्यो परिवर्तन अझ छिटो छिटो घर आगनमा आउने गर्दछ । रात अन्धकार रहेपनि जब पूर्वदिशाबाट सूर्यले आफ्नो क्रान्ति धर्तीका लागि प्रस्तुत गर्न थाल्दछ तव हिमशिखरका सेता चुचुराहरू प नि टलक्क टल्कन थाल्दछन् । यसैगरी वर्गयुद्धको ताप र रापले कुशासनका मतियारहरू छटपटिन थालेका छन् भने हरेक मुक्तिकामी जनताको मनमन्दिरमा गुरासँको रातो फूल फुलेको छ । लयात्मक शैलीमा लेखिएको प्रस्तुत को रोक्दछ ? कवितामार्फत् कवि मुक्तियुद्धको बाटो कठिन छ, यो घुमाउरो पनि छ तर अब गण्डकीमा भेल उर्लिसकेकाले , जनता सचेत भइसकेकाले सूर्यलाई हत्केलाले रोक्न नसके झै यसलाई रोक्ने कसैको आँट नभएको र जनता विजयी भैछाड्ने निश्चय भाव अभिव्यक्त गर्दछन् ।

**२१. हाम्रो गााउ र साहु कान्छो-**

चार संक्षिप्त टुक्रामा विभाजित प्रस्तुत 'हाम्रो गाँउ र साहु कान्छो' शीर्षक कविता समकालीन समाजको एउटा विद्रुप चित्र हो । आर्थिक सामाजिक तथा राजनैतिक शोषणले व्याप्त देशका निरीह जनताको वास्तविक गाथा यहाँ व्यक्त गरिएको छ । 'अति सर्वत्रवर्जयेत्' भनेझै जहाँ अन्याय र अत्याचार अधिक हुन्छ जनताले सहन सक्दैनन्, अवस्य पनि त्यहाँ विद्रोह हुन्छ । अव देश निर्णायक विद्रोहको सङ्घारमा पुगेको र क्रुरताविरूद्ध जनता 'वम ' बनेर पड्कनै लागेको कविको विश्वास छ । गाउँ शहर जतासकै सामन्तका प्रतिनिधिहरू शोषणको जालो विछ्याइरहेका छन् । दलाल र नाफाखोर अनि कालाबजारीहरूको बोलाबाला बढेको छ । अझ निम्न वर्गका जनता सबैभन्दा बढी

शोषणको चपेटामा परेका छन् । उनीहरू अब बाच्न नसक्ने अवस्थामा पुगेका छन् । श्रमजीवी जनता र कृषकहरू आफ्ना उत्पादनलाई कौडीको दाममा बेच्न बाध्य छन् । सामन्त श्रम र पसिना चुसेर मोटाइरहेका छन् भने गरिब जनता दमनको चक्रव्युहमा फसेका छन् । अभै बजारमा बहुराष्ट्रिय कम्पनीका उत्पादन व्याप्त छन् । वर्षभरि दुःख गरेर उत्पादन गरेको एक बोरा आलुले छोराको ड्रेस किन्न गाह्रो छ । गरिबका उत्पादन त्यसै खेर गैरहेको छ । चरम शोषण र दमनले गाउँ बसिनसक्नु भएको छ ।

अब गाउँमा दमन र गरिबी मात्र हैंन, सचेत प्रतिरोधको अभियान समेत सञ्चालित छन् । युवाहरू देश परिवर्तनको महान् अभियानमा प्रतिबद्धता साथ लामवद्ध छन् । कालो बजार र भ्रष्टचारको अन्त्यको आग्रह गरिएको छ । गाउँका सामन्त र दलालका प्रतिनिधिहरू आतङ्कको राज कायम गर्न तल्लीन छन् । गाँउमा हनुमान, हुण्डरी मच्चाउँदै प्रवेश गर्छ र गरिब जनताका घर आँगन ध्वस्त पार्छ । यसैले गाँउलेहरू गाँउ छाड्न बाध्य छन् । अन्याय र शोषणले प्रतिकार र प्रतिरोधको प्रयत्नमा क्रियाशील छन् । एकदिन अवश्य पनि श्रमिक जनताको विजय भएर छाड्ने छ किनकी अब हाम्रो गाँउ बस्ती पनि प्रतिरोधको लागि बम बनेर पड्कनै लागेको छ ।

**२२. म लेख्छु क्रान्तिको गीत-**

'क्रान्ति' यो कुनै लहड होइन नत यो कुनै रोमाञ्चक खेल । यो त समाज परिवर्तनको र अग्रगामी चेतनाको सचेत पुञ्ज हो । जसले सम्पूर्ण पुराना सोच कार्य र संस्कारलाई अधुनातन रूप दिन्छ, आमुल परिवर्तन गर्छ । यो सहज छैन । विभिन्न घुम्ति र मोडहरू पार गरेर मात्र यसको लक्ष्य चुम्न सकिन्छ । यसका लागि किसानका खेतबारी पुग्नुपर्छ । उनीहरूलाई आफ्नो भूमिका, कर्तव्य र दायित्व प्रति सचेत बनाउनुपर्छ । क्रान्तिका गीत त्यसै लेखिदैन, यसका लागि धर्तीमा पसिना छर्कन, आवश्यकता परे रगत पनि बगाउनु पर्दछ । त्यसैले कवि क्रान्तिको गीत लेख्न आफू सम्पूर्ण जनतामा, कुल्ली र भरिया अनि खेतालाकोमा पुग्ने कुरा बताउँछन् -

म सोध्छु भरिया कुल्ली खेताला गई सामुमा
मुक्तिको मार्ग त्यो साँचो लेखिद्यौ मित्र पानुमा ।

आम नेपाली जनताको वास्तविक जीवन श्रमजीवी किसान भरिया र कुल्लीका माझमा देख्न सकिन्छ भोग्न पाइन्छ । चिप्ला सडकमा चिल्ला गाडी चढेर हुइकिनेहरूमा नत मानवता भेटिन्छ, न जीवनको सौन्दर्य । यसैले कवि क्रान्तिको गीत लेख्न शान्त एकान्त होइन श्रमशील जीवन खोतल्न चाहन्छन् । आफूले छाती थापेर क्रान्ति बोलाउनको अर्थ दलाल र राष्ट्रघातीको सास मात्र होइन मूर्दा समेत जनाउनु हो भन्ने भाव कवि व्यक्त गर्दछन् । कवि बुद्धिजीवीलाई क्रान्ति उठ्नाको कारण बुझ्न चाहन्छन् र यसलाई व्यवस्थित गर्ने गीत लेख्न थाल्छन् । रगत र पसिना बगाउँदै जीवनरथ चलाउन चाहना राख्ने मजदुरका कर्मक्षेत्र कारखानामा पुगेर कवि उत्पादन शक्ति भेट्न चाहन्छन्, जहाँ क्रान्तिको गीतको शब्द, लय र संगीत भेट्न सकिन्छ । यसो गर्नुका कारण कवि स्वयं उजागर गर्दछन् -

त्यो कस्तो क्रान्ति हो मिल्छ एउटै मात्र उत्तर
बन्दुके राजको अन्त्य बन्दुक नालमा भर ।

वास्तवमा आजसम्मका हरेक सत्ता बन्दुककै नालमा अडेको छ । कुशासन जोगाउन, टिकाउन कायम बन्दुके राजलाई अन्त्य गर्न बन्दुक नै बोक्नुपर्ने विचार कविको छ । कवि दुढतापूर्वक विश्वास व्यक्त गर्दछन् कि उनी यस्तो गीत लेख्नेछन् जसले जननी र जन्मभूमिको काँढा बढार्ने छ । न्यानो र मुक्तिको नयाँ बिहानी लाल किरण साथ हरेक नागरिकको घर आँगनमा उदाउने छ ।

**२३. किनकी तिमीलाई महाभियोग लागिसकेको छ -**

कवि मरहट्टाद्वारा लिखित प्रस्तुत कविता तत्कालीन दुष्ट, भ्रष्ट शासकहरूलाई आम मुक्तिकामी जनताले उठाएको चोर औलाको प्रतीक हो । कारणवाचक एक वाक्यात्मक शीर्षकले नै पनि सङ्केत गरिसकेको छ कि जनताले अब आफ्नो सचतेताका कारण अन्याय अत्याचार बुझिसकेका छन् । त्यसलाई अब सहेर बस्दैनन् । शालीन अनुहार भित्र खुनी व्यवहार प्रष्टेकै छ । अझै पनि जनताकै रगत पसिनामा नागबुढी खेलेर चोखिन खोज्ने हो भने तिमीलाई सहने छैनन् । आम जनता फुटेका नाङ्गा पैताला अनि फाटेका इष्टकोट र कछाड बेरिएर आफु 'पाखे' हुनुको दसी पेश गरिरहेका छन् । अनि शासकहरू औंसीका रातहरूलाई पूर्ण चन्द्रको उज्यालो मानेर आफूलाई खुब शिष्ट, सभ्य र सम्भ्रान्त ठान्दै पोज र मोज गरिरहेका छन् । तर याद गर शासकहरू इतिहासका पानहरूमा तिम्रो अपराध छिपेको छैन । अन्धकारपूर्ण कालारात्रीमा पनि जनता चिराग सल्काउँदै लक्ष्यको गोरेटो पछ्याइरहने छन् । आज समयले कोल्टो फेरेको छ किनभने तिमी हरियो सर्प रहेछौ, समयानुसार रङ्ग फेर्ने छेपारो रहेछौ, त्यसैले नागरिकसँग सम्बन्ध टुटेको छ, साथ छुटेको छ किनकी तिमीलाई महाभियोग लागिसकेको छ ।

कवि अझै शान्त छैनन् शासकको क्रुरताको इतिहास खोतल्छन् र भन्छन्- तिमीले भोका आत्मालाई रूवाएका छौं । दीनहीनहरूको रगतले सडक पखालेका छौ, भोको छातिमा फलामे किला ठोकेका छौ । श्रमशोषण र भ्रटाचारको आधारमा टोपी खस्ने महल बनाएका छौ, त्यहाँ हाम्रो खुन पसिना बगेको देख्न सकिन्छ । यो जनताको इतिहासमा कुनै दिन दर्ज हुनेछ त्यसदिन तिमी कसैगरेपनि चोखो हुन सक्नेछैनौ, पानु पानुको हिसाव चुक्ता गर्नु पर्नेछ । किनभने जनताले तिमीलाई महाभियोगमा दर्ता गरिसकेको छ । अब त जनताको आँखा उघ्रन थालिसकेको छ । तिमीले आस्थाका बस्तीभरि बारूद खन्याए पनि, विश्वासको पर्खाल ढाल्न असिनाको बर्षा गरेपनि अहँ त्यो कसैगरी समाप्त हुनेछैन । नशामा चुर भई स्वाभिमान बेच्नेलाई कवि चेतावनी दिन्छन्- याद गर एक दिन तिम्रा विरूद्ध मुद्द हानिनेछ । मुलुकमाराहरू विरूद्ध सबै एकजुट भइसकेका छन् । आफ्नो सुरक्षाको निम्ति उपाय अपनाऊ, अब तिमी सुरक्षित छैनौ,

जनता अब एक्ला छैनन् । क्रुर सत्ताले जनतालाई न्याय नदिएकाले जनअदालत खुलिसकेका छन् । तिम्रा लागि खतराको घण्टी बजिसकेको छ , अन्त्यको शङ्खनाद आरम्भ भैसकेको छ । यस कविता मार्फत् कविले निरङ्कुशता अव समाप्तिको सङ्घारमा पुगेकाले जनताको विजय अवस्यंभावी भएको भाव व्यक्त गरेका छन् ।

**२४. पल्लो गााउ भिन्दै भएको छ-**

वाक्यात्मक शीर्षकमा रचिएको प्रस्तुत कविता एक उत्कृष्ट र यथार्थपरक कविता हो । गाउँ मात्र समयले परिवर्तन भएको छैन । यहाँ त सोचाइ, चेतना र व्यवहारले समेत परिर्वतन ल्याएको छ । वसन्तमा गुरासँले मात्र  रातो बनाएको छैन नृशंसताका कारण श्रमिकको रगत पोखिएर गल्छेडो र गैाडा झनै राते भएको छ ।  साना नानीहरूको आमाको रङ्गिएको सिउँदो उजाड भएको छ -त्यही सिन्दुरले पँधेरो खोल्सो अझै निख्खर रातो भएको छ । क्रुरता यति   भयङ्कर बनेको छ जो असह्य छ । यहाँ देश उचाल्ने जोश भएका युवाको  रगत वगाइएको छ । बहिनीको इज्जत लुटिएको छ अनि सुन्दर फूल फुल्ने कोपिला निमोठिएको छ । धेरैलाई थाहा नहुन सक्छ यो पीडाबाट जनता मर्मान्त मात्र छैनन्, प्रतिरोधका लागि मसाल दन्काएर मुक्तियुद्धमा जुटेका छन् । शिरपोश पहिरिएर मनोरञ्जनका साधन बन्नेहरू अब अन्धकारसँग जुध्न कस्सिएका छन् । देश निर्माणका खातिर नयाँ नयाँ पौरख गर्न तम्सिएको छ गाउँ । रगतको नाता च्यातिएर वर्गीय मायाले ठाउँ लिएको छ । वर्षौ अपरिचितमा पनि अपनत्वको भावले छपक्कै छोपिएको छ त्यसैले गाउँ भिन्दै भएको छ ।

अत्याचारको जाली कारखाना ध्वस्त भएको, रगत चुसेर मोटाएकाहरू छाद्न थालेका, शहरमा जनघनत्व बढेको, गाँउ फेरिएको, सयौं दिलबहादुर जन्मिएका, बहिनीहरू लली र कमला बनेका, बदलाका लागि ग्रिनेट बोकेर युवाहरू युद्धमा तम्तयार देखिन्छन् । बूढा बा परम्परागत विश्वास त्याग्न तम्तयार भएका, अन्ध विश्वास हटेको, केही गर्ने आट पलाएको, गाँउले  रोदी सोरठीका तालमा थवाङ वेथान सम्म लेफ्टराइटको  धुन ओकालिरहेको छ । यसले आम नेपाली नागरिकमा नयाँ भरोसा र विश्वास   पलाएको छ

। यस कवितामा कविले जनयुद्धको रापले, सद्विचारको तापले गाँउ धपक्कै बलेको, यथास्थितिबाट अग्रगमनतिर लम्केको युगीन यथार्थलाई प्रस्ट्याउने प्रयास गरेका छन् ।

**२५. मैले निम्तो ग्रहण गरें-**

'मैले निम्तो ग्रहण गरें' कविता कवि मरहट्टाको कुशासनका साङ्लाहरू तोड्न नेपालमा थालिएको मुक्तियुद्धको अभियानमा लामबद्ध हुन जनाइएको सम्मतिको प्रमाण हो ।सर्वहाराको मुक्ति र न्यायपूर्ण देश निर्माणको लागि भनेर हजारौँ नागरिकहरू लामबद्ध भैसकेकोमा अझ चेतना र दायित्व बोधका निम्ति देशले मागेको 'कोटा' चुक्ता गर्न निम्तापत्र प्रसारित भैसकेको छ त्यसैले त दिलबहादुरले'दिल' पोख्यो, अनि रगतको दरौदी बगाएको छ । न्याय, स्वतन्त्रता र मुक्तिका खातिर व्यक्तिगत स्वार्थलाई त्यागेर हजारौ युवाहरू मुक्तियुद्धमा होमिइसकेपछि आफूलाई आएको निम्ता अस्वीकार गर्न नसकेको कवि मरहट्टाको स्वीकारोक्ति छ । बेथान जल्यो जौवारी पनि सल्कियो । देशको माग पुरा गर्न राता निम्तापत्र ग्रहण गर्दै निम्ताहरू धेरै थपिए, जसका कारण बल पनि बढ्यो, जमिनबाट उर्वरपन निस्कियो, त्यसपछि आशाका नयाँ पालुवा र नवकिरण पनि देखिए । गाँउ शहर जतातती जनमुक्तिको आवाज फैलिन थाल्यो । धर्ती नै कम्पायमान बनाउने भुईचालो आएपछि शायद कोही किन विमुख हुन सक्थ्यो- पाँउथ्यो ? कविको अतृप्त आत्मा पनि लक्ष्य चुम्ने तृषित नजरहरू सहित त्यस महायात्रामा लामबद्ध भयो -

> ....... त्यसैले त प्रिय मित्रहरू
> मैले निम्तोपत्र ग्रहण गरें ।

प्रस्तुत कविता मार्फत् कवि मरहट्टाले देश परिवर्तनको, मुक्ति र स्वतन्त्राताको महायात्रामा सामेल भएको बेला केवल मुकदर्शक मात्र बन्न नसकेको र सम्पूर्ण जनतासँगै मुक्ति र मृत्युको सपथ खाई मुक्ति यात्राको यात्रुयोद्धा बनेको यथार्थतालाई सगर्व अभिव्यक्त गरेका छन् ।

## २६. रातो घाम कति दिन कैद हुन सक्छ ?

अग्रगमन र प्रगतिका बाधक यथास्थितिवादीहरूले देखाएको नौटङ्कीको विरूद्ध नवचेतना कैद हुन नसक्ने यथार्थ उद्‌वोधन भएको यो एक उत्कृष्ट कविता हो । रातो घाम कति दिन कैद हुन सक्छ ? आकाशमा भ्रमका काला बादल छरेर स्वतन्त्रताको आवाज रोक्न खोजे पनि अव भ्रमको पर्दा च्यातिइसकेको छ । प्रजातन्त्रको दुहाइ दिएर जनताको घाटी निमोठ्ने संसदीय उधारा शब्दले अव मत साट्न सक्नेछैन् किनभने क्षितिज नै झलमल्ल बनाउने रातो सूर्य अव छेकिने छैन कविलाई विश्वास छ- हुर्किसकेको र चेतनशील नानी अव 'कोक्रो' भित्र कैद हुने छैन । वर्गयुद्धको दर्शनशास्त्रमा रमाएर यान्त्रिकता र धन चक्करमा रूमल्याउने कथित लालपण्डित प्रति कवि आक्रोश पोँख्छन् -

.........युगको पाङ्ग्रा गड्ने गतिसँग

वर्गयुद्ध खालि दर्शन शास्त्रमा मात्र बन्दी हुन्छ ?

जनतालाई झुक्याउनका लागि रेशमी खोल ओढेर देशी विदेशी दलालहरूले लगाइदिएको लोगो टाँस्दैमा देश परिर्वतन हुन सक्दैन । अव आम नेपाली जनताले जानिसकेका छन् । सत्य कति दिन लुकाउन सकिन्छ ? त्यो भ्रमको पर्दा अव छिट्टै च्यातिने छ । आफ्नो लुटको स्वर्ग जोगाउन अन्तिम बल प्रयोग गर्ने चेतावनी दिन्छन् कवि र भन्छन्-

वनमाराले विरूवा मारेझैं अनि डढेलोले वन खाए पनि

कहाँ विरूवा भासिएको छ ? यो त अझ सशक्ततासाथ लक्ष्य चुम्न बढिरहेको छ-

डढेलाले खाएर कुन बुट्यान नाङ्गिएको छ ?

स्वर्ग चुम्ने चुचुरोहरूमा

जति हिमपात वर्षिए पनि

रातो घाम कति दिन कैद हुन्छ ?

प्रस्तुत कविता मार्फत् कविले अव सम्पूर्ण नागरिकहरू समानता र मुक्तिका लागि विवेक र आक्रोशका साथ लक्ष्य प्राप्तिको दिशामा क्रियाशील भइसकेकाले आततायीहरूले जतिसुकै तिकडम गरेपनि अव त्यो टिक्न नसक्ने र स्वतन्त्रताको

न्यानो  घाम अब अझ पाहारिलो बन्दै सबैका साम् अवस्य आइपुग्ने विश्वास व्यक्त गरेका छन् ।

**२७. म बूढो पाले दाइ-**

प्रस्तुत'म बूढो पाले दाइ' कविता श्रमजीवी पालेको जीवन कथामा आधारित छ । ६० वसन्त पार गरेर पनि जीवन यापनका लागि अभाव र पीडासँग जुध्दै इमानदारिताको पुजारी बनेर अफिस कुरेको प्रसङ्ग कविले व्यक्त गरेका छन्  अफिसका चिसा छिडी कुरेर र भित्र बाहिर गरेर पनि जीवनमा कुनै परिवर्तन आउन नसकेको यथार्थ प्रस्तुत कवितामा व्यक्त भएको छ । घर परिवारलाई चटक्क छोडेर जीवनभर हाकिमको चाकडी, सामान र समयको रक्षक अनि आज्ञापालक बनेर नै नाडी गलेर रगत निखेको वास्तविकता कवि मरहट्टाले प्रस्तुत कवितामा व्यक्त गरेका छन् । जाडो, गर्मी महङ्गी र अभावसँग जुधेका पाले दाइका केटाकेटी दाउरिएका र पत्नी चाउरिएकी छिन् । कति हाकिमहरू फेरिए, सबैको पदोन्नति भयो तर पालेदाइ भने नयाँ नयाँ हाकिमका अनुहार हेर्ने र हप्की र गाली खाइ बस्नु परेको तीतो सत्य प्रस्तुत गर्दै कुवाको भ्यागुतो कुवामै रहेको तथ्य प्रस्तुत कवितामा व्यक्त भएको छ । सोफा र दराज बोक्दा र सफा गर्दा पैताला चिरिएका, उमेर जवानी त्यही गुमाएका तर केही आर्थिक उन्नति गर्न नसेकेका तल्लो दर्जाका श्रमिक पालेदाइको जागिरे जीवनमा कुनै प्रोत्साहन मिल्न नसकेको तथा मुहारमा कुनै हाँसोको रेखा कोरिन नसकेको अभिव्यक्ति कवि यसरी पोख्छन् -

किर्रर घण्टी भित्र जाई, फाइल च्यापेर   बाहिर आई
म  अफिसको बूढो पाले दाइ ।

**२८ भूगोलमा कोरिएका चित्र -**

कवि मोदनाथ मरहट्टाको प्रस्तुत 'भूगोलमा कोरिएका चित्र' शीर्षक कविता सामाजिक यथार्थलाई अभिव्यक्त गर्न सफल कविता हो । समय परिर्वतनशील छ । हिजोको मानसिकता आज छैन । भ्रम र अत्याचारको जालोलाई चिर्दै किसान मदजुर र श्रमिकहरू पनि नयाँ चेतनाका किरणले जग्मगाइ सकेको तर शक्ति र सत्ताका

ठेकेदारहरूमा पुराना हैकमले काम लिन नसक्दा पाखाको माछो झैं छट्पटाएको प्रसङ्ग कविले प्रस्तुत गरेका छन् । श्रमजीवी किसानहरू कम्मरमा पटुका कसेर, हातमा कोदाली भिरेर आकाशमा वादलको छानो देखेपछि कृषिकार्यमा जुटेको प्रसङ्ग कविले उल्लेख गरेका छन् । परिवर्तन र चेतनाको सन्देश गाँउ गाउँसम्म पुगेको तथा जुरेलीले पढ्न थालेकी, विचार र विश्वासमा परिवर्तन आएको प्रसङ्ग उठाएर कविले धर्ती छिट्टै काँचुली फेरेर निस्कने सङ्केत गरेका छन् । शक्तिका पुजारीहरू अनि सामन्तका नाइकेहरू निमुखा जनतालाई मुट्ठीका माखा बनाउन चाहन्छन् । तर धर्ती परिवर्तन गर्ने सम्वाहकहरू धैर्यता र साहसका साथ नयाँ योजनामा तस्सिएका छन् । किसान जागरण र किसान आन्दोलन उचाइमा पुगेपछि डिट्ठीनी र ढुङ्गेसाहुको मस्तिष्कमा कुविचारको बादल मडारिएको अनि भूगोलमा नयाँ चित्र चिरिएको निर्देश कवि मरहट्टाले यस कवितामा गरेका छन् ।

## २९. मेरो दाइ म र मान्छेहरू

प्रस्तुत 'मेरो दाइ म र मान्छेहरू' शीर्षक कविता कवि मोदनाथ मरहट्टाको राजनैतिक व्यङ्ग्य प्रहार गरिएको व्यङ्ग्यधर्मी कविता हो । नेपाली राजनीतिमा नयाँ नयाँ अनुहार उदीयमान भएर पनि स्वरूप विचार र व्यवहार पुरानै भएको कविको ठम्याइ छ । सुखानी र भारमारे अनि भिमान र सिमलेमा कुनै भिन्नता नभएको वास्तविकताको उद्घाटन कविले गरेका छन् । जनताका विचारमा नौलो परिवर्तन आइसक्दा पनि कथित नेताहरू पुरानै आँखाले नागरिकलाई हेर्ने गरेको तथा जनतालाई मुट्ठीका माखा बनाएको यथार्थ कविले प्रस्तुत कवितामा अभिव्यक्त गरेका छन् । पुरानो कल्पवृक्षको जरा र हागा कमजोर भैसकेकोले धेरै मानिसहरू नवीन विचारका साथ कथित नेताको अवसानको लागि सुपारी बाँड्दै हिडेको प्रसङ्ग कोट्याएर कविले परिवर्तन र मुक्तिको जन चाहना लक्ष्यमा पुगेरै छाड्ने तथा उर्लदो नदीको भेललाई लौरोले छेक्न नसक्ने यर्थाथ भाव कवितामा यसरी व्यक्त गर्दछन्-

त्यही सिके त्यही घरवार<br>
त्यसैले त आज भोलि

मान्छेहरूको एउटा भीड

मेरो अवसानको सुपारी बाँड्दै हिड्छ ।

**४.२.२ कविता विधाको कोणबाट 'पाइलाहरू शिखरतिर उकासिदै गर्दा कविता संग्रहको अध्ययन :-**

यस कविता संग्रहको शीर्षक र संरचना, विषयवस्तु, भाववविधान, लयविधान, बिम्बप्रतीक र अलङ्कार विधान एवं भाषाशैलीका आधारमा क्रमश : यहाा अध्ययन गरिन्छ ।

**४.२.२.१ शीर्षक र संरचना**

कवि मोदनाथ मरहट्टाको 'पाइलाहरू शिखरतिर उकासिंदै गर्दा' (२०५५) प्रस्तुत संग्रहको नामाकरण यसै सङ्ग्रह भित्रको एउटा कविता शीर्षकबाट गरिएको छ । शीर्षकले समेट्ने मूल प्रतिपाद्य विषय प्रस्तुत शीर्षक कविताले पनि समेटेको छ । कविताका शीर्षकहरू र कथ्यका बीच प्रतीकात्मक सङ्गति देखापर्ने प्रस्तुत सङ्ग्रहका कवितामा 'बलेको आमा' (पृष्ठ-१०) म बूढो पालेदाइ (पृ.५१) ले अभिधात्मक अर्थ समेटेका छन् । २९ वटा शीर्षक फुटकर कविता यस संग्रहमा सङ्कलित रहेको पाइन्छ ।

संरचनागत वनोट विना काव्य वा संग्रहको निर्माण हुन नसक्ने यथार्थ नै हो । यस कविता संग्रहलाई पनि संरचनागत रूपमा केलाउादा कतैकतै पद्यात्मक आभास तर सम्पूर्ण गद्यशैलीका मुक्तलयमा लेखिएको देखिन्छ । कविता शीर्षक पदगत ('क्रान्ति' पृ.१३, 'रचना' पृ.२०, 'माया' पृ.२६, 'प्रजातन्त्र' पृ.३४), पदावलीगत ('बलेकी आमा' पृ.१०, 'देश खोतल्दा' पृ.१२, 'नयाा प्रयोगशालाबाट' पृ.२५, 'म बूढो पालेदाइ' पृ.५१) 'वाक्यगत (म लेख्छु क्रान्तिको गीत' पृ.४०, 'म युद्ध बनेर आउादैछु' पृ.३३, 'किनकी तिमीलाई महाभियोग लागिसकेको छ' पृ.४१) रहेका छन् । यस संग्रह भित्रका शीर्षकको छोटो कविता 'दुई गीत' अन्तर्गत प्रजातन्त्र र नेता दुई उपशीर्षक मा चार चार हरफे टुक्रा रहेका छन् । यसपछिको छोटो कविता 'नयाा प्रयोगशालाबाट' हो । यो कविता आठ हरफको छ । यस संग्रहको लामो कविता 'किनकी तिमीलाई महाभियोग लागिसकेको छ' शीर्षकमा ७० हरफमा संरचित छ । यस  कवितासंग्रहका कवितामा एक शब्द देखि (म

युद्ध बनेर आउादै छु' पृ.३३) १० शब्दसम्मका पङ्क्तिहरू ('म र बन्दकोठा' पृ.१८) रहेका छन् ।

जीवनको यथार्थ भोगाइ, विसङ्गतिको पर्दाफास र क्रान्तिको आह्वान मरहट्टाका कविताले अभिव्यक्त गरेको पाइन्छ । सलल बग्ने भाव प्रवाह र लयात्मकता उनको संग्रहको कवितात्मक विशेषता हो ।

### ४.२.२.२ विषयवस्तु -

प्रतिभा, व्युत्पत्ति र अभ्यासको माध्यमबाट जीवन भोगाइको अनुभूतिको प्रस्तुति सिर्जनामा हुने गर्दछ । यही अनुभूतिको यथार्थ प्रस्तुति कवि मरहट्टाको कवितामा पाइन्छ । कवि मरहट्टाले निरङ्कुशता, सामाजिक विकृति, गरिबी नारीमहिमा, क्रान्ति र विद्रोही, युद्ध र मुक्ति, जातीय विभेदको अन्त्य र समाज रूपान्तरणको कामना गरेका छन् । यिनै विषयवस्तुलाई यथार्थ साथ प्रगतिवादी भावधारामा सुकोमल शैली र बिम्व प्रतीकको समायोजनका साथ कविले रचना गरेका कविताका विषयवस्तुगत विविधतालाई निम्नानुसार सोदाहरण चर्चा गरिन्छ ।

### १. निरङ्कुशताको उद्घाटन

कवि मोदनाथ मरहट्टले आफ्नो कवितामा देशका निरीह जनतामाथि निर्दयी शासकहरूले गरेको अमानवीय व्यवहार क्रुर शासन,सामाजिक भेदभाव, यातना र एकाधिकार जस्ता निरङ्कुशताको उद्घाटन गरेका छन् । वि.सं.२०४६ सालको जनआन्दोल र प्रजातन्त्रको पुनस्थापना पछि पनि नागरिकको मुहार फेरिन नसकेको, जनताको इच्छा आकाङ्क्षा र हक अधिकार कुण्ठित भएको यथार्थ यसरी कविता मार्फत् व्यक्त भएको पाइन्छ -

फोस्रो मानव अधिकारको पट्टा
काखीमा च्यापेर शासक/प्रशासकहरू
धर्तीमा आाशुको दह जमाएका छौ
रोज रोज मान्छेको रगत पिएर
मासु लुछ्दै हाड चपाएका छौ ।

('यो वर्षको कविता' पृ.३५)

विक्षिप्त मुखाकृति पारेर मेरो देश
मुटुको घाउको धेरै पटक पीडा भोग्यो
क्षितिज नियालेर चिहायो
बैश मातिरहेको साक्षात् भोग्यो
अन्यायको पहाड बोक्यो
अभावको धरहरा चुलियो
नातावादको श्रृफ्ला लम्बियो
मान्छे खाने इतिहास झ्याङ्गियो ।
('देश खोतल्दा' पृ.१२)

**२. गरिबी**

प्रगतिवादी कवि मोदनाथ मरहट्टा गास-बास कपासको कुनै ठेगान नभएका सवृहारावर्ग अनि जातीय संस्कारको जालोमा दविएका र गरिबीले सताइएका नेपालीका दुःख दर्दलाई कवितामा उतार्ने कवि हुन् । शामन्ती संस्कारको जातोमा पिंधिएको नेपालीको चित्रण कवि यसरी गर्छन् -

गन्तव्य के हो, कर्तव्य के हो
बाटो बिराएको थकित पथिक झैं
हीनताबोध झेलेर
छोरीलाई दिनहु उधारो आश्वासनको झुट बोल्छिन्
धोती फाट्यो, लाज देखियो
हरिमायालाई बैश आएन.......
बिहान कोदोको जातोले उठाउाछ ।
('हरिमाया' पृ.२४)
डेरा भनौं वा आवास
एउटा आध्यारो जिन्दगी
ढोकाबाट मृत्यु चियाउाछ ......

बर्वराउादै बिउाझने गर्छु ।.............

### ३. स्वतन्त्रता र समानता-

कवि मोदनाथ मरहट्टा समानता र स्वतन्त्रताका पक्षपाती कवि हुन् । समानता सागसागै मुक्त वातावरणको खोजी हुने अनि वेदना र विह्लताबाट स्वतन्त्रता जन्मिने भएकाले उनी स्वाभिमान र स्वतन्त्रताका लागि मृत्युवरण गर्न तयार रहेको कुरा आफ्ना कवितामा व्यक्त गर्छन् । मरहट्टाका वर्गसमन्वय तथा समानताका अभिव्यक्ति-

कुर्चीको मात लागेका पहरेदार हो सुन
सत्ताको आयु छोटियो आयो अव्सानको दिन
जे जति मोज मस्तिका सुखका दिन सिद्धिए
लठ्याई विष लागेका जनता बल्ल व्यूाझिए
टल्कन्छन् चुचुरा सेता रातो धाम बिहानीमा
उठ्दैछन् हरिया कुञ्जा रातो तुल सिरानीमा
मार्ग धुमाउरो कठिन तर दिशा स्पष्ट छ
उर्लदो गण्डकी भेल लौरो लिइ को रोक्दछ ?

('को राक्दछ ? पृ.३७-३८)

म राख्छु वुद्धिजीवीमा क्रान्ति त्यो किन उठ्दछ
मातृत्व क्रान्ति हो जन्म समता मूल फुट्दछ ।

('म लेख्छु क्रान्तिको गीत' पृ.४१)

### ४. क्रान्ति र बिद्रोह-

कवि मरहट्टा जनयुद्धले जन्माएका कवि हुन् । उनी देशको राजनैतिक आर्थिक सामाजिक क्षेत्रमा आमूल परिवर्तनको आवश्यकता देख्छन् । वर्गीय द्वन्द्व र जातीय मुक्तिको लागि चेतनाको जागरण र अन्धविश्वासको निवारण उनी गर्न चाहन्छन् । उनी क्रान्तिको जीतको लागि जनतको गीत चाहन्छन् । युद्ध रूपी सूर्यलाई हत्केलाले छेकेर अव कसैले नसक्ने, त्यो भ्रम हटिसकेको देख्छन् ।

एउटा नरूक्ने आक्रोशका आाधी भित्र भित्रै उर्लदैछ

मनको आकाशबाट भयको बादल फाटेर गएपछि
क्रान्ति आफै रातो झण्डा फर्फराएर आउादैछ ......
समयका पानाहरूमा श्रमको परिभाषा खोज्दै
महाभारत पहाड र उच्च सगरमाथा शिखर माथि
क्रान्ति : जनमुक्तिको दस्तावेज लेखेर आउादैछ ।

देश र जनताको मुक्तिको लागि श्रमजीवी सबै जनता एक हुनुपर्ने तथा समाज परिवर्तन र जातीय स्वाभिमानका लागि क्रान्ति र युद्ध अपरिहार्य रहेकोले नेपाल आमाको कााढा बढार्न बन्दुक राज बन्दुकले नै अन्त्य गर्नु पर्ने कविको कविता भावना यस्तो छ -
त्यो कस्तो क्रान्ति हो मिल्छ एउटै मात्र उत्तर
बन्दुके राजको अन्त्य बन्दुक नालमा भर
म कोर्छु क्रान्तिको गीत मुक्तिको हित खाातिर
जननी जनमूमिको कााडा बढार्छ आखिर ।

**५. विश्वमानवतावाद :**

संसारका सबै एकै हुन् भन्ने भावना कविमा पाइन्छ । विश्वका अनेक देशमा फैलिएका अन्याय, शोषण र अमानवीय व्यवहारलाई तिरष्कार गर्दै आफ्नो मानवतावादी भावना कवि यसरी प्रकट गर्छन्-
कतै नामिवियाली भोक बोकेर
कतै खालिस्तान र कर्दी स्थान खोज्नु पर्ने पीडा भोगेर
एउटा नरूक्ने आक्रोशको आाधी भित्र भित्रै उर्लंदै छ ।

**६. सामाजिक विसङ्गति**

वर्गीय समाजमा थुप्रै सामाजिक समस्याहरू विद्यमान छन् । अन्यायको जालोमा फसेका निम्नवर्गका मानिसहरूलाई अझै कुण्ठित गर्ने काम सामन्तबाट भएको छ । तर जनताहरू मुक्तिको लागि क्रान्तिमा लामबद्ध भैसकेका छन्-

सिर्जनाका फूलहरू, अझ पौरख बोकेर आागन-आागन
रगतको नाता च्यातेर
वर्गीय माया हुर्काएका छन् ।
जाली तमसुकका कारखानाहरू
रगत चुसेका जुकाहरू
जनघनत्व थप्न शहरतिर वर्षिए
पल्लो गाउा त भिन्दै पो भएको छ ।

('पल्लो गााउ भिन्दै भएको् छ' पृ.४६)

### ७. नारी मुक्ति

देश परिवर्तनको उद्घोषले आज अर्धाङ्गिनीहरू सिंदुर पुछिंदा पनि विचलित छैनन् । क्रान्ति र मुक्तिको अलाप गर्दै क्रुरतालाई हाकारका साथ कायल बनाएका छन् । धर्मान्धतालाई ढालेर पौरखको परिचय दिइ अनो समाएर भूगोलको बााझो फुटाएका छन्-

हिजो सम्म रोएर अर्धाङ्गिनीहरू
सिन्दुर पुछिंदा औताली पर्दा
हाकार ओकलेर बस्ती भरि
अनौ समातेर पौरखको परिचय पोखे
धर्मान्धताको पर्खाल ढालेर
भूगोलको बााझो  फुटाए ।

('देश खोतल्दा' पृ.१२)

### ४.२.२.३ भावविधान-

मोदनाथ मरहट्टा सामाजिक यथार्थलाई सिर्जनामा उन्ने प्रगतिवादी कवि हुन् । स्वच्छन्दतावाद भित्रको प्रगतिवादी स्वर उनको कवितात्मक विशेषता देखापर्छ ।मुक्तलयमा प्रकृतिका विविध बिम्बका साथ मानव मूल्यको खोाजी र मानव मुक्तिको चाहना उनका कविताले राखेका छन् । साथै उनका कविताले सामाजिक धार्मिक राजनैतिक समकालीन

क्रुरता र विकृतिप्रति  धारिलो व्यङ्ग्य प्रहार गर्दै स्वतन्त्रता, समानता, क्रान्तिकारिताको उद्‌घोष गरेका छन् । सामाजिक विसङ्गतिको उद्‌घाटन गरी राष्ट्रियता, मानवता र स्वतन्त्रता-समानताको स्वर सुसेलेका छन् । पुरानो सत्ताको ध्वंश र नयाा सत्ताको स्थापनाको निम्ति सङ्घर्षको उद्‌घोष गर्ने उनका प्राय : यस संग्रह भित्रका कविताहरू समकालीन राज्यसत्ताप्रति सिस्नो पानी हुन् । जातीय, वर्गीय र लैङ्गिक आधारमा सबैलाई क्रान्ति आह्वान गरिएका उनका कविता भित्रका 'बलेकी आमा' 'हरिमाया' 'म बूढो पालेदाइ' जस्ता कविताहरू सामाजिक यथार्थमा आधारित छन् । 'बिउाझने याम आयो' पक्कै उदाउन्न र ? वेथान तम्तयारीमा, मयुद्ध बनेर आउादै छु, म लेख्छु क्रान्तिको गीत, मैले निम्तो ग्रहण गरे, रातो घाम कति दिन कैद हुन सक्छ ? आदि कविताहरू क्रान्ति र मुक्तिका गतिशील उर्जा तथा जनयुद्धका कविता हुन् ।

वर्तमान प्रति आक्रोश तथा भविष्यको परिवर्तनको स्वर मरहट्टाका कविताका भावगत वैशिष्ट्य देखा पर्छन् ।

### ४.२.२.४ लयविधान :

कवितालाई साङ्गीतिक र गतिशील बनाउने तत्व लय हो । लय नै गद्य र पद्यको अन्तर विभाजक पनि हो । कवि मोदनाथ मरहट्टाको प्रस्तुत 'पाइलाहरू शिखरतिर उकासिंदै गर्दा कविता संग्रहका सबै कविता गद्य कविताका रूपमा रहेका छन् । केही कविता पद्यात्मक आभास र आनुप्रासिक अन्तरलयमा बाांधिएका छन् तर शास्त्रीय छन्दको मर्यादालाई भने चुम्न सकेका छैनन् । वाचनका आधारमा पद्य भन्न सकिने तर नीति र संरचनाका हिसाबले गद्य भित्रै समेट्नु पर्ने स्थिति देखा पर्छ । संग्रहका सबै कविता अनुप्रास अन्तरअनुप्रास र साङ्गीतिकताका दृष्टिले श्रुतिमधुर र उत्कृष्ट देखा पर्छन् । कवितामा अनुप्रास योजना यसरी प्रस्तुत गर्न सकिन्छ -

उम्लादो रक्त धर्तीमा पोखिंदैछ घरी घरी
लुब्ध व्याधा सधैं ताकी खसाले झै लुरे चरी
लुते लाङ्ग्रे, भयौं हामी चुप भै चुसिई सह्यौं
वर्षौ शोषणको जाल खप्दा अग्रसरि भयौं ('वेथान तम्तयारीमा' पृ.२६)

अनुप्रासका विविध स्वरूप मध्ये वृत्युनुप्रासको योजना कवितामा यसरी प्रयोग भएको पाइन्छ -

मृत्युमा पाइने आदर जिउनु मृत्युको डर
बन्दुके नालको सत्ता बन्दुक नालमा भर ।

कवितामा अन्तर अनुप्रांस योजना उत्तिकै सवल छ ।'यो वर्षको कविता' शीर्षकका केही पङ्क्तिहरू यस्ता छन्-

फोस्रो मानव अधिकारको पट्टा
काखीमा च्यापेर शासक/प्रशासकहरू
धर्तीमा आाशुको दह जमाएका छौ
रोज रोज मान्छेको रगत पिएर
मासु लुछ्दै हाड चपाएका छौ ।

'यो वर्षको कविता' पृ.३५

**४.२.२.५ छन्द विधान**

प्रगतिवादी कविहरूले शास्त्रीय छन्दको नियमलाई अनुशरण नर्गनु नौलो कुरा होइन । कवि मोदनाथ मरहट्टाले पनि यस कविता संग्रहमा छन्दगत लयलाई मात्र समातेका छन् । श्रुतिमधुरता र वर्ण विन्यास अनुप्रासका कारण शास्त्रीय छन्दको झल्को दिने तर गणसङ्केतका हिसाबले गणना गर्दा गद्यमै समाहित हुने उनका केही शीर्षक कविता बाहेक सबै कविताहरू मुक्त छन्दमा पर्दछन् । कवितामा शब्द चमत्कारको कसरत भन्दा पनि सरलता तरलता र सम्प्रेषणीयता देखापर्छ । वार्णिक छन्दको झझल्को दिने तर गद्य कवितामै समेटिने उनका केही कविता यस्ता छन् -

कहाा सक्नेछ होक्रिन खुर खुट्टा टुटे पछि
सिङ जुरो उखेलेर घाााटी मुन्टो छिनेपछि ।

('बेथान तम्तयारीमा' पृ.२७)

### ४.२.२.६ बिम्ब/प्रतीक/अलङ्कार विधान

मानिसले देखे भोगेका  जीवन-जगतका विभिन्न क्षेत्रका नवीन पुरातन विविध बिम्व तथा प्रतीकहरूलाई नयाा शैलीमा प्रयोग गरेर भावाभिव्यक्ति दिएमा कविता बढी गम्भीर, रोचक र स्तरीय हुन्छ । बिम्बको  प्रयोगले कविता सशक्त र भाव प्रवल बन्दछ । अन्तर्हृदयका भावहरूलाई प्रकटीकरण गर्न कुनै न कुनै साधनको आवश्यकता पर्छ । बिम्व र प्रतीक तिनै भावहरूलाई सवल रूपमा प्रकटीकरण गर्ने महत्वपूर्ण तत्व हुन् । कवितामा बिम्वको प्रयोग कवि मरहट्टाले यसरी गरेका छन्-

विक्षिप्त मुखाकृति पारेर मेरो देश.....<br>
क्षितिज नियाले र चिहायो<br>
बैंश मातिरहेको साक्षात् भोग्यो<br>
अन्यायको पहाड बोक्यो<br>
अभावको धरहरा चुलियो<br>
नातावादको श्रृफ्ला लाम्बियो<br>
मान्छे खाने इतिहास भ्याागियो ।

('देश खोतल्दा' पृ.१२)

निरङ्कुशताको बन्धनमा फसेका निरीह जनताको वेदनालाई माथिको बिम्वद्धारा कविले मार्मिक चित्रण गरेका छन् ।

कविताको सफलता र प्रभावकारितामा त्यसभित्रको प्रतीक विधानको महत्व पनि उत्तिकै हुन्छ । कवि मरहट्टाले आफ्नो कवितासंग्रहमा अनेक प्रतीकहरूको संयोजन गरेका छन् । प्रतीक विधानका दृष्टिले उल्लेखनीय केही कविता निम्न छन्-

(क) मल्हम पट्टीको जोहो मिलाउन<br>
अभावको पहाड फोरेर सम्याउन<br>
नातावाद गोतावादको चुली च्यात्न......<br>
खिया  लागेका छिनो कुञ्जामा<br>
रेत दलेर उज्यालो चम्काउने

आरन शिलन्यास भयो

विवेकको विमोचन सुनियो ।

('देश खोतल्दा' पृ.१२)

(ख) भोक रोग र अन्यायको जाातोमा पिधिएर

गुजाराको नयाा कोट फेर्न

सहासको रातो कफन बााधेर.....

आस्थाको दह्रिलो लट्ठी टेकेर

पाइलाहरू कठिन यात्रामा चढे

शुभ साइतको पूर्वार्द्धमा

केही 'नेत्र' फुटे केही रत्न गुमे

हिमशिखर नाप्न हिंड्दा

हिमपात केही त भैहाल्छ

कतै त पहिरो पनि खस्छ ।

('पाइलाहरू शिखर तिर उकार्सिदै गर्दा' पृ.३०)

माथि 'क' मा 'अभावको पहाड' लाई जनताको समस्याको, ' नातावादलाई' मनपरीतन्त्रको, 'खिया लागेको कुञ्जा'लाई पुरानो विचारको,'शिलन्यासलाई' मुक्तियुद्धको श्रीगणेशको, अनि विवेकलाई जनचेतनाको प्रतीकका रूपमा प्रयोग गरिएकेको छ । 'ख' मा 'अन्यायको जाातो'लाई निरङ्कुशताको, 'गुजाराको नयाा कोट' लाई मुक्तिको, 'आस्थाको लट्ठी' लाई साहसको, 'हिमशिखर नाप्नु'लाई कठोर साध्यको, 'हिमपात' लाई सम्भावित खतराको प्रतीकको रूपमा प्रयोग गरिएको छ ।

अलङ्कार कविताको कला पक्ष हो । कवितामा व्यक्त भावविचारलाई प्रभावकारी बनाउनका निमित्त सम्बन्धित विचार सागै छायाजस्तो भई आउने तत्वलाई अलङ्कार भनिन्छ । जीवन जगतका विभिन्न स्रोतबाट टिपिएका उपमानले गहना वा आभूषणको भूमिका खेली कविताको मूल भावलाई प्रभावकारी तुल्याउाछन् । अर्थालङ्कारका केही उदाहरणहरू तल प्रस्तुत छन् -

क) हरिमाया, एउटा गृहिणी रे

गन्तव्य के हो ? कर्तव्य के हो ?
बाटो बिराएको थकित पथिक झैं
हिनताबोध झेलेर जिन्दगी झोलिइ रहिछिन् ।

('हरिमाया' पृ.२४)

ख) उम्लादो रक्त धर्तीमा पोखिंदैछ घरीघरी
लुब्ध व्याधा सधैं ताकी खसाले झैं लुरे चरी ।

('बेथान तम्तयारीमा' पृ.२६)

ग) आमाले नानीलाई कोक्रोभित्र खाादे झैं
भूगोललाई समन्वयको भुत्तोले बेरेर
बनमाराले बिरूवा मारे झै
सुधारको महले जति लेपे पनि
रातो घाम कति दिन कैद हुन सक्छ ?

(रातो घाम कति दिन कैद हुन सक्छ ? पृ.. ५०)

माथिका सबै उदाहरणहरूमा उपमान, उपमेय, साधारण धर्म र वाचक शब्दहरूद्वारा उपमा अलङ्कारको सुन्दर प्रयोग भएको छ । यस्तै रूपक अलङ्कारको प्रयोग यसरी गरिएको छ-

क) भित्तामा सुतेको दराज भन्दा बाठो
एउटा अभाव, एउटा इमान्दारिता
एउटा हैरानी जीवन एउटा खिरिलो पीडा
यो मेरो अफिस म पाले दाइ

('म बूढो पाले दाइ' पृ.५१)

ख) हामीलाई यो वर्ष, जेल छ नेल छ
वारेन्ट छ मुद्दा छ दमन छ मृत्यु छ
आतङ्कवादीको विल्ला छ ।

('यो वर्षको कविता' पृ. ३५)

माथिको उदाहरणमा 'क' मा अफिसको पालेदाई कोठाको दराज, अभाव इमान्दारिता, हैरानी जीवन र खिरिलोपनासागै आरोपित गरिएकोले रूपक अलङ्कार प्रयोग

भएको छ । त्यस्तै 'ख' मा पनि मुक्तिकामी योद्धालाई  जेल नेल बारेन्ट मुद्दा दमन र मृत्युमा आरोप गरिएको हुादा रूपक अलङ्कार सृष्टि गरिएको छ ।

**४.२.२.७ भाषा शैली:**

कवितामा कलात्मक पक्षका साथमा वाह्य पक्षको पनि उत्तिकै महत्व देखापर्छ । विचार अभिव्यक्तिको माध्यम भाषा हो भने शैली अभिव्यक्तिको ढङ्ग हो ।  भाषाशैलीले रचनाको स्तर मापन गर्दछ । सिर्जनालाई रोचक बनाउने र विषयवस्तु र भावबीच समन्वय ल्याउने प्रभावकारी माध्यम भाषाशैली नै देखा पर्छ ।

कवि मोदनाथ मरहट्टाको कवितात्मक भाषाशैली सरल र सुकोमल पदावलीले युक्त छ । तद्भव शब्दको प्रयोग सहजता, अनुप्रासीयता र आलङ्कारिकताले पूर्ण छ । क्रान्तिको आह्वान, युद्धको वर्णन, निरङ्कुशताको उद्घाटन र मुक्तिको चाहना मुर्खारित भएका उनका कविताहरू वाचन गर्दा सम्प्रेष्य र गेयात्मक छन् । झर्रा नेपाली शब्दको  समुचित विन्यासले कवितालाई रोचक र श्रुतिमुधर बनाएका छन् । यस सङ्ग्रहमा कविले प्रयोग गरेको भाषाशैलीलाई यसप्रकार उल्लेख गर्न सकिन्छ-

**क) विद्रोहात्मकता**

छिचोलेर जोडसित चेतनाका ध्वनिहरू
बिज रोपेर क्रान्तिको धर्तीभरि
कोपिला फक्रनै लागेका छन् वगैंचाभरि
आयु छोटिएर दिन खिइादैछ त्यो कुर्ची
हामी राष्ट्रवादी तिमी आतङ्कवादी ।

('यो वर्षको कविता' पृ. ३७ )

**ख) व्यङ्गयात्मक**

दुई माना दूध बोकेर  जुम्ली साने
हरेक बिहान साहुकोमा धा'छ
दुई कप टर्रो चिया सुक्र्या' छ
एक बट्टा देउराली फुक्या' छ
बााकी खर्च टिपेर साहुजी

दिनहु खाता चुल्या' छ ।

('हाम्रो गााउ र साहु कान्छो', पृ. ३९)

**ग) प्रश्नात्मक**

साााच्चै मर्म बुझेर जन्मभूमिको यात्रा अगाडि बढ

न्यानो धाम फुलाउने दिन नयाा पक्कै उदाउन्न र ?

('पक्कै उदाउन्न र' पृ.२२)

माथिका कवितामा तद्भव र झर्रा नेपाली शब्दहरूको प्रयोग भएको पाइन्छ । कथ्य र भावको संयोजन कवि मरहट्टाको कवितात्मक विशेषता हो । कवि मोदनाथ मरहट्टाका कविता सरल भाषा, मीठो शैली र सुन्दर भाव व्यक्त गर्न सफल छन् ।

**४.२.२.८ निष्कर्ष-**

कवि मरहट्टा सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य गर्दै वर्ग सङ्घर्ष र क्रान्तिद्वारा समाज परिवर्तनको सन्देश सुसेल्न चाहन्छन् । कवि मरहट्टा  जनयुद्धले जन्माएका कवि हुन् । उनका कविताले देशप्रेम युगबोध, सामाजिक यथार्थ, र परिवर्तनको दिशावोध, नारी मूल्य, जातीय सांस्कृतिक उत्थान, समाज रूपान्तरण विद्रोह क्रान्ति र शोषित पीडित श्रमजीवी वर्गको राज्य व्यवस्था स्थापना गर्न, वलिदानी पूर्वक युद्ध मोर्चामा जुट्न आह्वान गरेका छन् ।   उनी जनयुद्धलाई रातो र तातो सूर्यसाग तुलना गर्दै लक्ष्यमा नपुगी ग्रेटवाल, वन्दुकको नाल र रगतको आहालले युद्ध नरोकिने, नछेकिने दृष्टान्त दिन्छन् । वन्दुकको सत्ता बन्दुककै बलले जनताको कब्जामा लिने तथा निरङ्कुशताको पर्दा च्यातेरै नौलो विहानी निम्त्याउने कुरामा कवि ढुक्क छन् । यस सङ्ग्रहभित्रका कविताका आधारमा एकातिर कविले अन्यायको जालोमा फसेका भोका नाङ्गा निम्न वर्गीय नेपाली जातिले खेप्नुपरेको निरङ्कुशताको उद्घाटन गरेका छन् भने अर्कातिर वर्गदुस्मनको अवसान र श्रमिक उत्पीडितको राज्य व्यवस्था प्राप्तिको लागि र मुक्तिको लागि क्रान्तिको अपरिहार्यता देखाइ विचारलाई विज्ञानमा ढाल्न सकिने युगीन यथार्थ अभिव्यक्त गरेका छन् । प्रस्तुत संग्रह कवि मरहट्टाको उत्कृष्ट कवितात्मक उपलब्धी हो ।

**४.३. मोदनाथ मरहट्टाको खण्डकाव्यको अध्ययन**

**४.३.१. खण्डकाव्य:**

खण्डकाव्य कविता साहित्यको जेठो विधा मानिन्छ । साहित्य अन्तर्गत कविता, नाटक, आख्यान र निबन्धजस्ता विधा पर्दछन् । कविता अनुभूतिको भाषिक लयात्मक अभिव्यक्ति हो । कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनिएको साहित्यक कृति वा रचनालाईं कविता भनिन्छ ।[१७] प्राचीन कालमा कवितामय सम्पूर्ण रचनालाई काव्यले बुझाउने भएपनि आधुनिक साहित्यमा काव्य शब्दले खण्डकाव्य, महाकाव्य तथा गीतिकाव्य भन्ने मात्र बुझाउाछ ।

संरचनात्मक आयामका दृष्टिले कवितालाई लघुत्तम, लघु मध्यम र बृहत् गरी चार रूपमा विभाजन गरिएको छ । लघुतम लघु रूपमा मुक्तक र फुटकर कवितालाई विभाजन गरिएको पाइन्छ भने कविताका बृहत बृहत्तर रूपलाई महाकाव्य भनिन्छ ।[१८] यी दुईबीचको आख्यानसहित वा सूक्ष्म आख्यान भएका कविताका मझौला रूप खण्डकाव्यमा पर्छन् । पूर्वीय पाश्चात्य विविध साहित्यकार समालोचकहरूले खण्डकाव्य सम्बन्धी आ-आफ्ना परिभाषाहरू उल्लेख गरेका छन् । विश्वनाथका मतमा खण्डकाव्य त्यस्तो प्रवन्धात्मक काव्य हो जसमा एकान्विति हुन्छ, प्रभावको एकता हुन्छ पञ्चसन्धि वा सर्ग भएपनि र नभएपनि आफैमा पूर्ण हुन्छ । पाश्चात्य विद्वान्हरूले फुटकर कविता भन्दा ठूलो तर महाकाव्यस्तर भन्दा सानो कवितात्मक स्वरूपलाई खण्डकाव्यको दर्जामा उभ्याएका छन् । कविताको मझौला रूप खण्डकाव्यलाई आकार, प्रकार, विषयवस्तुको आयाम, आख्यान प्रयोग र संरचनाका आधारमा पृथक गरिन्छ ।[१९]

**४.१.१ खण्डकाव्यको परिभाषा :**

कविताको यसप्रकारको रूपमा जीवनको एक खण्डको अभिव्यक्ति हुन्छ । अभिधेय वस्तुलाई एउटै चरित्र एउटै प्रभाव र एउटै रसबाट व्यक्त गर्ने कार्य हुन्छ । विभिन्न विद्वानका दृष्टिमा खण्डकाव्य सम्बन्धी विविध परिभाषाहरू उल्लेख भएका पाइन्छन् । आख्यानात्मक वा आख्यान निरपेक्ष ढाचामा गरिएको होस् जीवनको कुनै एक खण्डको अन्वितिपूर्ण

---

[१७] वासुदेव त्रिपाठी अन्य (सम्पा) *नेपाली कविता भाग १* तृ.सं. (काठमाडौं साझा प्रकाशन २०४६) पृ. १

[१८] वासुदेव त्रिपाठी (सम्पा.) *नेपाली वृहत् शब्दकोश,* (काठमाडौं ने.रा.प्र.प्र २०४०) प. १२५

[१९] कृष्णप्रसाद आचार्य आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य २०६४ क्षितिज प्रकाशन पृ.३१०

मझौला आयामको कवितात्मक कथन नै खण्डकाव्य हो जो एकै रस लय आदिमा व्यक्त गरिएको होस् ।[२०] 'कविताहरूमा पूर्वाधार सम्बन्ध, एकान्विति अथवा कलात्मकता भएपनि खण्डकाव्य एक रसात्मक, द्रुतगामी सानो काव्यकृति हो'।[२१] 'खण्डकाव्य कविता विधाको त्यस्तो मझौला आयामको उपविधागत भेद देखापर्छ जसले कुनै आख्यान मार्फत वा आख्यान नआागाली जीवन जगतको एक खण्ड/ भाग/अशंलाई वद्ध वा मुक्त लयमा उनिएका भाषिक सङ्कलनका माध्यमबाट अन्वितिपूर्वक व्यक्त गर्दछ ' ।[२२]

**४.३.३. खण्डकाव्यका तत्वहरू :**

कथा, पात्र वा चरित्र, भाषाशैली,  वातावरण र जीवन दुष्टि वा उद्देश्य आदिका आधारमा खण्डकाव्यका तत्वहरूलाई विभाजन गर्न सकिन्छ । यसैगरी खण्डकाव्यमा स्तरीयता, लोकप्रियता सरसता यथार्थता कोमलता आदिजस्ता गुणहरू समेत हुन आवश्यक छ ।

**४.३.४. नेपाली खण्डकाव्यको विकास प्रक्रिया :**

वि.सं.१८७२ तिरबाट देखापरेको उदयानन्दको 'बेताल पच्चीसी' नामक कृतिबाट नेपाली खण्डकाव्यले आफ्नो साहित्यिक यात्रा थालनी गरेको हो । यसैगरी वि.सं. १८८४ मा बसन्त  शर्माको श्रकृष्ण चरित्र, देखापरेपछि नेपाली खण्डकाव्यमा थप उर्जा प्राप्त हुन्छ । विं सं.१९४० मा मोतीराम भट्टको उदय र प्रकाशनको सुविधा भएपछि नेपाली खण्डकाव्यमा माध्यमिक कालको आगमन हुन्छ । वि.सं. १९७२ सम्म सक्रिय रहेको नेपाली खण्डकाव्यको माध्यमिक काल कवि शिरोमणि लेखनाथ पौड्यालको वि.सं.१९७३ को ऋतुविचार खण्डकाव्यको प्रकाशन पछि विभिन्न मोड र धाराका साथ आधुनिक कालमा सक्रिय रहेको पाइन्छ ।

**४.३.५. नेपाली खण्डकाव्य परम्परामा मोदनाथ मरहट्टा**

---

[२०] दैवरज्ञराज न्यौपाने, खण्डकाव्यको *सैद्धान्तिक परिचय* वाङ्मय वर्ष १५ पूर्णाङ्क ८ कीर्तिपुर ने.के.बि. २०५५/५६ पृ.४८

[२१] *भानुभक्त पोखरेल सिद्धान्त र साहित्य* विराटनगर : कूलचन्द्र शर्मा २०४८ पृ. १३४

[२२] डा.बासुदेव त्रिपाठी र अन्य (सम्पा.) पूर्ववत्

आधुनिक नेपाली खण्डकाव्यको विकास प्रक्रियामा वि.सं. १९७३ देखि आजसम्मको समयलाई आधुनिक कालका रूपमा वर्गीकरण गरिएको पाइन्छ । यसै आधुनिक कालको दोस्रो मोडको रूपमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' खण्डकाव्य सागै स्वच्छन्दताबादी-प्रगतिवादी धारा देखापर्छ । स्तरीयता र लोकप्रियताका दृष्टिले ज्यादै उर्वर मानिने यस स्वच्छन्दतावादी धाराले २००६ सालबाट प्रगतिवादी धारासाग हातेमालो गरी साहित्यिक यात्रा थालेपछि स्वच्छन्दतावादी प्रगतिवादी धारकाका नामले परिचित हुन पुग्यो । यसै यात्राका एक पथिकको रूपमा आफ्नो खण्डकाव्य 'उज्यालो जन्मनुअघि' २०६२ लिएर खण्डकाव्यकार मोदनाथ मरहट्टा देखा परे ।

**४.३.६ कवि परिचय :**

मोदनाथ मरहट्टाको जन्म वि सं. २०१२ साल श्रावण २ गते गोरखा जिल्लाको हर्मी गा.वि.स. ६ मा भएको हो । साहित्यिक पानाहरूमा कतै 'यम' 'बटुवा' र कतै 'उदय गाउाले' का नामले पनि उनी परिचित छन् । नेपाली साहित्यका विशिष्ट साधक उनले कविता, कथा, निबन्ध संम्मरण आदि अनेक विधामा कलम चलाएका छन् । आइ.ए. सम्म पढेर थाकेका उनले संख्यात्मक भन्दा गुणात्मक दृष्टिले महत्वपूर्ण कृति रचेका छन् । पेशाले प्राथमिक शिक्षकका रूपमा सेवारत उनी साहित्यसर्जक मात्र नभै प्रगतिशील साहित्यलाई सङ्गठित विकास गर्ने चिन्तक पनि हुन् । शिक्षण र साहित्यिक सम्लग्नता उनका जीवनका अभिन्न अङ्ग जस्तै बनेका छन्, हर्मीका गाउाले परिवेशमा हुर्किएका निम्नवर्गीय परिवारका सदस्य उनले हाल रत्न नगर नगरपालिका -३ शान्तिचोक चितवनमा बसोबास गर्दै आएका छन् ।

विभिन्न पत्रपत्रिकामा छरिएर रहेका उनका रचनाहरूको प्रकाशित एउटै माला 'पाइलाहरू शिखरतिर उकासिंदै गर्दा (कविता संग्रह २०५५) रहेको छ । 'प्रवासी दाजुलाई चिठी' २०३७ 'नेपाली एकता' मा छपाएर उनले साहित्यिक यात्रामा पाइला चालेका हुन् । सरल र मृदुभाषी मरहट्टामा अध्ययन प्रतिभा र साधनाको प्रवलता छ । उनका कृतिले नेपाली सामाजिक कथा व्यथा, राजनैतिक, सांस्कृतिक, सामाजिक वर्तमान स्थितिले पैदा गरेका वेथिति र विषमता तथा नारी सम्वेदना केलाएका छन् ।

## ४.४. मोदनाथ मरहट्टाको खण्डकाव्यउज्यालो जन्मनु अघिको अध्ययन :

मोदनाथ मरहट्टा प्रगतिवादी गद्य कवि हुन् । केही पद्य कविता उनबाट रचना भएको भए पनि ज्यादा जसो कविता र खण्डकाव्य गद्यमै संरचित छ । सामाजिक कुरीति र वेथिति प्रति कठोर प्रहार गर्दै अर्थिक शोषण र असमानताका विरूद्ध आवाज उठाएर समााजिक यथार्थलाई अभिव्यक्ति दिने प्रगतिवादी कवि हुन् मरहट्टा ।

अन्यायका विरूद्ध र निम्नवर्गका पक्षमा औंला ठड्याउने कविहरू मध्येका एक प्रखर कवि मरहट्टाको 'उज्यालो जन्मनु अघि' खण्डकाव्य महत्वपूर्ण मानिन्छ । नारी प्रतिको उच्च संवेदनशीलता र आफूले देखे भोगेका वास्तविक जीवनका घटनाहरूलाई काव्यमा मार्मिक ढङ्गले उतार्ने जनताका साहित्यकार हुन् मरहट्टा ।[२३] मोदनाथ मरहट्टा २०४६ सालको जनआन्दोलन पछि बढी उर्जाशिल बन्दै आएका प्रगतिवादी धाराका कवि हुन् । कवि मरहट्टाले देश र जनताको पक्षमा कविता लेख्दै मुक्तिका योद्धाहरूको गाथा गाएका छन् । कवितामा परिवर्तन र वर्गीय भाव छ ।[२४] - कवि मरहट्टाले आफ्नो जीवन भोगाइबाट आर्जित अनुभूतिमा भावनाको मल अभिव्यक्ति द्वारा कविता सिर्जना गरेका छन् । प्रगतिशील आस्थाको पथमा कविता सौन्दर्यको रचना गर्ने उनका कविताहरू नेपाली समाजका सुख दुःखका घात प्रति घात एवं करूणा-विद्रोहका सुक्ष्म-कोमल स्वर र प्रगतिको बान्कीले गुन्जिएका छन् । दुःखी गरिबको सङ्घर्षशील जीवनको स्मृति गर्दै प्रत्येक निरङ्कुश दमनसाग शक्तिशाली क्रान्ति जन्मिने कुरा उनका कवितामा अभिव्यक्त भएका छन् । तत्कालीन व्यवस्थाले जनतामाथि गरेको शोषण अन्याय, अत्याचार र दमनको पर्दाफास गर्दै नवीन राजनैतिक र सामाजिक व्यवस्थाको आमन्त्रण उनी आफ्ना काव्यमा गर्दछन् । वर्गीय असमानता प्रति असन्तोष व्यक्त गर्दै वर्ग समन्वय र जातीय एकताको कामना गर्ने उनका कवितामा देशभक्ति राष्ट्रियता र स्वाभिमानी भावना पाइन्छ । देश र जनताको हितका लागि मर्नुलाई उनी अमरता मान्दछन् । कतै उनले आफू बााचेको सेरोफेरोको यथार्थको उर्ध्वगामी पक्षलाई समेटेर जन्मिएका उनका

---

[२३] डी. आर. पोखरेलबाट प्राप्त जानकारी

कविताले तीव्र अनुभूतिको झझल्को दिन खोजेको छन् ।[२४] कवि मोदनाथ मरहट्टाको खण्डकाव्यलाई शीर्षक र संरचना, विषयवस्तु, पात्र विधान, भावविधान, लयविधान, बिम्ब प्रतीक, अलङ्कार विधान एवं भाषाशैलीका आधारमा क्रमशः यहाा निम्नानुसार अध्ययन गरिएको छ ।

### ४.४.१ शीर्षक र संरचना

विवेक सिर्जनशील प्रकाशन प्रा.लि. काठमाडौंबाट २०६२ वि.सं.मा 'उज्यालो जन्मनु अघि' खण्डकाव्य प्रकाशित भएको हो । सामाजिक यथार्थमा आधारित प्रस्तुत काव्य प्रगतिवादी कवि मरहट्टाले रचना गरेका हुन् । खण्डकाव्यको प्रस्तुत शीर्षक 'उज्यालो जन्मनु अघि' पदावली युक्त छ । गद्य शैलीको संरचनामा रहेको प्रस्तुत काव्यले मूल प्रतिपाद्य विषय समेटेको भए पनि प्रतीकात्मक अर्थलाई यसले आत्मसात गरेको पाइन्छ । चौसठ्ठी पृष्ठ मध्ये चवन्न पृष्ठमा संरचित प्रस्तुत काव्यमा दश खण्ड रहेको छ । एक शब्ददेखि ६ शब्दसम्मको चरण देखापर्ने प्रस्तुत काव्यमा १२५ देखि २२५ हरफ सम्मका खण्डहरू देखा पर्छन् ।

### ४.४.२ विषयबस्तु :

खण्डकाव्यीय शास्त्रीय मान्यतालाई भत्काएको प्रस्तुत काव्यमा उत्पीडित नारीको दु:खदायी जीवनको कारूणिक कहानी वर्णित छ । देशका निरीह जनतामाथि स्वार्थी शासकहरूले गरेको निरङ्कुश शासन, सामाजिक भेदभाव, अन्याय अत्याचार, दमन क्रुरता र गरिबी माथि अमानवीय व्यवहार र एकाधिकार माथि विद्रोह भाव उनले व्यक्त गरेका छन् । एउटी अवला नारीले भोग्नु परेको आन्तरिक पीडाबोध र बाहृय परिस्थितिलाई केलाउने काम प्रस्तुत काव्यले गरेको छ ।

#### १. निरङ्कुशताको उद्घाटन :

---

[२४] घनश्याम ढकाल, *यथार्थवादी नेपाली समालोचना,* गण्डकी साहित्य सङ्गम पोखरा २०६२ पृ.१४०

[२५] पूर्ववत्

मोदनाथ मरहट्टा सामाजिक यथार्थलाई आफ्ना काव्य मार्फत प्रस्तुत गर्ने प्रगतिवादी कवि हुन् । २०५२ साल फाल्गुण १ गतेबाट प्रारम्भ भएको माओवादी जनयुद्ध र त्यसले पारेको सकारात्मक नकारात्मक प्रभाव उनले आफ्ना सिर्जनामा उतारेका छन् । आफ्नो काव्य यात्राको पूर्वार्द्धमा जनयुद्धका महान् भक्त बन्न पुगेका मरहट्टा उत्तरार्द्ध सम्म पुग्दा युद्धरत पक्ष र सरकार पक्ष दुवैबाट नेपाली जनजीवनमा छरेको आतङ्कलाई यथार्थ घरातलमा टेकेर अभिव्यक्त गर्ने कवि हुन् । "साहित्य मानव मानसिकताको अभिव्यक्ति भएपनि विशेषत : खास कुनै युगको खास कुनै समाजको सामाजिकताको अभिव्यक्ति हो । साहित्य पनि मानवीय व्यवहार भएकाले अन्य मानवीय व्यवहारको सम्बन्ध समाज र सामाजिक मूल्यसंग भए जस्तै साहित्य वा कलाको सम्बन्ध पनि घनिष्ट रूपमा समाजसाग रहेको हुन्छ ।"[२८] - सुरक्षाफौजले शान्ति सुरक्षाको नाममा फैलाएको आतङ्क यस खण्डकाव्यमा कविले यसरी अभिव्यक्त गरेका छन् ।

एक हुल शान्ति सुरक्षा

आागनमा उभियो

हरिकला झस्किइन्....

एउटा नाटकीय दृश्यझैं

एकाएक नाइलनको डोरी

पूर्णीमायाको हात कस्दै

बाखी डोरिएझैं

तानिई, घिसारिई

एउटा टेक्ने सहारा

कतै हरायो विचरी

एउटा उठ्ने सहारा

---

[२८] देवीप्रसाद गौतम, *प्रगतिवादः परम्परा र मान्यता* (श्रीमती मुना गौतम २०४९ पृ. परिशिष्ट -१ 'क'

कतै लुटियो बेसरी। खण्ड १० पृ ६२

परिवर्तन र मुक्तिको ठेक्का लिएका ठेकेदारहरूले सामान्य नागरिकलाई फकाइ मुक्ति सङ्ग्राममा सामेल गराउन लगेको यथार्थ प्रसङ्ग कविले आफ्ना काव्यमा यसरी अभिव्यक्त गरेका छन् -

आमा हामी

थेरै टाढा जानु पर्छ

अप्ठेरो बाटोका तिर्खालु कााढा

बढारेर फाल्दै लैजानुपर्छ।

हामीलाई श्याम भाइ दिनुहोस्

ऊ रित्तै फर्कदैन

फर्कदा मुक्ति लिएर आउाछ। (खण्ड - ८ पृ ५२)

**२. गरिबी :**

प्रस्तुत खण्डकाव्यमा गरिबीमा बााचेको उत्पीडित नारी हरिकलाको दुःखदायी जीवनको कारूणिक कहानी वर्णीत छ । यस खण्डकाव्यकी नायिका हरिकला पुरूषप्रधान समाजको प्रतिनिधि महिला पात्र हुन् । हरिकलाले भोगेको कहाली लाग्दो परिस्थिति समकालीन नेपाली ग्रामीण समाजमा रहेको र परम्परागत रूपमा चल्दै आएको प्रवृत्तिहरूको उपज हो । जाड्याहा पतिको मृत्यु, श्यामप्रसाद मुक्तियुद्धमा होमिएर फर्की नआएको छोरी पूर्णीमाया सुरक्षा फौजको पञ्जामा परी नफर्कीएकी, एक्ली, असहाय अवला नारी हरिकलाको व्यथा यस खण्डकाव्यको विषयवस्तु रहेको छ । गरिवीको वर्णन कविले आफ्ना काव्य मार्फत यसरी व्यक्त गरेका छन् -

अन्न आफैं कोठामा बस्दैन

खल्तीमा पेसा नहुनेले

बेसाहा किन्न नसक्नेले

उपबास बस्न

एकादशी पर्खनु पर्दैन

औशी बार्न तिथि कुर्नु पर्दैन । (खण्ड - ४ पृ.२८)

**३. युगीन यथार्थको प्रस्तुति :**

प्रस्तुत 'उज्यालो जन्मनुअघि' खण्डकाव्य सामाजिक जीवनको युगीन यथार्थको प्रतिबिम्बन गर्न सफल छ । पितृसत्तात्मक समाजमा नारीवेदनाले कुनै स्थान नपाएको प्रसङ्ग कविले यसरी प्रस्तुत गरेका छन् -

टोपी लगाउनेले आठ्याएको सत्ता

जरो उप्किँदैन

किलो हाल्लिदैन

सदावहार समयचक्र

ऋृतु परिवर्तनको नियम

फलामे ढोकाभित्र बन्द । (खण्ड ५ पृ.३७)

पतिको जाड्याहा प्रवृत्ति सहेरै बााचेकी हरिकला पतिले आफ्नो कुल-धर्म जोगाइदिए आफ्नो इच्छा पूराहुने आशा यसरी व्यक्त गर्छिन् -

हो हजुर म दासी

कर्मचण्डाल कुकुर्नी

हजुर  राजकुमार

जन्मसिद्ध सुकुमार......

कुलधर्म आात औकात

जोगिए हुन्थ्यो

दूधे प्युसाको

जिम्मा लिएहुन्थ्यो

दयाविधान

अवदेखि ठीक ठकानमा

उभिदिए हुन्थ्यो । (खण्ड -५ पृ.३९)

**४. सामाजिक विसङ्गति :**

'कला वा साहित्यमा व्यक्तिचेतना हुन्छ । कलाकारको व्यक्ति चेतनामा सामाजिक पर्यावरण सांस्कृतिक मूल्य र जातीय अस्तित्व अङ्कित हुने हुादा साहित्य जीवनको भोगाइको अभिव्यक्ति हो । मान्छेका भावना एवं विचार जीवनकै परिधि भित्र फूल्छन् भने मान्छेका क्रियाव्यापार एवं गतिविधि पनि जीवन जगतबाटै फर्किने हुादा जीवनबाहिर रहेर हामी केही सोच्न सक्दैनौं । यसैले साहित्य वस्तुगत यथार्थको प्रतिच्छवि हो ।'[द्ठ] यही सामाजिक विसङ्गतिको यथार्थ चित्रण कविले प्रस्तुत काव्यमा तोयनाथ मार्फत, यसरी व्यक्त गरेका छन् -

ए पापिनी :

पिशाचिनी, दुष्ट, कुलङ्गार

तासित जब मेरो

घरवारको साइनो बस्यो

ओरालो पाइलो लगेर

आध्यारो घरबाट

पातालतिर पो खस्यो

---

[२७] ऐजन

थुइक्क राड

तेरा कर्मले कुनैदिन पोइले

सुख सन्तोक पाएन । (खण्ड - ५ पृ.३८)

**५. असमानता :**

खण्डकाव्यले धनी र गरिव विचको खाडललाई राम्रैसाग नियालेको छ । धनीले गरिवप्रति गरेका अमानवीय व्यवहार र श्रम शोषणलाई कवि मरहट्टाले यसरी कोट्याएका छन् -

आमालाई थाहा छ
साहुहरू धितो देखेर
गरिवमाथि दया देख्छन्
हुनेहरू निर्धानिमुखाको
पाखुरा हेरेर हिसाब लेख्छन्
निर्धनको सिपालु सीप देखेर.....
साहुको दयाभित्र
एउटा कुटिल जाल लुक्छ
साहुको मायाभित्र
एउटा कुटिल काल ढुक्छ । (खण्ड -७ पृ.४४)

**६. नारीप्रति सम्मान :**

प्रस्तुत खण्डकाव्य नायिका हरिकलाको जीवनकथामा आधारित छ । पुरूष सरह नारीको सामाजिक मूल्य स्थापना गर्नु कवि मरहट्टाको लक्ष्य रहेको छ । नारीप्रति सम्मान व्यक्त गर्दै कवि भन्छन् -

आमा हुनुसित मानवता उब्जेको हुन्छ
आमा हुनुसित महानता सिर्जेको हुन्छ

आमा हुनुसित शालिनता झुकेको हुन्छ

आमा हुनुसित क्षमाशीलता फुकको हुन्छ

धैर्यता सहनता आमाभित्र लुकेको हुन्छ ।

आमा साच्चिकी आमा । (खण्ड - ४ पृ. २९)

**७. राष्ट्रियता र प्रकृतिप्रेम :**

प्रस्तुत खण्डकाव्यमा राष्ट्रियताको वर्णन गरिएको पाइन्छ साथै मानव प्रकृतिको तादात्म्य सम्बन्ध देखाइएको प्रस्तुत काव्यमा प्रकृतिचक्रको परिवर्तन मानिसमा पर्न नसकेको अवस्थाको चित्रण कविले यसरी गरेका छन् -

मनस्लुमा सुन पोखिन्छ

पहाड हास्छ

जङ्गल हास्छ

धरा माथिको आकाश हास्छ

हरिकलाका फुस्रा नयनमा

कुन हासोको छाल उठ्दैन । (खण्ड - ६ पृ.४३)

**८. मानवता :**

प्रगतिवादी साहित्यको लक्ष्य सर्वहारा वर्गमा सौन्दर्यात्मक चेतना जगाई कलात्मक आस्वादन गराउनु रहेको हुन्छ । प्रगतिवादी साहित्यमा समकालीन राजनीतिक स्पर्श भएपनि साहित्य ठाडो राजनीतिक प्रचारको साधन होइन । यही सामाजिक यथार्थको आड लिएर कविले यस काव्यमा मातृत्व र मानवतावादी दृष्टिकोण यसरी प्रस्तुत गरेका छन् -

आमा हुनुको खुशी

छोराले भाग लुछोस्

छोरीले भाग खोसोस्

आमाको पेट रित्तै होस्

भरेको रात भित्रै होस्

जिद्धी गरेर पेट भर्न जान्दैनन्

ढिपी गरेर डकार्न मान्दैनन् । (खण्ड - ९ पृ.५५)

**९. क्रान्तिकारिता :**

कारावासी जीवनमा जन्मिएर पनि प्रस्तुत काव्यमा कविले क्रान्तिप्रतिको युगबोध गाएका छन् । क्रान्ति मोर्चामा सामेल हुन मुक्तिकामी नेपाली युवाहरूलाई गरेको आह्वान काव्यमा कविले यसरी अभिव्यक्त गरेका छन् -

कालो मेघ मुनिको, आध्यारो खोप्रोभित्र

एक हुल मुक्तिका पुजारीहरू

आमासित भिक्षा मागे

"आमा

हामी मुक्ति खोज्न निस्केका

हामीलाई आशिर्वचन चाहिन्छ

धन नभएपनि

मन चाहिन्छ

मान नभएपनि

ज्ञान चाहिन्छ....

हामी बााचेको परम्परा

हामी हुर्केको मान्यता

कुरूप भयो" (खण्ड - ८पृ. ५०.५१)

**१०. नारी उत्पीडन :**

युगौं युगदखि नारीमाथि भएको यावत किसिमका शोषण र उत्पीडनहरूलाई यस काव्यले प्रस्तुत गरेको छ । सामाजिक यथार्थको प्रस्तुति र त्यसप्रति कविको प्रगतिवादी स्वर यहाा व्यक्त छ किनकी यथार्थको कलात्मक प्रतिबिम्वन र यस प्रतिको द्वन्द्ववादी दृष्टिकोण प्रगतिवादको मूलभुत सैद्धान्तिक आधार हो । दुःखी जीवन भोग्न बाध्य हरिकलाको उत्पीडन कवि यसरी पोख्छन् -

दुर्गम गाउाकी हरिकला

कोदालोको बीड

डल्लेठोको लीड

कुनै ज्ञान आएन

कुनै विज्ञान धाएन

रूख विरूवा पात फेर्थे

हरिकलाको गार्हस्थमा

कुनै मुजुरा पलाएन । (खण्ड - ७ पृ ४७)

मन मन्दिरको देवतालाई

मुख फर्काउन धर्मले दिदैन

हात फर्काउन पातक लाग्छ

चोट छल्न

लुक्न भाग्न कर्म ठिङ्ग उभिन्छ

अर्को जुनीमा कुकुर्नी भइन्छ । (खण्ड - ३ पृ.२७)

**४.५ कथानक :**

यस काव्यकी नायिका हरिकला हुन् । उनी तोयनाथकी पत्नी तथा श्यामप्रसाद र पूर्णीमायाकी आमा हुन् । हरिकला स्कुल जाने उमेरमा बुहारी बनेर तोयनाथको घरमा प्रवेश गर्छिन् । जााड खानु तास खेल्नु र स्वास्नी कुट्नु उसको दिनचर्या हुन जान्छ । नाम

मात्रको दाम्पत्य जीवनमा हरिकलाले कहिल्यै सुखको सास फेर्न पाइनन् । छोरा श्यामप्रसादलाई मुक्तिका खेतालाले लगेका कहित्यै फर्कदैनन् भने छोरी पूर्णीमाया सुरक्षाफौजले विनाकसुर लगेका बेखवर हुन्छिन् । तोयनाथ अत्यधिक रक्सीको कारण मर्छ भने हरिकला पतिको टोकसोले मरेतुल्य बनेकी र छोराछोरीको मुख हेर्न नपाएर मर्छिन् । कथानक यसरी नै टुङ्गिन्छ ।

### ४.५.१ पात्रहरू :

यस काव्यका मुख्य पात्रहरू निम्न छन् :

**हरिकला :**

हरिकला यस काव्यकी नायिका हो । पुरूष प्रधान समाजको प्रतिनिधि महिला पात्र हरिकलाको दुःखी जीवनको कहालीलाग्दो वर्णन प्रस्तुत काव्यमा रहेको छ । हरिकलाले भोगेको परिस्थिति वर्तमान नेपाली ग्रामीण समाजमा रहेको र परम्परागत रूपमा चल्दै आएको प्रवृत्तिहरूको उपज हो । आफ्ना वेदना र छटपटीलाई एकातिर पन्छाएर जड्याहा पति तोयनाथको आदर्श सेवामा समर्पित सच्चा गृहिणीको रूपमा हरिकला चित्रित छिन् । नेपाली समाजमा हरिकलाजस्ता थुप्रै आमाहरूले सामन्ती शोषण खपेका छन् । रगतको आासु पिएका छन् । दर्दनाक मृत्युवरण भोगेका छन् । भोकै नाङ्गै बसेका छन् धर्ममा अडेका छन् । छोराछोरी यसरी नै गुमाएका छन् । यथार्थमा यस काव्यकी हरिकला आम नेपाली महिलाको जीवन भोगाइको औसत कहानी हो । मातृवात्सल्य, पतिभक्त र धैर्यशील कुशल गृहिणीका रूपमा हरिकला चित्रित छिन् ।

**तोयनाथ :**

तोयनाथ हरिकलाकी पति तथा यस काव्यको सहायक पात्र हुन् । सामाजिक कलङ्कको रूपमा उपस्थित भएको तोयनाथ पुरूषप्रधान समाजको सत्ताधारी पात्र तथा महालम्फू र उडन्ते निस्कन्छ । जााड खानु, तास खेल्नु, स्वास्नीलाई कुट्नु अनि गृहकलह मच्चाउनु उसको दैनिकी बनेको छ । घरलाई सच्याउने र हरिकलालाई सान्त्वना दिने काम उसले कहिल्यै गर्न सकेन । तोयनाथ आफ्नो भएको जेथा समेत बन्धक राखेर रक्सी खाइ कालको मुखमा परिसकेको हुन्छ । घरको मुली भएर कुशलतापूर्वक घर चलाउनुको सट्टा व्यक्तिगत नसामा लम्पट भएर पत्नीलाई कुसंस्कारको जालोमा फसाउने अनि आफ्नो दाम्पत्य जीवनलाई थप कष्टकर बनाउने अविवेकी दुराचारी पात्रको रूपमा तोयनाथ देखापर्छ ।

**श्यामप्रसाद** :

श्यामप्रसाद हरिकला र तोयनाथको एकमात्र छोरो हो । पितृस्नेह पाउन नसकेका कारण मुक्तिकामीका योजनामा लामवद्ध हुनपुगेको पात्रको रूपमा श्यामप्रसाद रहेका छ । जनयुद्धमा होमिएता पनि आमाको मुख हेर्न र सान्त्वना दिन घर नफर्कने मातृवात्सल्य कठोर पात्र श्याम नै हो ।

**पूर्णीमाया :**

पूर्णीमाया तोयानाथ र हरिकलाकी छोरी हुन् । सरल सुवोध र अशिक्षित पात्र हुन् । उनको चेतनास्तर कमजोर छ । कथित सुरक्षाकर्मीले वेकसुरमा पूर्णीमायालाई पशुलाईझैं हातमा दाम्लोले बााधेर अदृश्य स्थल तर्फ लैजान्छन् । विनाकारण अमानवीय व्यवहार खेपेकी उनी फर्किएर घर आउनुको साटो वेपत्ता हुन्छिन् । जनयुद्धको चपेटाामा सर्वसाधारण जनताले शान्तिका पुजारीबाट कसरी जीवन समाप्त पारेका छन् भन्ने यथार्थ पूर्णीमायाबाट थाहा पाउन सकिन्छ ।

**४.५.२ भावविधान :**

जनयुद्धको चपेटामा परेको नेपाली समाजको यथार्थ प्रस्तुति यस काव्यको मुख्य अभिव्यक्ति रहेको छ । सुरक्षादाता र मुक्तिकामीको आस्वासन र सुरक्षाको नाममा साधारण नेपाली जनताले भोग्नुपरेको करूण क्रन्दन यस काव्यको कथावस्तु रहेको छ । जनताको चित्कार सुन्ने कोही नभएको यथार्थ कवितामा यसरी प्रस्तुत भएको पाइन्छ -

“ कुनै सन्चो विसन्चो को

ताजा खबर

बासी खबर

कसैले ल्याएन

कतैबाट सोधनी आएन

न त्यहाा नागरिक समाज

न त्यहाा कानुनी राज

अत्यासिलो घाम उदाउाथ्यो

आफ्नै बाटो हिड्थ्यो, जान्थ्यो

हरिकलाको चित्कार सुन्ने

कसैसित आाट थिएन

कसैसित छााट थिएन" ।

हरिकलाको जीवन त्रास र अत्यासको जालोमा फसेको छ । घरायसी झन्झट खेपेर पनि उनले सन्तोषको सास फेर्न पाएकी छैनन्। दोहोरो मार खपेकी अवोध नारी हरिकलाको दुःखदायी वर्णन कविले यसरी गरेका छन् -

"आाशु ! आाशु !! आाशु !!!

फगत दिनरात चुहिन्छ

न आङमा नाना

न पेटमा दाना

न दशैमा मर्म

न तिहारको धर्म

पानीको प्यासले

सुकिन् उनी

छोरीको त्रासले

सुकिन् उनी

जीवनको अत्यासले

सुकिन् उनी" ।

अभावै अभावमा बााचेको हरिकलाको जीवन भोगाइ काव्यमा यसरी अभिव्यक्त भएको छ -

अन्न आफैं कोठामा बस्दैन
खल्तीमा पैसा नहुनेले
बेसाहा किन्न नसक्नेले
उपबास बस्न
एकादशी पर्खन पर्दैन
औंशी वार्न तिथि कुर्न पर्दैन" (खण्ड -४ पृ.२८)

हरिकलाको घरमा मुक्तियुद्धमा श्यामप्रसादलाई लिन आएका जनयुद्धका सिपाहीहरूको अभिव्यक्ति यस्तो छ -

आमा हामी
धेरै टाढा जानुपर्छ
अप्ठेरो बाटोमा तिर्खालु काडा
"बढारेर फाल्दै लैजानुपर्छ
हामीलाई श्याम भाइ दिनुहोस्
ऊ रित्तै फर्कदैन
फर्कदा मुक्ति लिएर आउाछ" । (खण्ड - ८ पृ. ५२)

### ४.५.३ संरचना विधान :

'उज्यालो जन्मनुअघि' (खण्डकाव्य २०६२) कवि मोदनाथ मरहट्टाद्धारा रचित मध्यम आयाममा विस्तारित काव्य हो । विवेक सिर्जनशील प्रकाशन प्रा.लि., काठमाडौंद्धारा प्रकाशित प्रस्तुत काव्यमा जम्मा १० खण्ड रहेका छन् । कूल चौसठ्ठी पृष्ठमा बााधिएको

प्रस्तुत खण्डकाव्य स्रष्टाका आफ्ना कुरा र द्रष्टाका भूमिकामा नौ पृष्ठ खर्च भएका छन् । १० औ  पृष्ठदेखि चौसट्ठी पृष्ठसम्म प्रसारित प्रस्तुत काव्यमा कविका सुललित कविता गङ्गाजलझैं सलल बगेका छन् । आयाम संरचनाका हिसाबले एक खण्डमा पााच अनुच्छेद र ११६ चरण, अन्त्यानुप्रासको आंशीक लय ढाचामा बगेको छ । खण्ड दुईमा लामा छोटा ५ अनुच्छेदका २२६ चरण रहेका छन् । संरचनगत हिसाबले यो खण्ड ज्यादै लामो देखिन्छ । खण्ड तीनमा एउटै अनुच्छेदमा कविता प्रवाह बगेको पाइन्छ । तेस्रो खण्डमा १०० हरफ रहेका छन् । चौथो खण्ड तीन अनुच्छेद र ११७ चरणमा रहेको पाइन्छ भने पाचौं खण्ड गद्य कविताका लामा तीन अनुच्छेद र कुल १८३ चरणमा बाािधएको छ । खण्ड ६ दुई अनुच्छेदमा छ भने चरण संख्या ११५ रहेको छ । सातौं खण्डमा चार अनुच्छेद र १४४ हरफ रहेको पाइन्छ । खण्ड आठ तीन अनुच्छेद र १०७ पाउमा उनिएको छ । खण्ड नौ चार अनुच्छेदका १५७ पाउमा फैलाइएको छ भने अन्तिम खण्ड १० तीन अनुच्छेदका १२९ चरणमा रचना गरिएको छ । एक शब्दका चरणदेखि ( खण्ड-३ पृ.२५) छ शब्दसम्मका चरणहरू (खण्ड (३ पृ.२५) (खण्ड ६ पृ.४३) सम्म मात्र चरण विस्तारित छन् । विस्तारित संरचनाका कोणबाट हेर्दा मूलतः छोटा चरणमा देखापर्ने प्रस्तुत गद्य काव्यमा १० खण्ड ३३ अनुच्छेद र १३९४ हरफ देखा पर्छन् ।

### ४.५.४ लयविधान :

प्रस्तुत काव्य मुक्तलयमा संरचित छ । मुक्तलयमा भएर पनि गद्यमा पाइने अन्त्यानुप्रास र अन्तरलयमा देखापर्ने सांगीतिक मिठास प्रस्तुत काव्यमा देखा पर्छ । सरल आनुप्रासिक शब्दचयनले कवितालाई आकर्षक बनाएका छन् ।

जस्तै :

चौताराको कचहरीमा

मुख हेरेर न्याय सुनाउाछन्

प्रस्तावक न्यायकर्मी

श्रीमान् साहु महोदयको

भयरहित

जयगान गाउाछन् । (खण्ड - ७ पृ.४६)

हो हजुर म दासी

कर्मचण्डाल कुकुर्नी

हजुर राजकुमार

जन्मसिद्ध सुकुमार

कुलधर्म जोगिएहुन्थ्यो

दूधे प्युसाको

जिम्मा लिए हुन्थ्यो

ठीक ठकानमा

उभिदिए हुन्थ्यो । (खण्ड -५ पृ.३९)

### ४.५.५ छन्दविधान :

प्रस्तुत काव्यका कविता सबै मुक्त छन्दमा संरक्षित छन् दश खण्डमा विभाजन गरिएको प्रस्तुत कवितामा कुनै शास्त्रीय छन्दको विधान गरिएको छैन । गद्य छन्दमा रहेर पनि कवितामा हुनुपर्ने साङ्गीतिक मिठास प्रस्तुत काव्यमा पर्याप्त छ । कविताको लयात्मक मिठास र सरल गद्यको प्रयोगले कविता सरस, मार्मिक र आकर्षक बन्न पुगेको छ । एक शब्ददेखि छ शब्दसम्मका चरणहरू प्रयोग गरिएको छ । काव्यात्मक शास्त्रीय मान्यता र पूर्वीय परिभाषा भित्र भने यो काव्य देखापर्दैन तर पनि कवितात्मक मिठास पाना पानामा देखा पर्छ जस्तै :-

'आदेश कुनै विवेकले चल्दैन

आदेश कुनै निभेकले गल्दैन

कानुनको दाना भित्र

कागजका पानभित्र

विषय र प्रसङ्गले

जे लेखिए पनि' (खण्ड -१० पृ.६१)

मकैको चारपाते बेर्नामा

हरिकला चुमेकी हुन्छिन्

कोदोका चारकोपे वेर्नामा

हरिकला झुमेकी हुन्छिन् । (खण्ड-३ पृ.२५)

### ४.५.६ बिम्ब, प्रतीक, अलङ्कार योजना :

प्रस्तुत 'उज्यालो जन्मनुअघि' खण्डकाव्यमा बिम्ब प्रतीकहरूको प्रचुर प्रयोग गरिएको छ । यसबाट काव्यात्मक मिठास थप्नुको साथै कवितालाई उत्कर्षमा पुऱ्याएका छन् । जस्तै :

' टोपी लगाउनेले आठयाएको सत्ता

जरो हल्लिदैन

किलो हल्लिदैन

सदावहार समयचक्र

ऋतु परिवर्तनको नियम

फलामे ढोका भित्र बन्द' (खण्ड ५ पृ.३७ )

"मनास्लुमा सुन पोखिन्छ ....

धरामाथिको आकाश हाास्छ

हरिकलाका फुस्रा नयनमा

कुनै हासोको छाल उठ्दैन ।" (खण्ड ६ पृ. ४३)

**अनुप्रास अलङ्कार योजना :**

'आइमाई गृहकी देवी हो

आइमाई लोग्नेकी भोगी हो

आइमाइ घरकी आमा हो

आइमाई रूपकी जामा हो

आइमाई घरकी दासी हो

आइमाई पुरूषकी खासी हो, (खण्ड - ३ पृ.२६)

**रूपक अलङ्कार योजना :**

'बाटो उदास छ , निरास छ

आसको बत्ती निभ्दैन

मनास्लुमा सुन पोखिन्छ' (खण्ड ६पृ.४३)

**४.५.७ भाषाशैली :**

सबैले बुझ्ने भाषामा कौतुहलता बढाई गङ्गाका जल प्रवाहझैं सलल बग्ने उनका कविता हृदयस्पशी छन् । मरहट्टाको भाषा खादिलो र कसिलो छ । अनुप्रासीय आलङ्कारिक श्रुतिमधुरता, तरलता, सरसता र भाव गाम्भीर्यता मरहट्टाका कविताका भाषाशैली देखा पर्छन् । सफल गद्यकविका रूपमा यस काव्यमा उनको स्थान सुरक्षित छ ।

स्वयं कवि वक्ताको रूपमा प्रस्तुत भएको यस काव्यमा पात्रीय सम्वाद देखा पर्दैन । पात्रको भाषा विचार र हैसियत कवि आफैले व्यक्त गरेकोले प्रगतिशील साहित्य लेखनमा शैली पक्षलाई वास्ता नगरिने सत्य सावित भएको पाइन्छ । अन्धविश्वासप्रतिको विरोध र वैज्ञानिक चेतनाप्रति आकर्षण, नारी मुल्य र अस्मिताको खोजी, एवं समाजवादी यथार्थ मरहट्टाका कविताले समेटेका छन् । कवि मरहट्टाका यस काव्यका कविता विचार पक्ष झैं कला पक्षले कमै सिंगारिएका छन् । सरल भाषाशैली, मुक्त छन्द आनुप्रासिक मधुरता, अन्तरलयको मिठास, अन्त्यानुप्रासको अन्तरसंयोजनले कवितालाई रोचक र आकर्षक बनाएका छन् । उखान टुक्का र सहज सरस झर्रा नेपाली शब्दको प्रयोगले कविता उत्कृष्ट बन्न पुगेको छ । जस्तै :

भावीले ललाटमा जे लेख्यो

तिम्रो हाम्रो भोगाइ त्यही हो ।

(खण्ड - २ पृ.१७)

आगोको अगुल्टो न ठोसे बल्दैन

एउटा ओछ्यानमा सुत्दा गोडा लाग्छ

जोइपोइको झगडा परालको आगो

ढुङ्गाको भर माटो (खण्ड - ५ पृ. ३७)

**४.५.८ वातावरण :**

यस काव्यकी नायिका हरिकलाले भोगको परिस्थिति समकालीन नेपाली समाजमा उदयमान रहेको प्रवृतिहरूको उपज हो । कविले एकातिर पितृसत्तात्मक नेपाली समाजमा नारीले भोग्नु परेको अन्धविश्वास र कुरीतिको प्रतिच्छाया समेटेका छन् भने अर्कातिर माओवादी जनयुद्ध र त्यसबाट आम नेपाली जनमानसमा पारेका प्रभाव अनि शान्तिका नाममा निर्दोष नेपाली जनताले भोग्नु परेको पीडा र अकाल मरणलाई अभिव्यक्त गरेका छन् । वि.सं २०५२ सालबाट सुरू भएको माओवादी जनयुद्धले जन्माएको सामाजिक यथार्थलाई टपक्क टिपेर थपक्क काव्यमा उतार्ने कवि मरहट्टा जनताका साहित्यकार हुन् । जीवन वाहिर रहेर हामी केही सोच्न सक्दैनौं समाज बाहिर हामी बााच्न सक्दैनौं, यही समकालीन सामाजिक यथार्थ प्रस्तुत काव्यमा अभिव्यक्त भएको छ ।

**४.५.९ उद्देश्य :**

उज्यालो जन्मनुअघि (२०६२) कवि मोदनाथ मरहट्टाको सामाजिक, राजनैतिक विषयवस्तुमा आधारित खण्डकाव्य हो । एउटी अबोध नारीले झेल्नु परेको घरयासी समस्या रूढीबादी परम्परा र द्वन्द्वमा फसेका नेपालीहरूले भोग्नु परेको जीवन मरणको यथार्थ प्रस्तुतिलाई यस खण्डकाव्यले सरल र कारूणिक भाषामा अभिव्यक्त गरेको छ । जनयुद्धकालीन नेपाली सामाजिक परिवेश भित्र सिर्जित जटिल समस्यालाई प्रस्तुत गर्दै युगौं देखि महिलाले मान्छेको रूपमा बााच्न नपाएको सत्यलाई केलाउने प्रसङ्गमा प्रस्तुत खण्ड काव्य रचना भएको देखिन्छ ।

**४.५.१० निष्कर्ष :**

वि.सं.२०१२ सालमा गोरखाको हर्मी-६ मा जन्मिएका नेपाली साहित्यका एक साधक मोदनाथ मरहट्टा बहुमुखी प्रतिभासम्पन्न व्यक्तित्व हुन् । सिर्जनाका पानाहरूमा एम् बटुवा, उदय गाउालेका नामले पनि परिचित उनी संख्यात्मक भन्दा गुणत्मक दृष्टिले कविता रचना गर्ने सर्जक हुन् । पेशाले प्राथमिक शिक्षकका रूपमा सेवारत मरहट्टा शिक्षक र साहित्य सर्जकका साथ प्रगतिशील साहित्यलाई सङ्गठित किसिमबाट विकास गर्नुपर्छ भन्ने चिन्तक पनि हुन् । शिक्षण र साहित्यिक सम्लग्नता उनका जीवनमा अभिन्न अङ्ग नै बनेका छन् । अनेकौं सामाजिक सङ्घ संस्थामा आवद्ध भएर आफ्नो जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गराउने उनी ग्रामीण जनजीवनमा हुर्केका निम्न वर्गीय परिवारका सदस्य हुन् । जनदीप, उत्प्रेरणा, शिक्षक बुलेटिन र फूलको डोली जस्ता पत्रपत्रिकाहरूको सम्पादनको जिम्मेबारी र अनुभव उनले लिइसकेका छन् । प्रगतिशील साहित्यिक सभासम्मलेन र अभियान सांस्कृतिक परिवारको गठनमा कवि मोदनाथको अग्रणी भूमिका पाइन्छ । अति सरल मिलनसार मृदुभाषी मरहट्टाको भाव गम्भीरता उत्तिकै प्रवल छ । गहन अध्ययन, तीक्ष्ण प्रतिभा र दीर्घसाधनाको प्रतिफलका रूपमा उनका काव्यहरू दरिएका छन् । उनका कृतिहरूले समकालीन नेपाली सामाजिक कथा व्यथा, राजनैतिक सामाजिक सांस्कृतिक वर्तमान स्थितिले पैदा गरेका वेथिति र विषमता तथा नारी सम्वेदना र नारी मूल्यको खोजी गरेका छन् । उनको काव्यगत मुख्य विशेषता भनेको वर्तमान सामाजिक कूरीति र यथार्थलाई सर्लल्क टिपेर चरित्रको माध्यमबाट सबैले बुझ्ने सरल सरस भाषमा थपक्क राख्नु हो । रोचकता र कौतुहलताका साथ गङ्गाको जल प्रवाह झैं प्रयोग भएका आख्यान वा विषयबस्तुले समकालीन राजनैतिक सामाजिक स्थितिबाट उब्जिएका विकराल परिस्थितिलाई केलाउने प्रयास गरेको छ । युगौं युगदेखि नारी माथि भएको यावत शोषण र उत्पीडनहरू नयाा नयाा रूपरङ्गमा आज पनि विद्यमान छन् । युद्धकालीन नेपाली समाजमा सुरक्षाका ठेकेदारहरू र मुक्तिका खेतालाहरूले शन्ति सुरक्षा र मुक्तिका कुरा जतिसुकै फलाके पनि समाज झन आतङ्कित, त्रस्त र मृतप्राय : छ, जनताका जीवनस्तर गिर्दैछ । यही सामाजिक यथार्थ उनका काव्यको मूल मर्म हो । शैलीपक्षको वेवास्ता र विचार पक्षको सम्मान गर्ने प्रगतिशील साहित्यको प्रभाव कविमा राम्रैसाग

परको छ । उनको भाषा शैली खादिलो र कसिलो छ । द्वन्द्वकालको चपेटामा फसेका कवि मरहट्टाका अन्तरमनका तरेलीहरू अनि समाजका दीन दुःखीका वास्तविक भोगाइहरू उनका काव्यमा देख्न पाइन्छ । साहित्यिक यात्राका प्रथम चरणमा जनयुद्धका अन्धभक्त बन्न पुगेका मरहट्टा उत्तरार्द्ध चरणमा आइपुग्दा यसलाई सामाजिक विसङ्गतिकै रूपमा हेर्छन् । समाज सुधारको चाहना कवि कामना रहेको देखिन्छ । गद्य कविका रूपमा स्थान ओगटेर पनि अन्त्यानुप्रासीय एवं अन्तर-अनुप्रासीय आलङ्कारिक श्रुतिमधुरता तरलता, सरसता र भाव गाम्भीर्यता उनका उच्च काव्यिक सफलता हुन् ।

व्यक्तिगत जीवनका अनेकौं उकाली ओरालीलाई निरन्तरता दिदै साहित्य यात्रामा अनवरत साधनारत काव्यकारका रूपमा उनी स्थापित छन् । नेपाली समाजमा छरिएर रहेका पात्र र तिनका प्रवृत्तिलाई कथानकको सूत्रमा उनेर साहित्यका जिज्ञासु पाठक सामु उनले उपस्थित गराइदिएका छन् । नेपाली गद्य कविताको विकासमा एवं प्रगतिशील साहित्य यात्राको विकासमा उनका काव्यले एउटा थप उचाइ प्राप्त गरको छ । शास्त्रीय काव्यविधान भित्र नसमेटिने यस खण्डकाव्यमा युगौंदेखि राज्य एवं पुरूषसत्ताबाट दबाइएको उत्पीडित नारीको दर्दनाक र हाहाकारमय करूण क्रन्दन अभिव्यक्त छ । यस काव्य मार्फत् कविले आफ्नो नेपाली नवीन काव्यमामान्यतालाई भित्र्याएका छन् । समसामयिक जनयुद्धकालीन नेपाली राजनैतिक सामाजिक यथार्थ भोगाईलाई काव्यको विषयवस्तु बनाएर सरल सुललित भाषाशैलीका साथ मुक्तलयको कविता प्रवाह सलल बगाएर काव्य यात्रामा निरन्तर सक्रिय मरहट्टा नेपाली साहित्यका एक सफल साधक र आशा लाग्दा नवकिरण हुन् ।

# पाचौं परिच्छेद
# मूल्याङ्कन र निष्कर्ष

## ५.१ मूल्याङ्कन

कवि मोदनाथ मरहट्टा वि.सं.२०१२ श्रावण २ गते गोरखा जिल्ला हर्मी गा.वि.स. वडा नं. ६ मा जन्मिएका हुन् । जागिरे कागजमा उनको जन्ममिति २०१४/४/२ रहेको देखिन्छ । कतै कतै 'एम.बटुवा' उदय गाउाले आदि छद्म नामबाट समेत विभिन्न पत्रपत्रिकामा रचना प्रकाशन उनले गरका छन् । 'प्रवासी दाजुलाई चिठी' शीर्षक कविता प्रवासबाट 'नेपाली एकता' वर्ष १ अङ्क ३, २०३७ मा छपाएर मोदनाथ मरहट्टाले साहित्यिक यात्राको थालनी गरेका हुन् । त्यसपछि उनले क्रमशः 'यो चलन फालौं' आदि शीर्षकका जम्मा चारवटा कविता नेपाली एकता मानै छपाए । अनि वि.सं.२०५४ सालसम्म विभिन्न पत्रपत्रिका मार्फत उनले अनगिन्ती सिर्जनाहरू पस्कन थाले । पत्रपत्रिकामा छरिएर रहेको उनको कविताहरूको सागालोको रूपमा 'पाइलाहरू शिखरतिर उकासिंदै गर्दा' ( कविता संग्रह २०५५) देखा परेको हो । यो नै उनको साहित्यिक यात्राको पुस्तकाकार प्रथम प्रंकाशित संग्रह हो । वि.सं. २०५२ सालको जनयुद्धको प्रारम्भ र यसको सेरोफेरो तथा सामाजिक विषयवस्तु समेटिएका उनको यस संग्रहका कविताहरू जनयुद्धका उत्प्रेरक देखा पर्छन् भने कविकै शब्दमा 'भोकविरूद्ध लड्दा नेपाली माटोलाई रगतको दान दिइरहेका साथै मुक्तियुद्धको रगताम्य बाटोबाट यात्रा गरिरहेकालाई समर्पण' यस प्रकाशनमा देखापर्छ ।

प्रकाशनका कोणबाट हेर्दा मोदनाथ मरहट्टा कवि मात्र देखापर्छन् । उनको साहित्यिक यात्राको ठोस उपलब्धि कविता विधा नै देखापर्छ , कविता यात्रामा उनी फुटकर कवितादेखि लिएर खण्डकाव्य आयामसम्म लम्किएका छन् । उनको दोस्रो प्रकाशित पुस्तकाकार कृति 'उज्यालो जन्मनु अघि' (खण्डकाव्य २०६२) हो । यो उनको जनयुद्धको रापलाई नजिकबाट तापिरहेका कविको विसङ्गत मनस्थितिको उपज पनि हो । मूलत मरहट्टा जनयुद्धले जन्माएका कवि हुन् । अंशत : राज्य आतङ्क, पुरूषसत्ता,

अन्धविश्वास, सामाजिक विसङ्गति र क्रान्ति अनि मुक्तिको गीत उनले आफ्नो कवितामा गाएका छन् ।

नेपाली कवितामा महाकवि लक्ष्मीप्रसाद देवकोटाद्धारा स्वचछन्दतावादी भावधाराको उदय भएपछि समाजको पुरातनवादी र यथास्थितिवादी धारणाका विपरीत क्रान्ति र परिवर्तनको अपेक्षा गर्ने व्यङ्ग्यविद्रोहमूलक क्रान्तिचेतले तीव्रता प्राप्त गदर्छ । नेपाली कवितामा देवकोटाद्वारा प्रतिपादित यस धाराको स्वरूप स्वच्छन्दतावादी प्रगतिवादी बन्न पुग्यो । यही स्वछन्दतावादी प्रगतिवादी धारालाई आत्मसात गरी कविता सिर्जना गर्ने कविहरू भूपि शेरचन, हरिभक्त कटुवाल अदिसाग उनको कविता धारामा सामीप्यता देखापर्छ । त्यसकारण कवि तथा साहित्यकार मरहट्टाका रचनाहरूको मूल धरातल निम्न वर्गीय नेपालीहरूको जनजीवन रहेको पाइन्छ । कविका रचनाहरूमा सामाजिक जीवनका कुनै न कुनै मर्म वेदना र कटु वास्तविकताहरूले स्थान पाएका छन् । नेपाली वर्गीय समाजमा व्याप्त आर्थिक राजनैतिक र सामाजिक विसङ्गतिको अभिव्यक्ति उनका रचनाको कथ्य रहेको पाइन्छ । नेपाली निम्नवर्गीय श्रमजीविप्रति सहानुभूति प्रकट गर्दै विद्रोहको स्वर उनी सुसेल्न पुग्छन् । जातीय, आर्थिक असमानताका विरूद्ध सङ्घर्ष गरी कूरीति र शोषणको विरोध गर्दै समाजमा समानता स्वतन्त्रता र बन्धुत्वको भावना जागरण गराउने महान् कार्य उनका कविताहरूले गरेका छन् । वस्तुगत संसारको यथार्थ प्रस्तुति गर्ने महरट्टा सामाजिक यथार्थवादी कवि हुन् । वाङ्मयसेवी मरहट्टाले शिक्षण कार्य र राजनैतिक क्रियाशीलताका साथ सामाजिक विकास र साास्कृतिक आन्दोलनमा पुऱ्याएको योगदान अनुकरणीय छ । समाजमा वर्ग द्वन्द्व चर्काउने र शोषित श्रमिक जनताको न्यायको पक्षमा आवाज धन्काउने क्रान्तिकारी चेत उनमा पाइन्छ ।आफ्ना सिर्जनाका माध्यमाबाट ग्रामीण समाजका विकृति र विसङ्गतिप्रति तीखो वाण प्रहार गरी राज्य आतङ्कको पर्दाफास गर्दै थिचोमिचोमा पिल्सिएका अशिक्षित जनसमुदायलाई चेतनाको जलपले रङ्गाउने व्यक्तित्व हुन् कवि मरहट्टा । उनी जीवनलाई सङ्घर्षमय देख्छन् र सङ्घर्षबाट प्राप्त उपलब्धी सुखद हुने ठान्छन् ।

समतामूलक र मानवीय मूल्यवान् समाजको सिर्जना गर्ने जीवन दर्शन उनका रचनाहरूले अभिव्यक्त गरेका छन् । प्रगतिशील जनवादी साहित्य सर्जकका रूपमा उनको योगदान निकै उपलब्धिपूर्ण देखापर्दछ । सामाजिक यथार्थको प्रस्तुति र प्रगतिवादी स्वर अभिव्यक्त गर्दै समाजपरक दृष्टिकोणकासाथ विद्रोहात्मक एवं परिवर्तनकारी चेतनाको प्रस्तुतिमा नै उनको ध्यान केन्द्रित भएको छ । परम्परित शास्त्रीय शैलीलाई उनले आफ्ना कविता यात्रामा पछ्याएका छैनन् । उनी  मूलत गद्यकवि हुन । तापनि उनका केही कविताले छन्दको लयलाई भने टिपेर बगेका छन् । आफ्नो सहज ढङ्गको स्वच्छन्द प्रस्तुतिलाई उनी सच्चा कविता भन्दछन् । उनका कवितामा भाव र शैलीको परिष्कारधर्मी सन्तुलन भने भएको छैन । विद्रोह, क्रान्ति सङ्घर्ष, प्रगतिशील वैचारिक भावुक वृत्तमा फैलिनु, उनको कविता विचरणको सीमा हो ।

साहित्ययात्राको पूर्वार्द्धमा कवि मरहट्टामा प्रगतिवादी चेतनासागै क्रान्तिकारी धारणा देखा पर्दछ । उनले आफ्नो रचनामा निम्नवर्गीय जनजीवनलाई विशेष महत्व प्रदान गर्दछन् । जनतामा चेतना जगाउने, शोषण रहित समाजको स्थापना गर्ने र जनवादी शासनव्यवस्थाको कामना गर्ने उनको मूलध्येय हो । उच्चवर्गले निम्नवर्गमाथि गरेको थिचोमिचो देखाउादै विपन्नताको चापमा पिल्सिएका र अभावको जिन्दगी बिताउन बाध्य नेपालीहरूको व्यथा चित्रण उनका कविताले गरेका छन् । समाजमा विद्यमान सम्पन्न र विपन्न वर्गबीचको खाडललाई पुर्न क्रान्ति वाहेक अर्को विकल्प नदेख्ने कवि मरहट्टा सर्वसाधारण जनताको वाध्यता, विवशता र दयनीय आर्थिक समस्यालाई निकै चर्को रूपमा प्रस्तुत गर्न पुग्छ ।

गङ्गाको निर्मल जलझै सलल बग्ने उनका कविताहरू सरल, सहज र स्वाभाविक बिम्बका कारण काव्यमय बन्न पुगेका छन् । मानवतावादी चिन्तन पाइने उनका कविताहरू निम्नवर्गीय जनजीवनको दुःख कष्टप्रति सहानुभूति प्रकट गर्दै देखा पर्छन् । शोषित वर्गका पक्षमा वकालत गर्दै उनका कविताले समाजवादी मान्यता वरण गरेका छन् ।

राष्ट्रियताको भावना अभिव्यक्त गर्नु कवि मरहट्टाको साहित्यिक विशेषता देखा पर्छ । युद्धका समयमा वलिदानी गरेका शहीदहरूको स्मरण र उच्च मूल्याङ्कन गरेर उनले देशभक्तिको परिचय दिएका छन् । देश र जनताप्रति अगाध माया ममता देशको न्यायिक अन्धकार समाप्तिको कामना, समाज परिवर्तनको स्वर, भविष्य प्रति सुनौलो बिहानी निम्त्याउन जनचेतना जागरण अभियान फैलाउनु आदि सबै मरहट्टाका काव्यिक विशेषता हुन् ।

शिक्षणमा अनवरत सक्रिय मरहट्टाको साहित्यिक सक्रियता पनि लामो नै छ । विभिन्न पत्रिकाका सम्पादक रहेर उनले भाषा साहित्यको सेवा गरिरहेका छन् । सरल भाषामा सलल वगेका उनका कविताहरू सामाजिक राजनैतिक सांस्कृतिक वैचारिक स्थितिले पैदा गरेका समस्यासाग सम्बन्धित छन् । कवि मरहट्टाका केही कविताहरू जीवन जगतका भोगाइबाट आर्जित अनुभूतिमा  रमाएका छन् । विस्तारै उनका कवितामा भाषिक परिष्कारका साथ व्यङ्ग्य विद्रोह र प्रगतिका स्वच्छन्द अभिव्यक्ति मौलाएका छन् । उनका 'पाइलाहरू शिखरतिर उकासिदै गर्दा (२०५५) कविता संग्रहका कविताले वर्गीय जातीय युद्ध र मुक्तिको स्वर ओकलेका छन् । नेपालका स्वार्थी निरङ्कुश शासक तथा अधिकारी वर्गले दुःखी जनतामाथि चलाएको अमानवीय क्रुर शासनप्रति तीखोव्यङ्ग्य गर्दै उनका कविताले विरोध गरेका छन् । गरिवको सङ्घर्ष र वलीदानीपूर्ण जीवनको स्मरण गर्दै निरङ्कुश दमनसाग शत्तिशाली क्रान्ति जन्मिने उद्घोष उनका कविताले व्यक्त गरेका छन् । झुट्टा आस्वासनले सत्यको खोजी गर्ने र समताको चाहना गर्ने जनतको चैतन्य माथि कसैले दमन गर्न नसक्ने दृष्टिकोण कवि मरहट्टामा छ । सामाजिक यथार्थप्रति व्यङ्ग्य तथा प्रगतिवादी क्रान्तिकारी सन्देश उनका कवितात्मक उपलब्धी हुन् ।

कवि मोदनाथ मरहट्टाका कविताका केही कमजोरी पक्ष पनि छन् । विचार पक्षले खारिएझैं कलापक्षले माझिन र खारिन बााकी नै रहेको देखिन्छ ।

## ५.२ निष्कर्ष :

मोदनाथ मरहट्टाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विषयक प्रस्तुत शोधपत्रको पााच परिच्छेदको निष्कर्ष यहाा प्रस्तुत गरिएको छ ।

वि.सं. २०१२ साल श्रावण दुई गते गण्डकी अञ्चल गोरखा जिल्लाको हर्मी गा.वि.स.६ मा मोदनाथ मरहट्टाको जन्म भएको हो । माता पिताको कुशल संरक्षणमा बाल्यकाल र शिक्षादीक्षा प्राप्त गरेका मरहट्टाले वि.सं. २०३५ सालदेखि हालसम्म शिक्षणमा निरन्तरता दिएका छन् । मरहट्टा भाषासेवी, समाजसेवी, साहित्यसेवी र सम्पादक व्यक्तित्व पनि हुन् ।

घरायसी आर्थिक अभावसाग जुध्दै साहित्यको संसारमा प्रवेश गरेका मरहट्टाको व्यक्तित्व  साहित्यिक र असाहित्यिक गरी दुई भागमा विभाजन गरिएको छ । साहित्यिकमा कविव्यक्तित्व र सम्पादक व्यक्तित्वले उनी परिचित छन् ।

वि.सं. २०३७ सालमा 'प्रवासी दाजुलाई चिठी' शीर्षक कविताबाट साहित्यिक यात्राको आरम्भ गरेका मरहट्टाको सिर्जना यात्रालाई प्रारम्भ देखि वि.सं २०५५ सम्म प्रथम चरण र वि.सं. २०५६ देखि हालसम्म द्वितीय चरण गरी २ खण्डमा विभाजन गरिएको छ । उनको फुटकर रचना र पुस्तकाकार  कविता संग्रह प्रकाशनको समय प्रथम चरण हो भने द्वितीय चरण फुटकर कवितालाई त्यागेर आयाम संरचना विस्तार गरी खण्डकाव्य प्रकाशन गर्ने गुणात्मक चरण हो ।

कविता संग्रंह भित्रका कविताहरूका आधारमा कवि मरहट्टा जनसाहित्यका सर्जक हुन् । मुक्तिगामी वीर योद्धाका गाथा गाउन र नेपाली धर्तीका शोषित पीडित नरनारीका मर्मलाई आफ्ना कवितामा मुखरित गर्न कवि उत्सुक र आतुर छन् । समतामूलक समाज निमार्णको दिशामा सम्पूर्ण श्रमजीवी निमुखा वर्गलाई क्रान्ति र मुक्तिको लागि आह्वान तथा सामाजिक कुसंस्कारको व्यङ्ग्य विरोध मरहट्टाका कवितामा व्यक्त भएका छन् । सरलभाषा र गद्यशैली मरहट्टाको कविता विशेषता ठहर्छ । खण्डकाव्यको विषयवस्तु सामाजिक रहेको छ । खण्डकाव्यमा युगौंदेखि राज्य एवं पुरूषसत्ताबाट दवाइएकी उत्पीडित नारीको दर्दनाक जीवनको हाहाकारमय करूण कहानी छ । यहाा धेरै

आमाहरूले सामन्ती शोषण खपेका छन् । पुरूषसत्ताको लात खपेका छन् । रगतको आसु पिएका छन्, दर्दनाक मृत्युवरण गरेका र छोरा छोरी गुमाइ भोकै नाङ्गै बसेका सामजिक यथार्थको कारूणिक कहानी खण्डकाव्यको विषयवस्तु बनेको छ । खण्डकाव्य सम्बन्धी शास्त्रीय नियमलाई त्यागेर प्रगतिवादी ढााचा प्रस्तुत गरिएको सरल सुवोध यस काव्यमा विचार पक्षझैं शैली पक्ष खारिएको छैन ।

पत्र पत्रिकामा विभिन्न लेख रचनाका साथ एउटा कविता संग्रह र एउटा खण्डकाव्य प्रकाशित गर्ने स्रष्टा मोदनाथ मरहट्टा सामाजिक यथार्थको धरातलमा अडेर प्रगतिवादी क्रान्तिवादी स्वर मुखरित गर्ने, कला भन्दा विचारलाई प्रधानता दिने, निम्नवर्गको एकता र क्रान्तिमा मात्र जनमुक्ति सम्भव देख्ने अनि आफ्ना जनसाहित्यका माध्यमबाट जनचेतना जागरण गरी गाउा बस्ती व्याुझाउने मध्यम स्तरका जाागरिलो साहित्यकार हुन् । प्रगतिशील साहित्यकारको एकतामा जोडदिन र साहित्यिक कार्यक्रममा मेची महाकाली दौडने मरहट्टाको स्वभाव अहिले पनि उत्तिकै निश्छल र सक्रिय छ ।

# सन्दर्भग्रन्थ - सूची


१.. आचार्य कृष्णप्रसाद ,*आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य,* क्षितिज प्रकाशन काठमाडौं ।

२. उपाध्याय केशवप्रसाद *साहित्य प्रकाश* तृ.सं. (काठमाडौं साप्र २०४०) पृ.१५

३. उपाध्याय केशवप्रसाद, *रिमाल व्यक्ति र कृति,* दो.सं. ( काठमाडौं साझा प्रकाशन,२०३२) पृ. ९९

४. उपाध्याय केशवप्रसाद, *मोतीरामको व्यक्तित्व र योगदान,* (मोती स्मृति ग्रन्थ २०३९) ।

५. खनाल ऋषि, *प्रगतिशील साहित्यमा गोरखाको योगदान,* अप्रकाशित शोधपत्र त्रि.वि. २०६२ ।

६. गुप्ता गणपति चन्द्र (सम्पाः) *हजारीप्रसाद द्विवेदीको साहित्यिक मान्यताए* , (चण्डी गढ : भारतेन्दु भवन इ.१९६९) पृ.१८६

७. गौतम देवीप्रसाद, *प्रगतिवाद : परम्परा र मान्यता* (श्रीमती मुना गौतम २०४९) परिशिष्ट - १ 'क'

८. घिमिरे माधव *'कविता तत्व'* कविता (३/३, २०२३ वर्षा) पृ.३४५

९.ढकाल घनश्याम, *यथार्थवादी नेपाली समालोचना,* गण्डकी साहित्य सङ्गम पोखरा, २०६२ पृ.१४०

१०.देवकोटा लक्ष्मीप्रसाद *'लक्ष्मी निबन्ध संग्रह'* आठौं सं. (काठमाडौं सा प्र २०४०) पृ.७८

११. नगेन्द्र (सम्पा :) *भारतीय काव्यशास्त्रीका परम्परा,* काव्यलङ्कार १/१६ (दिल्ली नेशनल पब्लिसिङ् हाउस २०१३) पृ.४१

१२. न्यौपान दैवज्ञराज, *खण्डकाव्यको सैद्धान्तिक परिचय,* वाङ्मय वर्ष १५, पूर्णाङ्क ८ कीर्तिपुर ने.के.वि. २०५५/५६ ।

१३. पोखरेल नारायणप्रसाद *प्रतिविम्ब* प्र.सं २०६५ ।

१४. बन्धु चुडामणि (सम्पा :) *साझा कविता* पाचौं सं. ( काठमाडौं सा.प. २०४९) पृ.३

१५. भट्टराइ गोविन्दप्रसाद, *पूर्वीय काव्य सिद्धान्त* (काठमाडौं ने.रा.प्र.प्र २०३१) पृ.१४

१६. भरतमुनि नाट्यशास्त्र (छैटौं अध्याय पृ.२२७)

१७. मरहट्टा मोदनाथ , *पाइलाहरू शिखरतिर उकार्सिदै गर्दा,* कविता संग्रह, प्रथम संस्करण २०५५ ।

१८. मरहट्टा मोदनाथ *'उज्यालो जन्मनु अघि'* खण्डकाव्य,विवेक सृजनशील प्रकाशन काठमाडौं २०६२ ।

१९. लुइटेल खगेन्द्रप्रसाद, *क्षेत्रप्रताप अधिकारीका काव्य प्रवृत्ति,* (अप्रकाशित एम.ए. शोधपत्र ने.के.वि २०४६) ।

२०. शर्मा कुलचन्द्र, *'भानुभक्त पोखरेल, सिद्धान्त र साहित्य"* विराटनगर २०४८ ।

२१. शर्मा मोहनराज र डा.दयाराम श्रेष्ठ, *नेपाली साहित्यको संक्षिप्त इतिहास,* तृ.स. ( काठमाडौं साझा प्रकाशन २०४६) पृ.३०

२२. श्रेष्ठ दयाराम प्रा.मोहनराज शर्मा *नेपाली साहित्यको इतिहास* चौाथो संस्करण काठमाडौं साझा प्रकाशन २०४९ ।

२३. सम बालकृष्ण, 'मेरो भन्नु' *आगो र पानी* दसौं सं. (काठमाडौं सा.प्र २०४९)

२४. त्रिपाठी वासुदेव, र अन्य (सम्पा :) *नेपाली कविता भाग १* तृ सं.( काठमाण्डौं साझा प्रकाशन २०४६ पृ.१)

२५. त्रिपाठी वासुदेव, (सम्पा) *नेपाली वृहत् शब्दकोश* (काठमाडौं ने.रा.प्र.प्र २०४०) पृ- २१५

२६. त्रिपाठी वासुदेव र अन्य (सम्पा :) *नेपाली कविता भाग ४* दो.सं. ( काठमाडौं साझा प्रकाशन २०४६) पृ. ४१

२७. *'आगन'* नेपाली भाषा शिक्षक समाज, गोरखा अर्धवार्षिक वर्ष१ अङ्क १ भाद्र २०६४।

२८. *'आगन'* नेपाली भाषा शिक्षक समाज, गोरखा अर्धवर्षिक वर्ष २ अङ्क १ फाल्गुण २०६५) ।

२९. *उत्प्रेरणा* मासिक (वर्ष २ संयुक्ताङ्क १०, २०५४ साउन) ।

३०. *फूलको डोली,* वर्ष४, अंक ८, पूणांङ्क ४१ मङ्सिर २०६१ ।